## पहिलो परिच्छेद

# शोध परिचय

### १.१ विषय परिचय

वि.सं. २०११ भदौमा काठमाडौँ जिल्लाको का.म.न.पा. वडा नं. ७ मैजु बहाल, चाबहिलमा जन्मेका देविका तिमिल्सिना नेपाली साहित्यका कथाकार, कवि, निबन्धकार, संस्मरणकार र अन्तर्वार्ताकार हुन् । प्रतिभावान तिमिल्सिनाको काव्य यात्रा २०३० सालमा "सगरमाथा" साप्ताहिकमा प्रकाशित 'खियाऊ हातका नङ्ग्रा' शीर्षकको कविताबाट सुरु भएको हो । उनका दुई कथा सङ्ग्रह **मृत्यु दोस्रो पुस्ताको** (२०४४) र **सीमाहीन सीमा** (२०५१) प्रकाशित छन् । विभिन्न पत्र पत्रिकामा उनका कथा, कविता, निबन्ध, संस्मरण र अन्तर्वार्ताहरू प्रकाशित भएका छन् । यसरी हेर्दा उनका दुई वटा कथा सङ्ग्रह र अनेक फुटकर रचनाहरू प्रकाशित भइ सकेका छन् । उनका कथामा नेपाली समाज र राजनीतिको यथार्थ प्रतिबिम्बन पाइन्छ । कतिपय कथात्मक रचनामा मार्क्सवादी दर्शनको प्रयोग पाइनाले उनी प्रगतिवादी कथाकार हुन् । प्रस्तुत अध्ययन तिमिल्सिनाको जीवनी, व्यक्तित्व र कृतित्वमा केन्द्रित रहेको छ ।

### १.२ समस्या कथन

नेपाली साहित्यमा कथाकार, कवि, निवन्धकार, संस्मरणकार र अन्तर्वार्ताकारका रूपमा स्थापित तिमिल्सिना नेपाली साहित्यको श्रीवृद्धिमा निरन्तर लागि रहेका छन् । यसरी सिर्जनाका विविध पाटालाई अँगालेका तिमिल्सिनाको जीवनी र व्यक्तित्वका साथै योगदानको सामान्य रूपमा सङ्केत गरिएको भए पनि जे जस्तो अवस्थामा अध्ययन विश्लेषण हुनु पर्थ्यो त्यो भएको छैन । त्यसैले तिमिल्सिनाको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा व्यवस्थित अध्ययन नहुनु समस्या हो । प्रस्तुत शोधकार्यमा तिमिल्सिनाका बारेमा निम्न लिखित समस्याहरूसँग सम्बद्ध भएर अध्ययन गरिएको छ :

क) देविका तिमिल्सिनाको जीवनी के कस्तो छ ?

ख) देविका तिमिल्सिनाको व्यक्तित्व के कस्तो छ ?

ग) देविका तिमिल्सिनाका कृतिहरू के कति र के कस्ता छन् ?

उक्त समस्याहरूमा केन्द्रित रही स्पष्ट, यथार्थ, व्यवस्थित, वैज्ञानिक एवम् सत्य तथ्य व्याख्या विश्लेषण प्रस्तुत शोधकार्यमा गरिएको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

शोधकार्यमा सङ्केत गरिएका शोध समस्याहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको उद्देश्य रहने हुनाले प्रस्तुत शोधकार्यको समस्याको सुव्यवस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्या विश्लेषण र त्यसको समाधान के कसरी गर्ने भन्ने कुराको परिधिमा रहेर अध्ययन गर्न र निष्कर्षमा पुग्न निम्न लिखित उद्देश्य रहेका छन् :-

क) देविका तिमिल्सिनाको जीवनीको अध्ययन गर्ने ।

ख) देविका तिमिल्सिनाको व्यक्तित्वको अध्ययन गर्ने ।

ग) देविका तिमिल्सिनाका कृतिहरूको अध्ययन विश्लेषण गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

राजधानी काठमाडौँमा जन्मेर एम. ए. सम्मको औपचारिक शिक्षा हासिल गरेका तिमिल्सिनाको साहित्य लेखनको थालनी वि.सं. २०३० देखि भएको हो । तिमिल्सिना कथाकार, कवि, निबन्धकार, संस्मरणकार, अन्तर्वार्ताकार र सम्पादक पनि हुन् । उनी खास गरी कथाका क्षेत्रमा मौलाएका छन् । तिमिल्सिनाका बारेमा त्यस्तो व्यापक चर्चा नभए पनि विभिन्न व्यक्तिहरूले विभिन्न प्रसङ्गमा चर्चा गरेका छन् । यसै क्रममा तिमिल्सिनाका बारेमा चिनारी, भूमिका र कृति विश्लेषणका केही पूर्वकार्यहरूको विवरण क्रमिक रूपमा विषय र प्रसङ्ग अनुसार तल चर्चा गरिएको छ ।

मञ्जुलले सर्व प्रथम कविका रूपमा देविका तिमिल्सिनाको चर्चा गरेको पाइन्छ । यस क्रममा उनले **लालिमा** (२०३४) को 'लालिमा प्रतिक्रिया' शीर्षकमा **लालिमा** भित्र चर्चित विभिन्न कविहरूको नाम लिई धन्यवाद दिएका छन् र त्यसमा देविका तिमिल्सिनाको नाम पनि उल्लेख गरेका छन् ।

सृष्टि प्रकाशनले **मृत्यु दोस्रो पुस्ताको** (२०४४) को प्रकाशकीय भूमिकामा समाज सापेक्ष समाजका विविध समस्या र प्रसङ्गलाई देविकाका कथाले आफ्ना विषय बनाएका तथा उनको सेवा कथामा मात्र नभई कविता, सम्पादन आदि क्षेत्रले पनि पाएको कुरा उल्लेख गरेको छ ।

सृष्टि प्रकाशनका तर्फबाट **सीमाहीन सीमा** (२०५१) को प्रकाशकीय मन्तव्यमा सङ्घर्षशीलता देविकाका मूल पात्रहरूको चरित्र हो भन्दै खास गरी सहरी निम्न र निम्न मध्यम वर्गको जीवनशैली तथा तिनका गतिविधिको अध्ययन देविकाजीका कथाको मौलिक आचरण हो र त्यसै समूहले भोगि रहेको विपद्ग्रस्त परिस्थिति र जीवनप्रतिको उत्कट मोह प्रायः सबै कथाका विषय बन्न पुगेका छन् भनिएको छ ।

घटराज भट्टराईले **नेपाली लेखक कोश** (२०५६) नामक लक्ष्मी प्रसाद देवकोटा प्रतिष्ठानबाट प्रकाशित पुस्तकमा चाबहिलमा जन्मी उच्च अध्ययन गर्ने तिमिल्सिना प्रगतिशील विचार धाराबाट प्रभावित लेखक हुन् र मूलतः उनी कथाकार हुन् भनेर सामान्य जानकारी दिएका छन् ।

विशालले “कलम” (वर्ष ३, अङ्क १, २०६१) पत्रिकामा ‘सीमाहीन सीमाका सीमा’ शीर्षकको लेखमा देविका तिमिल्सिनालाई प्रगतिशील कथाकार भन्न सकिने स्थिति हराउँदै गएको छ भनेर आफ्नो धारणा राखेका छन् । विशालले यस्तो निष्कर्ष निकाले पनि उनका कतिपय कथामा प्रगतिवादी चिन्तनको राम्रो प्रयोग पाइन्छ ।

यसरी तिमिल्सिनाका बारेमा छिटपुट अध्ययन भए पनि समग्रतामा ती अपूर्ण देखिन्छन् । त्यसैले उनको जीवनी, व्यक्तित्व र कृतिहरूको व्यवस्थित अध्ययन यस शोधपत्रमा गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

तिमिल्सिनाको जीवनी, व्यक्तित्व र कृतित्वको विस्तृत, वैज्ञानिक एवम् व्यवस्थित रूपमा विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिएकाले आउने पिँढीलाई उनका बारेमा तथा उनका कृतित्वका बारेमा वस्तुगत एवम् प्रामाणिक जानकारी यसबाट उपलब्ध हुनेछ । शोधपत्रको अध्ययनबाट उनका बारेमा जान्न इच्छुक व्यक्ति, सङ्घसंस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य प्राप्त हुने भएकाले अनुसन्धानका क्षेत्रमा यसको महत्त्व रहने छ । यसरी नै

नेपाली साहित्यको इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले सहयोग पुऱ्याउने छ । त्यसैले उपर्युक्त दृष्टिकोणले यस शोधपत्रको औचित्य रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

देविका तिमिल्सिनाको जीवनी र व्यक्तित्वका विविध पाटाहरूलाई यस अध्ययनमा समेटिएको छ । कृतित्वको अध्ययन गर्दा ती कृतिहरूलाई तत्त्वगत आधारमा विश्लेषण गरिएको छ । उनका विभिन्न पत्र पत्रिकामा प्रकाशित फुटकर रचनाहरूलाई पनि सकेसम्म अध्ययनको क्षेत्र बनाइएको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रमा विशेष गरी पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ । यसका साथै शोधनायक एवम् उनका आफन्तबाट पनि सामग्री बटुलिएको हुनाले आवश्यकता अनुसार अन्तर्वार्ता विधिको प्रयोग पनि गरिएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्रमा सङ्कलित सामग्रीलाई प्रचलित विधि अनुसार नै प्रयोग गरिएको छ र त्यही आधारमा विश्लेषण गरिएको छ । यस क्रममा वर्णनात्मक/ विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यसका साथै वर्णन र विश्लेषणका निम्ति विधा सिद्धान्तलाई पनि यथोचित रूपमा अँगालिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा तयार पार्न निम्न लिखित परिच्छेदमा वर्गीकरण गरी अध्ययन गरिएको छ :

पहिलो परिच्छेद - शोध परिचय

दोस्रो परिच्छेद - देविका तिमिल्सिनाको जीवनी

तेस्रो परिच्छेद - देविका तिमिल्सिनाको व्यक्तित्व

चौथो परिच्छेद - देविका तिमिल्सिनाका कृतिहरूको विश्लेषण

पाँचौ परिच्छेद - उपसंहार

दोस्रो परिच्छेद

# देविका तिमिल्सिनाको जीवनीको अध्ययन

## २.१ जन्म र जन्मस्थान

देविका तिमिल्सिनाको जन्म मध्य नेपालको बाग्मती अञ्चल काठमाडौँ जिल्ला, काठमाडौँ महानगर पालिका वडा नं. ७ मैजु बहाल, चावहिलमा माता सुभद्रा तिमिल्सिनाको कोखबाट वि.सं. २०११ भाद्र २ गते बुधवारका दिन भएको हो ।[१] उनको न्वारानको नाम चन्द्र तिमिल्सिना हो ।[२] पिता रघु नन्दन तिमिल्सिनाका चार छोरा र दुई छोरीमध्ये देविका तेस्रो सन्तानका रूपमा जन्मेका माहिला छोरा हुन् ।

## २.२ बाल्यकाल

देविका तिमिल्सिनाको बाल्यकाल जन्मस्थान काठमाडौँको चाबहिलमै बितेको थियो । उनी आफ्नो बाल्यकालमा नजिकका छिमेकी दौँतरीहरूसँग सहभागी भई गुलेली गुच्चा जस्ता सामान्य खेलहरू खेल्ने गर्दथे । यसका अतिरिक्त पौडी खेल्नु पनि उनको बाल्यकालीन सोख थियो ।[३] रोगी भएका कारण अभिभावकको निर्देशनमा उनले बाल्यकालीन अवस्था घरैमा बिताए ।

## २.३ उपनयन संस्कार

देविका तिमिल्सिनाको उपनयन वि.सं. २०१७ मा ६ वर्षको उमरेमा वैदिक विधि विधान अनुसार भएको थियो ।[४] परम्परागत रीति अनुसार उनको व्रतबन्ध सम्पन्न भएको हो ।

---

[१] शोध नायकबाट प्राप्त जानकारी ।

[२] ऐजन ।

[३] ऐजन ।

[४] दाजु कालिका प्रसाद तिमिल्सिनाबाट प्राप्त जानकारी ।

## २.४ शिक्षादीक्षा

बाल्यकालमा रोगी भएका कारण देविका तिमिल्सिनाको शिक्षादीक्षाको प्रारम्भ विद्यालयमा नभएर घरमै भएको थियो । उनी पाँच वर्षको भएपछि उनलाई जेठा दाजु कालिका तिमिल्सिनाले अक्षरारम्भ गराएका थिए ।[५]

### २.४.१ विद्यालय शिक्षा

बाल्यावस्थामा शारीरिक रुपमा अस्वस्थ भएका कारणले सुरुमा देविका तिमिल्सिनालाई परिवारका अभिभावकले विद्यालय पठाएनन् । पछि उनकी बहिनी मङ्गला विद्यालयमा पढ्न जान थालेपछि उनी पनि बहिनीसँगै विजय सिंह बर्माले खोलेको श्रम प्राथमिक विद्यालय चाबहिलमा पढ्न जान थाले । उनी त्यस विद्यालयमा कक्षा १ र २ नपढी वि.सं. २०२१ मा एकै चोटी कक्षा ३ मा भर्ना भएका थिए । वि.सं. २०२२ मा आफ्ना पिताको इच्छा अनुसार संस्कृत पाठशाला रानी पोखरीमा भर्ना भएर उनले वेद पढ्न थालेका थिए । रानी पोखरीमा एक वर्ष पढेपछि संस्कृत पढ्न मन नलागी पशुपति मा.वि. चाबहिलमा कक्षा ६ मा भर्ना भएका तिमिल्सिनाले सोही विद्यालयबाट वि.सं. २०३१ मा द्वितीय श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरेका हुन् ।[६]

### २.४.२ उच्च शिक्षा

देविका तिमिल्सिनाले वि.सं. २०३१ मा एस.एल.सी. पास गरेपछि वि.सं. २०३२ मा पाटन संयुक्त क्याम्पसमा आई.ए. मा भर्ना भएर पढ्न थाले भने वि.सं.२०३४ मा सो तह उत्तीर्ण गरे । उनले आफ्नो अध्ययनलाई अगाडि बढाउने क्रममा वि.सं. २०३८ मा त्रिचन्द्र क्याम्पसबाट बी.ए. उत्तीर्ण गरे भने वि.सं. २०४५ मा विश्व विद्यालय क्याम्पस, कीर्तिपुरबाट अर्थशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरे ।[७]

---

[५] शोध नायकबाट प्राप्त जानकारी ।

[६] ऐजन ।

[७] ऐजन ।

यसरी अघि बढेको तिमिल्सिनाको शैक्षिक यात्रा स्नातकोत्तर तहपछि स्थगित छ भने आफ्नो औपचारिक शिक्षापछि उनी विभिन्न गैर सरकारी सङ्घसंस्थामा आबद्ध भएर काम गरि रहेका छन् ।

## २.५ दाम्पत्य जीवन र पारिवारिक स्थिति

### २.५.१ विवाह र सन्तान

देविका तिमिल्सिनाको विवाह वि.सं.२०३८ मङ्सिर महिनामा २७ वर्षको उमेरमा काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. आरुबारी निवासी कृष्ण प्रसाद ढुङ्गानाकी जेठी छोरी मन कुमारी ढुङ्गानासित भएको हो ।[८] तिमिल्सिनाको पूर्ण रूपमा परम्परागत मागी विवाह भएको हो । उनको विवाह गराउनमा साहित्यकार रमेश विकलले लमीको भूमिका निर्बाह गरेका थिए । सुखी दाम्पत्य प्रेममा आबद्ध तिमिल्सिनाका दुई जना छोरा छन् । जेठा छोरा दिवसको जन्म वि.सं. २०३९ मा भएको हो भने कान्छा छोरा मनीषको जन्म वि.सं. २०४१ मा भएको हो ।[९] यिनकी श्रीमती मन कुमारी तिमिल्सिना अरुणोदय मा.वि. आरुबारीमा शिक्षण पेसामा संलग्न छिन् । जेठा छोरा दिवस ब्याचलर अफ फिजियोथेरापी अध्ययन सकेर काममा संलग्न छन् भने कान्छा छोरा मनीष जोन हप्किन्स युनिभर्सिटी स्विडेनमा मास्टर इन इलेक्ट्रिकल इन्जिनियरिङ्गमा अध्ययनरत छन् ।[१०] यसरी देविका तिमिल्सिनाको परिवारिक जीवन सन्तोषजनक देखिन्छ ।

## २.६ आर्थिक अवस्था

निम्न मध्यम परिवारमा जन्मेहुर्केका देविका तिमिल्सिनाले अध्ययनका क्रममा प्रशस्त आर्थिक सङ्कट भोग्नु परेको थियो । अभाव तथा गरिबीका कारणले उनको बाल्यकालीन जीवन सङ्घर्षपूर्ण रहेको थियो । यिनका पिताका ६ जना छोराछोरी भएका कारणले ६ जनालाई जजमानीका भरमा लाउन, खान र शिक्षादीक्षा दिन यिनका पितालाई हम्मेहम्मे नै थियो । आफ्नो विद्यालय तहको अध्ययन सकेपछि तिमिल्सिना प्रमाण पत्र तहमा अध्ययन गर्दागर्दै २०३३ सालमा लोक सेवा

---

[८] ऐजन ।

[९] ऐजन ।

[१०] ऐजन ।

आयोगको परीक्षा पास गरी गोस्वारा हुलाक काठमाडौँमा खरिदार पदमा सरकारी सेवामा प्रवेश गरेका थिए । यसबाट आर्थिक अवस्थामा केही हदसम्म सुधार भएको र उनले आफ्नो अध्ययनलाई अगाडि बढाउन मद्दत पुगेको अनुभव गरे । यसरी उनले आफ्नो काम र पढाइलाई निरन्तरता दिइ रहे ।

यसै गरी तिमिल्सिनाले जागिरका क्रममा २०४५ सालमा नेपाल रेडक्रस सोसाइटीमा प्रोग्राम अफिसर भएर जागिर खाए । यसरी एकपछि अर्को गुजारा चलाउने ढोका खुल्दै गएको र आर्थिक अवस्था अलि सुधिँदै गएको महसुस उनले गरे । हाल तिमिल्सिना मानव अधिकारका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थासँग आबद्ध छन् । यसका अतिरिक्त पुस्तक र पत्र पत्रिका पढ्ने, लेख लेख्ने, विभिन्न साहित्यकारहरूका सिर्जना सङ्कलन गरी सम्पादन गर्ने, सिर्जनात्मक कार्य गर्ने जस्ता कार्यमा संलग्न भई उनले समय व्यतीत गरि रहेका छन् ।[११] हाल उनीसँग काठमाडौँको जोरपाटीमा एउटा सानो घर छ ।

यसरी समग्रमा हेर्दा उनको प्रारम्भिक जीवन आर्थिक सङ्कटमा गुज्रिए पनि हाल उनको आर्थिक अवस्था मध्यम स्तरको रहेको देखिन्छ ।

## २.७ बसोबास र आजीविका

हरेक मानिसका आआफ्ना इच्छा आकाङ्क्षा हुन्छन् । मानिसहरू आआफ्ना रुचि, बाध्यता वा परिस्थिति अनुसार विभिन्न स्थानमा बसाइँ सर्ने र बसोबास गर्ने गर्दछन् । देविका तिमिल्सिनाका बाबु रघु नन्दन तिमिल्सिना पनि वि.सं. १९९२ देखि पुर्ख्यौली थलो नुवाकोट छाडेर चाबहिल काठमाडौं आएका थिए । जीविकोपार्जनको सिलसिलामा वि.सं. १९९२ मा नुवाकोटबाट काठमाडौँ भित्रिएका रघु नन्दन तिमिल्सिनाले पैत्रिक सम्पत्ति बेचबिखन गरी चाबहिलमा एउटा सानो घर जोडेका थिए ।[१२] यसै गरी आफ्नो सन्तानको पालन पोषणका लागि कर्मकाण्डी पेसा अँगालेका थिए । देविका तिमिल्सिनाले आफ्नो विद्यालयको शिक्षा पुरा गरी उच्च शिक्षा अध्ययन गर्दादेखि नै जागिर

[११] ऐजन ।

[१२] ऐजन ।

खाने क्रम चलेकाले उनको जीवन सहज तरिकाले नै बितेको देखिन्छ । उनका सबै दाजुभाइ मिली पैत्रिक सम्पत्तिको रूपमा चाबहिलमा रहेको घर वि.सं.२०६४ मा बेचबिखन गरी अंशबन्डा गर्नुका साथै सो ठाउँ छाडी अन्यत्र बसोबास गरि रहेका छन् ।[१३] हाल यिनका सबै दाजुभाइ र दिदी बहिनीहरू काठमाडौँकै विभिन्न स्थानमा स्थायी रूपमा बसोबास गरि रहेका छन् । पैत्रिक सम्पत्ति खासै नभएका तिमिल्सिनाले जीवनमा आय आर्जन गर्न धेरै सङ्घर्ष गर्नु पऱ्यो । गोस्वारा हुलाकको खरिदार पदमा कार्यरत रहँदै पढाइलाई निरन्तरता दिइ रहेका तिमिल्सिनाले आई.ए. हुँदै स्नातकोत्तर तहसम्मको अध्ययन पुरा गरेपछि २०४५ सालदेखि २०५१ सालसम्म नेपाल रेडक्रस सोसाइटीको प्रोग्राम अफिसर भई काम गरे भने वि.सं. २०५१ देखि वि.सं. २०५९ सम्म अनौपचारिक सेवा केन्द्र (इन्सेक) को प्रोग्राम डाइरेक्टर भई काम गरेका थिए ।[१४] विश्व विद्यालय प्रवेश गरेसँगै सरकारी र गैर सरकारी सङ्घसंस्थामा आबद्ध भई काम गरेका तिमिल्सिना हाल मानव अधिकार सञ्चार प्रतिष्ठानका कार्यकारी निर्देशक छन् ।

## २.८ भ्रमण

मानव अधिकारका क्षेत्रमा कार्यरत गैर सरकारी सङ्घसंस्थामा आबद्ध भई काम गरेका तिमिल्सिनाले संस्थाको कामको सिलसिलमा नेपाल राज्यका सोलुखुम्बु र मनाङ बाहेकका ७३ जिल्लाको भ्रमण गरेका छन् भने संस्थाको काम र विभिन्न साहित्यिक सभा समारोहमा भाग लिने क्रममा भारतका अधिकांश राज्य, डेनमार्क, थाइल्यान्ड, फिलिपिन्स, श्रीलङ्का, बङ्गलादेश, फ्रान्स र जर्मनीको भ्रमण गरेका छन् ।[१५] विदेश भ्रमणका क्रममा तिमिल्सिनाले आफू पुगेका विभिन्न देशका धर्म, संस्कृति, सभ्यता आदि कुराको ज्ञान हासिल गर्ने अवसर पनि प्राप्त गरेका छन् ।

## २.९ रुचि तथा स्वभाव

दिनको सङ्केत बिहानीले गर्छ भने झैं मानिसको प्रकृति र स्वभाव उसका हरेक क्रिया कलाप र आचरणमा प्रतिविम्बित भएको हुन्छ । स्वतन्त्रता र मानवताका पक्षपाती देविका

---

[१३] ऐजन ।

[१४] ऐजन ।

[१५] ऐजन ।

तिमिल्सिनाको स्वभाव अत्यन्तै मिलनसार, सहयोगी तथा इमानदार प्रकृतिको छ । जीवनको प्रारम्भिक अवस्थादेखि नै पढाइ लेखाइप्रति रुचि भएका तिमिल्सिनाको प्रमुख क्षेत्र अहिले साहित्य साधना र समाज सेवा रहेको छ ।[१६] यिनको विशेष रुचि साहित्य सिर्जनामा देखिन्छ ।

समाजका प्रतिष्ठित विद्वान् एवम् साहित्यकारहरूसँग सङ्गत गर्न रुचाउने तिमिल्सिना थिचोमिचो र उत्पीडनमा परेका दीनदुःखीहरूलाई पनि उत्तिकै माया गर्छन् ।[१७] निश्छल र निष्कपट एवम् सँधै हँसिलो मुद्रामा देखिने तिमिल्सिनाको स्वभावमा सरलता पाइन्छ । यिनको घरको वातावरण र सजावटमा पनि सरलता पाइन्छ ।

## २.१० सम्मान तथा पुरस्कार

देविका तिमिल्सिनाले नेपाली साहित्य र समाज सेवाका क्षेत्रमा ठुलो योगदान गरेका छन् । यिनी पुरस्कार र मान सम्मानभन्दा पनि साहित्यले समाज रूपान्तरण गर्न सहयोग पुऱ्याउनु पर्ने कुरामा जोड दिन्छन् । देविका तिमिल्सिनाले हालसम्म साहित्यका क्षेत्रमा कुनै पुरस्कार नपाए पनि वि.सं. २०५० सालमा देशका विभिन्न भागमा गएको बाढी पहिरोका पीडितहरूलाई राहत सामग्री वितरण गरे बापत उनी तत्कालीन सरकारबाट 'दैवी प्रकोप पीडित उद्धार सेवा' बाट विभूषित[१८] भएका छन् ।

यसरी खासै ठुलो पुरस्कार नपाए पनि तिमिल्सिनाले विभिन्न साहित्यिक सङ्घ संस्था र गैर सरकारी संस्थाहरूमा कतै अध्यक्ष, कतै सदस्य त कतै सल्लाहकार भएर काम गरेका छन् ।

## २.११ लेखन

### २.११.१ लेखनका लागि प्रेरणा र प्रभाव

देविका तिमिल्सिना विद्यार्थी जीवनदेखि नै लेखन क्षेत्रमा विशेष अभिरुचि राख्दथे । विद्यालयमा हुने विभिन्न साहित्यिक कार्यक्रमहरू र विभिन्न साहित्यिक पत्र पत्रिका मार्फत साहित्य सिर्जनातर्फ

[१६] ऐजन ।

[१७] ऐजन ।

[१८] शोध नायककी श्रीमती मन कुमारी तिमिल्सिनाबाट प्राप्त जानकारी ।

उनी आकर्षित भएका हुन् । २०३० सालमा “सगरमाथा” साप्ताहिकमा ‘खियाऊ हातका नङ्ग्रा’ फुटकर कविता छापिएपछि यिनी साहित्य सिर्जनातर्फ अग्रसर भएका हुन् । यिनको प्रथम प्रकाशित कथा ‘चाहना’ हो । सो कथा २०३२ सालमा “तन्नेरी” साहित्यिक पत्रिकामा प्रकाशित भएको थियो ।[१९]

नेपाली भाषा र साहित्यलाई केही दिनु पर्छ भन्ने विचार बोकेका तिमिल्सिना विद्यालयमा पढ्दादेखि नै साहित्यप्रति विशेष अभिरुचि राख्दथे । उनी विद्यालयमा पढाउने गुरु साहित्यकार कृष्ण प्रसाद सर्वहाराले साहित्यिक क्षेत्रमा कलम चलाउन गरेको आग्रहबाट लेखन क्षेत्रमा लागेका हुन् । त्यसै गरी उनले रमेश विकल, पारिजात, मञ्जुल लगायतका साहित्यकारहरूका प्रेरणा र हौसलाले साहित्य सिर्जनालाई निरन्तरता दिएका हुन् ।

यसरी साहित्यका क्षेत्रमा प्रवेश गरेपछि विभिन्न साहित्यिक सङ्घसंस्थामा आबद्ध हुँदै यिनी नेपाली साहित्यमा आफ्नो दरिलो उपस्थिति जनाउन सफल भएका हुन् । विभिन्न साहित्यकारसँगको सम्पर्कबाट प्रभाव ग्रहण गर्दै तिमिल्सिना समसामयिक युगका एक कुशल स्रष्टाका रूपमा उदाएका छन् । उनले जागिर खाने र पढ्ने क्रममा विभिन्न साहित्यकारहरूसँग परिचत हुने अवसर पाए । यसले उनलाई साहित्यका क्षेत्रमा लाग्न उत्प्रेरित गऱ्यो । तिमिल्सिनाले आफ्ना समकालीन साहित्यकारहरू शार्दूल भट्टराई, शुकदेव नेपाल ‘अग्निशिखा’ लगायतसँग लेखन कार्यमा सक्रियता देखाएको देखिन्छ । उनी नेपाली समाज र राजनीतिमा रहेका विकृति र विसङ्गतिलाई आफ्नो सिर्जनाको विषय बनाउँछन् । साहित्यले समाज सुधार गर्नु पर्ने धारणा राख्ने तिमिल्सिना आफ्ना सिर्जनामा विकृति, विसङ्गति, अन्याय र अत्याचारप्रति रोष प्रकट गर्दछन् । समानता, स्वतन्त्रता र मानवताका पक्षपाती तिमिल्सिनालाई लेखनमा प्रेरणा दिने मूलभूत विषय तत्कालीन सामाजिक परिवेश, साहित्यप्रतिको झुकाब र साहित्यकारहरूसँगको सम्पर्क हो ।

---

[१९] शोध नायकबाट प्राप्त जानकारी अनुसार ।

### २.११.२ लेखन कार्य

बाल्यावस्थादेखि नै काठमाडौँको साहित्यिक परिवेशसँग परिचित तिमिल्सिनाले युवा अवस्थामा पुग्दा विभिन्न साहित्यकारहरूसँग घुलमिल हुने अवसर प्राप्त गरेका थिए । रमेश विकल, पारिजात, मञ्जुल जस्ता साहित्कारहरूसँगको संसर्गबाट साहित्यिक वातावरण पाएका तिमिल्सिना आधुनिक कथा साहित्यका क्षेत्रमा परिचित छन् । यिनले विभिन्न पत्र पत्रिकाहरूमा फुटकर रचना र दुई वटा कथा सङ्ग्रह **मृत्यु दोस्रो पुस्ताको** (२०४४) र **सीमाहीन सीमा** (२०५१) प्रकाशित गरी नेपाली साहित्यको भण्डारलाई समृद्ध बनाउन सहयोग पुऱ्याएका छन् । उनले नेपाली साहित्यको भण्डारलाई फराकिलो बनाउने क्रममा सिर्जना मात्र नगरी सम्पादन र सङ्कलन जस्ता कार्य पनि गरेका छन् । उनी समाज र राष्ट्रलाई आफ्नो सिर्जनाको केन्द्र बनाउँछन् । वि.सं.२०३० सालमा “सगरमाथा” पत्रिकामा फुटकर रूपमा प्रकाशित भएको ‘खियाऊ हातका नङ्ग्रा’ कविताबाट सुरु भएको उनको साहित्यिक यात्रा आरोह अवरोहका साथ हालसम्म जारी छ ।

साहित्य लेखनमा प्रेरित भएका तिमिल्सिनाले विभिन्न साहित्यकारहरूबाट प्रभाव ग्रहण गर्दै साहित्यका कथा र कविता विधाको लेखनमा कलम चलाएका छन् । यसै गरी तिमिल्सिनाले “उत्साह” र “हल्कारा” पत्रिकाको समपादन गरेका छन् भने मानव अधिकार सम्बन्धी पुस्तकहरूको लेखन र सम्पादन पनि गरेका छन् ।

### २.११.३ उपनाम राख्नुको कारण

पञ्चायती शासन व्यवस्थाको चकचकी भएको तत्कालीन समय साहित्य सिर्जनाका लागि अनुकूल थिएन । तत्कालीन निरङ्कुश शासन व्यवस्थाको विरोध साहित्यकारहरूले आफ्ना सिर्जना मार्फत गर्न थाले । वास्तविक नामले साहित्य सिर्जना गर्दा प्रशासनको तारो भइने हुनाले उपनाम राखेर लेख्ने लहर चल्न थाल्यो । देविका तिमिल्सिना पनि सोही समयका सर्जक भएकाले सिर्जनामा

आफूलाई चिन्तित, अणु, चन्द्र जस्ता उपनामले चिनाउन थाले ।[२०] यसरी तिमिल्सिनाले उपनाम राख्नुमा तत्कालीन निरङ्कुश शासन व्यवस्था कारणको रूपमा देखिन्छ ।

## २.१२ सुखदुःखका क्षणहरू

सुखदुःख जीवनको उकाली ओरालीमा अनुभव गरिने चिज हुन् । तिमिल्सिनाले जीवनका विभिन्न कालखण्डमा विभिन्न दुःखकष्टहरू व्यतीत गरेका छन् । घरको आर्थिक अवस्था कमजोर भएकाले उनले विद्यार्थी जीवनमा अध्ययनका लागि निकै सङ्घर्ष गर्नु परेको थियो । यसबाट जीवन एउटा सङ्घर्ष हो, कुनै काममा लाग्दा आउने बाधाहरूलाई अविचलित भएर सामना गर्नुपर्छ भन्ने उनलाई लाग्यो । २०४० सालमा आफ्ना पिताजीको निधनले उनलाई दुःखी बनाएको पाइन्छ । आफूलाई जन्म दिएर हुर्काउने आमाले यिनलाई वि.सं. २०५७ मा सदाका निम्ति छाडेर गइन् । यो तिमिल्सिनाको जीवनको सबैभन्दा दुःखको क्षण हो ।[२१] तिमिल्सिनाले जस्तासुकै दुःखद क्षणहरू जीवनमा आइ परे तापनि ती दुःखद क्षणहरूलाई आत्मसात् गर्दै जीवन अगाडि बढाएको पाइन्छ ।

जीवनमा सुखहरू कामको हरेक सफलतामा अनुभूत हुने गर्दछन् । तिमिल्सिना वि.सं. २०३१ मा एस.एल.सी. पास हुँदा धेरै खुसी भएका थिए ।[२२] घरको आर्थिक अवस्था कमजोर भएका बखत २०३३ सालमा लोक सेवा आयोगको परीक्षा पास गरी खरिदार पदमा नाम निस्कँदा पनि यिनी धेरै खुसी भएका थिए ।[२३]

## २.१३ जीवन दर्शन

संसारमा हरेक मानिसका आआफ्ना जीवन दृष्टि रहेका हुन्छन् । आफूले जिउने जीवनमा जे जस्ता अनुभव सङ्गालिएका हुन्छन् र जीवनलाई यस्तै बनाउने भन्ने परिकल्पना गरिएको हुन्छ, सोही अनुसारको मार्ग दर्शनलाई नै जीवन दर्शन भनिन्छ । जीवन जिउने प्रत्येक व्यक्तिका आआफ्नै

[२०] ऐजन ।

[२१] ऐजन ।

[२२] ऐजन ।

[२३] ऐजन ।

तरिका हुन्छन् । कसैको जीवनमा सुखैसुख छाएको हुन्छ भने कसैको जीवनमा दुःख भरिएको हुन्छ । कसैले सुख र दुःखलाई सँगसँगै लिएर हिँडेका हुन्छन् । यसरी जीवनमा सुखदुःख क्रमशः आइ रहन्छन् । देविका तिमिल्सिना सुखमा नमात्तिने र दुःखमा नआत्तिने खालका व्यक्ति हुन् । मानिस सामाजिक प्राणी हो । समाजमा बाँच्नका लागि मानिसले जस्तोसुकै कठिनाइ पनि खेप्नु पर्दछ  र सङ्घर्ष गर्नु पर्दछ भन्ने धारणा उनी राख्दछन् । मानिस आफ्ना लागि मात्र बाँचेर हुँदैन, मानव कल्याणका लागि पनि केही भलो हुने काम गर्न सक्नु पर्छ भन्ने विचार उनमा रहेको छ । जीवनका हरेक क्षणमा आफ्नो आत्मिक प्रभाव मात्र नपरी सामाजिक परिवेशको प्रभाव पनि उत्तिकै पर्दछ भन्ने दृष्टिकोण तिमिल्सिनाको छ ।

देविका तिमिल्सिना मानवतालाई सबभन्दा ठुलो धर्म मान्दछन् । विभिन्न संस्कृति, भाषा, साहित्य, ज्ञान विज्ञान, मानवतावादी चिन्तन आदिले मानिसको जीवनलाई पूर्णता प्रदान गर्ने कुरामा उनी विश्वास राख्दछन् । जीवन मानिसको अविरल सङ्घर्ष हो । अविरल बहाव हो । जीवनमा कतै छाल उर्लन्छ त कतै चट्टान पहरासँग ठोकिन्छ जिन्दगी तर पनि निरन्तर बगि रहन्छ नदी नाला जस्तै भएर ।[२४] यसरी उनको जीवन जगत् सम्बन्धी उपर्युक्त धारणा र दृष्टिकोणलाई हेर्दा उनी आदर्श समाजसेवी व्यक्तिका रूपमा देखा पर्दछन् । उनी जीवनमा सधैं क्रियाशील र सहयोगी बन्नु पर्छ भन्ने मान्यता राख्छन् । यिनै मान्यताहरूकै सामीप्यमा जीवनलाई चलाउनु पर्छ भन्ने तिमिल्सिनाको जीवन दर्शन रहेको छ ।

[२४] ऐजन ।

तेस्रो परिच्छेद

# देविका तिमिल्सिनाको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

व्यक्तिका व्यक्तित्वका विभिन्न पाटाहरू हुन्छन् । व्यक्तिको शारीरिक अवस्थादेखि उसले जीवनमा गरेका विभिन्न कार्यले व्यक्तित्वको निर्माण गरेको पाइन्छ । त्यसैले शारीरिक गठनदेखि लिएर व्यक्तिभित्र निहित प्रतिभालाई व्यक्तित्वका रूपमा लिइन्छ । प्रत्येक व्यक्तिको व्यक्तित्व निर्माणमा वंशानुगत गुण, स्थानीय वातावरण, शिक्षा आदि जस्ता कुराले प्रभाव पार्दछन् ।

## ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

कुनै पनि मानिसको जीवन भोगाइमा आउने विविध घटना, जीवनका चाप प्रतिचाप आरोह अवरोह, घात प्रतिघात र क्रिया प्रतिक्रियाले व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । यसका अतिरिक्त व्यक्तित्व निर्माणमा ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक रुचि, पेसा र शिक्षादीक्षा आदिले पनि उल्लेखनीय सहयोग पुऱ्याएका हुन्छन् । यिनै परिवेशबाट निर्माण भएको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा विभक्त गरेर हेर्न सकिन्छ । व्यक्तिको निजी व्यवहारसँग सम्बद्ध कुरालाई निजी व्यक्तित्व भनिन्छ । निजी व्यक्तित्वलाई पनि आन्तरिक र बाह्य गरी दुई भागमा बाँडेर व्यक्तिको शारीरिक बनावट, आकार प्रकार र त्यसभित्र निहित शील, स्वभाव र आचरणलाई अध्ययन गर्न सकिन्छ । सार्वजनिक व्यक्तित्वले समाज अनुरूप चलेर समाजका निम्ति विभिन्न कार्य गर्नुलाई बुझाउँछ । साहित्यका सन्दर्भमा सार्वजनिक व्यक्तित्वलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

साहित्यका कथा, कविता, निबन्ध, नाटक, समालोचना आदि विधामा जुन भूमिका वा योगदान हुन्छ त्यो साहित्यिक व्यक्तित्व हो । साहित्यसँग सम्बद्ध नरहेर समाजमा जुन सामाजिक कार्य गरिन्छ त्यसलाई साहित्येतर व्यक्तित्वभित्र राखेर हेर्न सकिन्छ ।

देविका लिमिल्सिना नेपाली साहित्यका एक सिर्जनशील व्यक्तित्व हुन् । उनले साहित्य सिर्जना तथा सामाजिक कार्यका विभिन्न क्षेत्रमा क्रियाशील रहेर आफ्नो व्यक्तित्वको निर्माण गरेको पाइन्छ । तिमिल्सिनाको विभिन्न व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा बाँडेर तिनलाई विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी तल छुट्टाछुट्टै अध्ययन गरिएको  छ ।

### ३.२.१ निजी व्यक्तित्व

प्रत्येक व्यक्तिको निजी व्यवहारसँग सम्बन्धित व्यक्तित्व नै निजी व्यक्तित्व हो । सार्वजनिक व्यक्तित्व बुझ्नका लागि पनि निजी व्यक्तित्वको पहिचान हुन आवश्यक छ  किनकि व्यक्तिको नितान्त निजी व्यक्तित्व सामाजिक व्यक्तित्वको कण कणमा बगेको हुन्छ । निजी व्यक्तित्वमा अन्तर्निहित हुने आन्तरिक तथा बाह्य पक्षको यथार्थ रूपमा सही ज्ञानका लागि व्यक्तिको बाह्य आकार प्रकार र उसको शील स्वभाव, आचरण र प्रवृत्तिका आधारमा अवलोकन गर्न उपयुक्त हुने भएकाले यहाँ पनि सोही अनुसार हेर्ने प्रयास गरिएको छ ।

#### ३.२.१.१ बाह्य व्यक्तित्व : शारीरिक आकार प्रकार

देविका तिमिल्सिना शारीरिक रूपमा मझौला नेपाली कदका छन् । पाँच फिट तिन इन्च उचाइ भएका तिमिल्सिना हाल ५७ वर्षका छन् ।[२५] मझौला शारीरिक बनोट, गहुँगोरो  वर्ण र हँसिलो अनुहारले उनमा आकर्षण थपेका छन् । सँधैं सफा सुग्घर भएर बस्ने तिमिल्सिनामा सरलता पाइन्छ । सधैं जोस र जाँगर भएका तिमिल्सिनाको बाह्य व्यक्तित्व आकर्षक किसिमको छ । उनी मिठो बोल्छन् र नरम स्वभावका छन् ।

#### ३.२.१.२ आन्तरिक व्यक्तित्व : शील स्वभाव, आचरण र प्रवृत्ति

देविका तिमिल्सिना शारीरिक रूपमा मझौला कदका देखिए तापनि व्यक्तित्वका हिसाबले प्रखर छन् । उनी सबैसँग समान व्यवहार गर्दछन् । पक्षपात रहित स्पष्ट कुरा गर्न मन पराउने तिमिल्सिना पक्षपात रहित भएर अगाडि बढ्नुमा नै जीवनको सार्थकता  देख्दछन् । यसरी सरल

---

[२५] शोध नायकबाट प्राप्त जानकारी ।

स्वभाव भएका तिमिल्सिनामा नम्रता पाइन्छ । जोसुकैसँग पनि घुलमिल हुन सक्ने यिनको खुबीका कारण एक पटक यिनको सम्पर्कमा आएको व्यक्तिलाई आफ्नो छाप छाड्न यिनी सफल हुन्छन् । यसरी सबै राम्रा गुणले युक्त देविका लिमिल्सिना आफूलाई चित्त नबुझेको कुरामा भने झडङ्ग रिसाउँछन् ।[२६] उनी कल्पनाशील, अध्ययनशील र भ्रमणशील पनि छन् । उनी खानामा मासुभात बढी मन पराउँछन् ।[२७] बाल्यावस्थामा रोगी भए पनि हाल स्वस्थकर जीवन व्यतीत गरि रहेका तिमिल्सिना समाजमा रहेका कुरीति र कुसंस्कारमाथि सिर्जना मार्फत तीव्र प्रहार गर्छन् ।

### ३.२.२ सार्वजनिक व्यक्तित्व

मानिस समाजको अभिन्न अङ्ग भएकाले ऊ समाजबाट अलग्गिएर बस्न सक्दैन । समाज अनुरूप चलेर समाजले थाहा पाएर वा नपाएर पनि नौलोपन दिने असाधारण व्यक्तित्व सार्वजनिक वा सामाजिक व्यक्तित्व हो । मानिस सामाजिक प्राणी भएकाले उसको व्यवहार पनि समाज अनुरूप नै हुन्छ । यसरी सबै मानिसका अघि देखिएका र सबैका सामु गरिएको व्यवहार नै सामाजिक व्यक्तित्व हो । यसले समाजलाई कुनै न कुनै प्रभाव पारेको हुन्छ । साहित्यकारको सामाजिक व्यक्तित्वमा अन्तर्निहित कुरालाई साहित्यिक र साहित्येतर व्यक्तित्व गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ ।

#### ३.२.२.१ साहित्यिक व्यक्तित्व

देविका तिमिल्सिनाले आफ्नो जीवन भोगाइका ५७ औं वसन्त पार गरेर यहाँसम्म आइपुग्दा आफ्नै प्रकारको विशिष्ट व्यक्तित्व कायम गरेका छन् । उनका साहित्यिक व्यक्तित्वभित्रका पाटाहरूलाई छुट्टाछुट्टै अध्ययन गरी प्रस्तुत गरिएको छ :

[२६] शोध नायककी श्रीमती मन कुमारी तिमिल्सिनाबाट प्राप्त जानकारी ।

[२७] ऐजन ।

### ३.२.२.१.१ कथाकार व्यक्तित्व

नेपाली साहित्यका क्षेत्रमा देविका तिमिल्सिना मूलतः कथाकार हुन् । २०३२ सालमा ‘‘तन्नेरी’’ साहित्यिक पत्रिकामा ‘चाहना’ शीर्षकको कथा प्रकाशित गरेर कथा लेखनमा अघि बढेका तिमिल्सिनाका **मृत्यु दोस्रो पुस्ताको** (२०४४) र **सीमाहीन सीमा** (२०५१) कथा सङ्ग्रह प्रकाशित छन् भने “मुक्ति मोर्चा”, “परिमार्जन”, “जनघोषणा”, “शब्द संयोजन”, “विपुल” लगायतका पत्र पत्रिकामा फुटकर रूपमा कथाहरू प्रकाशित छन् । यिनै दुई वटा सङ्ग्रह र अन्य फुटकर कथाहरूबाट तिमिल्सिनाको कथाकार व्यक्तित्व प्रस्टिन्छ ।

उनका कथामा समाजमा पछि पारिएका शोषित, पीडित, निर्धा, निमुखा र अशिक्षित जनताले भोग्नु परेका पीडाको प्रकटीकरण पाइन्छ । विकृत राजनीति, भ्रष्टाचार, अनियमितता र महिलामाथिको दुर्व्यवहार आदि जस्ता कुराहरूलाई उजिल्याउनु पनि यिनका कथाको महत्वपूर्ण विशेषता हो । तिमिल्सिनाका कथाहरूमा वर्गीय चेतना सबल रूपमा देखाइएको हुन्छ । यसर्थ उनका कथामा प्रगतिवादी चिन्तन पाइन्छ । त्यस्तै पात्रहरू समकालीन परिवेशबाट लिइनु, ग्रामीण र सहरिया जन जीवन तथा सरल भाषाशैली आदि कथागत प्रवृत्ति उनमा पाइन्छ । प्रायः छोटा छोटा कथा लेख्ने तिमिल्सिनाले आफ्ना कथाहरूमा आर्थिक असमानता र त्यसबाट सृजित विभेदप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

### ३.२.२.१.२ कवि व्यक्तित्व

विद्यालयमा पढ्दादेखि नै साहित्यप्रति झुकाब राख्ने देविका तिमिल्सिनाले साहित्य सिर्जनाको आरम्भ कविता विधाबाट गरेका हुन् । वि.सं. २०३० सालमा ‘‘सगरमाथा’’ साप्ताहिकमा ‘खियाऊ हातका नङ्ग्रा’ शीर्षकको फुटकर कविता छापिएपछि औपचारिक रूपमा यिनी कविता लेखनतर्फ अग्रसर भएका हुन् तर हालसम्म यिनका कविताहरू सङ्ग्रहका रूपमा आएका छैनन् । सरल र सरस शब्दहरू प्रयोग गरी कविता रच्ने तिमिल्सिनाका कवितामा युगीन जटिलता, सामाजिक विसङ्गति, विकृत राजनीति आदिप्रति व्यङ्ग्य पाइन्छ । यिनको कवि व्यक्तित्वलाई चिनाउने कविताहरू सबै

फुटकर रूपमा “सगरमाथा”, “वन्दना”, “जन एकता’, “सगरदीप” आदि पत्रिकाहरूमा रहेका पाइन्छन् । यिनै फुटकर कविताबाट तिमिल्सिनाको कवि व्यक्तित्वको परिचय पाउन सकिन्छ ।

विभिन्न साहित्यिक सङ्घसंस्थासँग आबद्ध तिमिल्सिनाका कवितामा आफू बाँचेको समय र त्यसको विवशता, त्यस समयका विकृति, विसङ्गति, भ्रष्टाचार, अनियमितता, आदिप्रति विद्रोही चेत पाइन्छ भने कविता पनि सरल छन् ।

### ३.२.२.१.३ संस्मरणकार व्यक्तित्व

देविका तिमिल्सिनाले संस्मरणात्मक ढाँचामा निबन्ध रचना गरेका छन् । उनले ‘पारिजात दिदीसँगका क्षणहरू’ र ‘बुढो हुने रहर नपुग्दै’ शीर्षकका संस्मरणात्मक लेखहरू लेखेका छन् । यीमध्ये पहिलोमा साहित्यकार पारिजातसँगका घटना र उनका कतिपय जीवन सन्दर्भलाई संस्मरणात्मक रूपमा व्यक्त गरिएको छ । यसै गरी दोस्रोमा साहित्यकार अग्निशिखाको जीवनी र केही घटनालाई संस्मरणात्मक प्रारूप दिइएको छ । यसरी उनले उक्त दुई वटा संस्मरणहरू लेखेका छन् । यिनमा उनका स्वकीय र परकीय अनुभूतिले संस्मरणको स्वरूप प्राप्त गरेको पाइन्छ ।

### ३.२.२.१.४ निबन्धकार व्यक्तित्व

नेपाली साहित्यका क्षेत्रमा देविका तिमिल्सिना कथाकार, कवि र सम्पादकका अतिरिक्त निबन्धकार पनि हुन् । साहित्य साधनामा तल्लीन तिमिल्सिनाको निबन्ध ‘कुन दर्जाको मान्छे हो’ “उत्साह” (वर्ष २०, पूर्णाङ्क ५३, २०५४) साहित्यिक पत्रिकामा प्रकाशित छ । यही एउटा निबन्धका आधारमा देविका तिमिल्सिना निबन्धकार व्यक्तित्वका रूपमा चिनिएका छन् । यस निबन्धमा नेपाली राजनीतिमा अड्डा जमाएर बसेका नेता र सांसदका गलत आचरणलाई मुख्य विषय वस्तु वनाइएको छ । देशलाई नाङ्गेझार बनाउने, पजेरो र डलरमा रमाउने आजका नेताहरूका गलत काम गराइ र निम्न वर्गीय मानिसहरू उठ्नै नसक्ने गरी थिचिएको विषयलाई तिमिल्सिनाले यस निबन्धमा प्रकट गरेका छन् ।

### ३.२.२.१.५ सम्पादक व्यक्तित्व

समाचार पत्र पत्रिका, पुस्तक आदिलाई प्रकाशनका लागि उपयुक्त बनाउन काम गर्ने व्यक्तिलाई सम्पादक भनिन्छ ।[२८] तत्कालीन सर्जकहरूका कथा रहेको **नौलो प्रभात** कथा सङ्ग्रह ( २०३३) को सम्पादन गरेर सम्पादनको क्षेत्रमा लागेका तिमिल्सिनाले विभिन्न पुस्तक तथा पत्र पत्रिकाको सम्पादन गरेका छन् । यिनको सम्पादक व्यक्तित्वलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा बाँडेर अध्ययन गर्न सकिन्छ ।

### ३.२.२.१.५.१ साहित्यिक पुस्तक तथा पत्र पत्रिकाको सम्पादन

तत्कालीन सर्जकहरूका कथा रहेको **नौलो प्रभात** कथा सङ्ग्रह (२०३३) को सम्पादन गरेर सम्पादनका क्षेत्रमा प्रवेश गरेका तिमिल्सिनाले विभिन्न साहित्यकारहरूको संयुक्त कविता सङ्ग्रह **लालिमा** (२०३४) तथा **मृत्यु दोस्रो पुस्ताको** (२०४४) र **सीमाहीन सीमा** (२०५१) कथा सङ्ग्रहको रचना र सम्पादन गरेका छन् । यसै गरी वि.सं. २०३५ देखि वि.सं. २०५६ सम्म "उत्साह" साहित्यिक पत्रिका र वि.सं. २०३७-३८ मा "हल्कारा" साहित्यिक पत्रिकाको पनि उनले सम्पादन गरेका छन् ।

### ३.२.२.१.५.२ साहित्येतर पुस्तक तथा पत्र पत्रिकाको सम्पादन

मानव अधिकार संस्थासँग आबद्ध तिमिल्सिनाले साहित्येतर पुस्तक तथा पत्र पत्रिकाको पनि सम्पादन गरेका छन् । मानव अधिकार तथा न्यायका क्षेत्रमा लामो समयदेखि काम गर्दै आएका तिमिल्सिनाले आफूले काम गर्ने क्षेत्रसँग सम्बधित विभिन्न पुस्तक तथा पत्र पत्रिकाको लेखन र सम्पादन गरेका छन् । उनले सम्पादन गरेका पुस्तक तथा पत्र पत्रिकाको सूची निम्नानुसार छ :

- सशस्त्र द्वन्द्वको समयमा बाल अधिकारको रक्षा र सुरक्षा निकायको भूमिका (२०६१)
- संविधान सभामा मानव अधिकारका सबालहरू (२०६४)
- संविधान सभा निर्वाचन सचेतना पुस्तिका (२०६४)

---

[२८] हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई,(सम्पा.) **प्रयोगात्मक नेपाली शब्द कोश** दो.सं., (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ. ९८२ ।

- राजनीतिमा महिलाको समानुपातिक सहभागिता र महिला अधिकार (२०६५)
- अल्पसंख्यक अधिकार तथा वकालत सिपहरू (२०६३)
- 'जनसेवा' नेपाल रेडक्रस सोसाइटी चाबहिल उपशाखाको मुखपत्र (२०६७)

यसरी विभिन्न साहित्यिक र साहित्येतर पुस्तक तथा पत्र पत्रिकाको सम्पादन गरेका तिमिल्सिनाको व्यक्तित्वको एउटा पाटो सम्पादक व्यक्तित्व पनि हो ।

### ३.२.२.१.६ अन्तर्वार्ताकार व्यक्तित्व

देविका तिमिल्सिनाको सम्पादनमा निस्केको "उत्साह" पत्रिकाले विचार सम्प्रेषणका लागि लोकप्रिय विधा अन्तर्वार्तालाई पूर्णाङ्क १० देखि प्रस्तुत गरेको देखिन्छ । "उत्साह"को पूर्णाङ्क ५५ मा देविका तिमिल्सिनाले साहित्यकार रमेश विकलसँग लिइएको अन्तर्वार्ता प्रस्तुत गरेका छन् । "उत्साह"कै पूर्णाङ्क ५६ मा देविका तिमिल्सिनाले आनन्द देव भट्टसँग लिएको अन्तर्वार्ता प्रस्तुत गरिएको छ । अन्तर्वार्ताका क्रममा तिमिल्सिनाले विकलसँग ३१ वटा र भट्टसँग १९ वटा प्रश्नहरू सोधेका छन् । विकलसँग जीवनसँग सम्बन्धित कुराहरू बढी सोधिएका छन् भने भट्टसँग साहित्य र जीवनसँग सम्बन्धित प्रश्नहरू सोधिएका छन् ।

यसरी साहित्यकारहरूसँग साहित्य र जीवन सम्बन्धी अन्तर्वार्ता लिई प्रकाशित गर्ने तिमिल्सिनाको व्यक्तित्व अन्तर्वार्ताकारका रूपमा पनि रहेको देखिन्छ ।

### ३.२.२.२ साहित्येतर व्यक्तित्व

देविका तिमिल्सिनाले साहित्यका क्षेत्रमा मात्र नभएर अन्य क्षेत्रमा पनि उत्तिकै कार्यहरू गरेका छन् । यिनका साहित्येतर व्यक्तित्वका पाटाहरूलाई यसरी प्रस्तुत गरिएको छ ।

### ३.२.२.२.१ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकाले ऊ स्वभावैले समाज सुधारतर्फ अग्रसर हुन्छ । चाबहिलको एक निम्न मध्यम वर्गीय ब्राह्मण परिवारमा जन्मेका देविका तिमिल्सिना विद्यार्थी जीवनदेखि नै

समाज सेवाप्रति समर्पित थिए । नेपाल रेडक्रस सोसाइटी र प्रगतिशील लेखक सङ्घमा आबद्ध भएर तिमिल्सिनाले सामाजिक व्यक्तित्वको परिचय दिएका छन् । नेपाल रेडक्रस सोसाइटी जस्तो पवित्र सामाजिक संस्थाका आजीवन सदस्य तथा रेडक्रस उपशाखा चाबहिलका उपसभापति (२०६० देखि हालसम्म) भएर काम गरि रहेका तिमिल्सिनाले प्रगतिशील लेखक सङ्घमा २०४० देखि आबद्ध हुँदै जनताका पक्षमा कलम चलाइ रहेका छन् । उनका यिनै कार्यहरू उनलाई सामाजिक व्यक्तित्वका रूपमा चिनाउन सफल भएका छन् ।

### ३.२.२.२.२ जागिरे व्यक्तित्व

देविका तिमिल्सिनाले २०३१ सालमा एस. एल.सी. पास गरेर आई. ए. पढ्दादेखि नै विभिन्न सरकारी तथा गैर सरकारी सङ्घसंस्थामा आबद्ध भई काम गरेका छन् । उनले सर्व प्रथम लोक सेवा आयोगको परीक्षा पास गरी २०३३ सालमा गोस्वारा हुलाक काठमाडौंमा खरिदार भई सरकारी जागिर खाएका हुन् । यसै गरी जागिर खाने क्रममा वि.सं.२०४५ असोजदेखि २०५१ कार्तिकसम्म नेपाल रेडक्रस सोसाइटीको प्रोग्राम अफिसर, २०५१ मङ्सिरदेखि २०५९ मङ्सिरसम्म अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को प्रोग्राम डाइरेक्टर, २०५९ माघदेखि २०६१ सम्म हाम्रो अभियान नामक गैर सरकारी संस्थाको उपाध्यक्ष, २०६२ देखि २०६६ सम्म हाम्रो अभियानको अध्यक्ष र २०६७ कार्तिकदेखि मानव अधिकार तथा न्याय मञ्च, काठमाडौँको जिल्ला अध्यक्ष भई काम गरेका तिमिल्सिना हाल मानव अधिकार सञ्चार प्रतिष्ठानका कार्यकारी निर्देशक छन् ।

### ३.२.२.२.३ बहुभाषी व्यक्तित्व

नेपाली मातृभाषा भएका देविका तिमिल्सिना नेपाली भाषाका अतिरिक्त नेवारी, हिन्दी र अङ्ग्रेजी भाषा धारा प्रवाह लेख्न र बोल्न सक्छन् । नेवारी समुदायको बाहुल्य रहेको काठमाडौं उपत्यकाको चाबहिलमा जन्मिएका तिमिल्सिनाले केटाकेटी अवस्थामै साथीभाइसँग हाँसखेल गर्दागर्दै नेवारी भाषा जानेका हुन् । युवा अवस्थामा पुगेपछि हिन्दी साहित्यको अध्ययन गर्न र हिन्दी चलचित्र हेर्न थालेपछि यिनले हिन्दी भाषाको ज्ञान हासिल गरेका हुन् । त्यसै गरी विद्यालयमा औपचारिक रूपमा अङ्ग्रेजी विषयको अध्ययन गर्दागर्दै उनले अङ्ग्रेजी भाषाको ज्ञान पनि हासिल गरेका हुन् ।

विभिन्न कामको सिलसिलामा लामो समयसम्म भारतका सम्पूर्ण राज्यको भ्रमण गरेका कारण तिमिल्सिनाको हिन्दी भाषाको ज्ञानमा वृद्धि भएको पाइन्छ । यसै गरी आफू काम गर्ने संस्थाको कामको सिलसिलामा र साहित्यिक सभा समारोहमा भाग लिने क्रममा यिनले विभिन्न देशको भ्रमण गरेका कारण यिनको अङ्ग्रेजी भाषाको ज्ञान अभिवृद्धि भएको पाइन्छ ।[२९]

### ३.२.२.२.४ राजनीतिक व्यक्तित्व

निम्न मध्यम वर्गीय परिवारमा जन्मेका तिमिल्सिनाको वाल्यावस्था अभावैअभावमा गुज्रिएको थियो । यिनी युवा अवस्थामा पुगेपछि वर्गीय असमानता अन्त्य गर्ने र श्रमिक मजदुर जस्ता निम्न वर्गीय जनताको पक्षमा आबाज उठाउने कम्युनिस्ट विचारप्रति आकर्षित हुन पुगे । त्रिचन्द्र कलेजको विद्यार्थी हुँदा वि.सं.२०३५ मा नेकपा चौमको विद्यार्थी सङ्गठन युवक विद्यार्थी सङ्गठनमा आबद्ध भएर काम गरेका तिमिल्सिनाले वि.सं.२०५३ मा नेपाल कम्युनिस्ट पार्टी (एमाले)को सङ्गठित सदस्यता लिएका हुन् ।[३०] लामो समयदेखि कम्युनिस्ट राजनीतिप्रति प्रत्यक्ष अप्रत्यक्ष संलग्न भएका तिमिल्सिना हाल नेकपा (एमाले) पेसागत उपत्यका बुद्धिजीवी कमिटी अन्तर्गत गैर सरकारी शाखा कार्य समिति सदस्य छन् ।

यसरी हेर्दा तिमिल्सिनाको राजनीतिक जीवन कम्युनिस्ट पार्टीसँग आबद्ध रहेको देखिन्छ ।

### ३.२.२.२.५ मिलनसार व्यक्तित्व

देविका तिमिल्सिना पोखरीको पानी झैं जमेर रहन मन नपराउने हुँदा बालक कालदेखि नै आफ्नो टोल वरपरका साथीभाइहरूसँग रमाउने गर्दथे । सबै उमेर समूहका व्यक्तिसँग घुलमिल हुने र साथीभाइमा सक्रिय रूपमा लागि पर्ने बानी उनको थियो । मिठो बोलीचाली भएकाले उनलाई मन नपराउने व्यक्ति कमै हुन्थे । सबै उमेरका मानिससँग साथीकैं व्यवहार गर्न सक्नु उनको विशेषता

[२९] शोध नायकबाट प्राप्त जानकारी ।

[३०] ऐजन ।

भनौं या खुबी हो ।[३१] नव प्रतिभाहरूसँग न्यानो र मिठो व्यवहारका साथमा प्रस्तुत भएर प्रेरणा प्रदान गर्ने र नव लेखकहरूलाई उनीहरूले लेखेका रचनाहरू परिष्कृत बनाउन सहयोग र सल्लाह दिने उनको कहिल्यै बिर्सन नसकिने गुण हो । सामग्री अभावको स्थितिमा समेत आफूसँग भएका हरेक सामग्री उपलब्ध गराएर सहयोग गर्ने गर्दा उनको सहयोग कसैले पनि सजिलै बिर्सन सक्दैनन् ।

साहित्यमा कलम चलाउन खोज्ने जोसुकै नव प्रतिभालाई समेत हौसला दिइ रहने खालको स्वभाव देविका तिमिल्सिनामा पाइन्छ । कविता र कथाका क्षेत्रमा स्थापित व्यक्तिहरू समेत उनीसँग सल्लाह र सुझाबका लागि आइ रहन्छन् । उनको व्यवहारले गर्दा आफूभन्दा ठुलो, बुढो र वरिष्ठ कथाकारको छेउमा बसेको भान उनीसँग बस्ता हुँदैन, मानौँ त्यहाँ साथीत्वको बोध हुन्छ ।

## ३.२.३ जीवनी, व्यक्तित्व र कृतित्वका बिच अन्तःसम्बन्ध

देविका तिमिल्सिनाको अहिलेसम्मको लगभग ६ दशक लामो उमेरले सामाजिक र राजनीतिक एवम् राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशलाई भोग्दै आएको देखिन्छ । निम्न मध्यम वर्गीय परिवारमा जन्मेहुर्केका उनले वाल्यावस्थादेखि नै शिक्षादीक्षा आर्जन गर्ने क्रममा विभिन्न बाधा अवरोधहरू बेहोर्नु परेको थियो । सामाजिक सेवाका क्षेत्रमा अनुभव बटुल्ने तिमिल्सिना नेपाली जन जीवनका विविध परिवेशमध्ये साहित्यिक वातावरणबाट विशेष प्रभावित देखिन्छन् । साहित्यप्रतिको यही झुकाबले उनी कथाकार, कवि, सम्पादक आदि व्यक्तित्वका रूपमा चिनिएका छन् ।

उदार भावना एवम् सहृदयी लेखक देविका तिमिल्सिनाको व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये कथाकार, कवि र सम्पादक व्यक्तित्व नै सर्वोच्च स्थानामा रहेको छ । आफ्नो जीवन भोगाइका क्रममा देख्नु र सहनु परेका सामाजिक, सांस्कृतिक अन्याय अत्याचारप्रति उनको लेखक व्यक्तित्व अग्रसर रहेको पाइन्छ । उनका रचनामा राष्ट्रियता, देशप्रेम, मनोविज्ञान आदिसँग सम्बन्धित कुराहरू

---

[३१] शोध नायकका दाजु कालिका प्रसाद तिमिल्सिनाबाट प्राप्त जानकारी ।

पनि पाइन्छन् । विभिन्न भाषामा लेखिएका अग्रज साहित्यकारहरूका कृति मार्फत प्रोत्साहन, जीवनका मोड उपमोड, उतार चढाउ र देश विदेशका भ्रमणमा देखा परेका विविध विषय वस्तु नै उनको प्रेरक तत्त्व बनेका छन् । अग्रज साहित्यकारहरू रमेश विकल, पारिजात, मञ्जुल आदिप्रति उनी श्रद्धा प्रकट गर्दछन् ।

काठमाडौँका बासिन्दा देविका तिमिल्सिना काठमाडौँको सहरी परिवेश र ग्रामीण परिवेश एवम् देशको आर्थिक राजनीतिक र सामाजिक परिवेशलाई हेरी साहित्य सिर्जना गर्दछन् । उनी देश र जनताले भोगेका र अनुभव गरेका कुरालाई आफ्ना रचनामा समावेश गर्दछन् ।

चौथो परिच्छेद

# देविका तिमिल्सिनाको कृतित्वको अध्ययन

साहित्यकार देविका तिमिल्सिनाले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । उनका दुई वटा कथा सङ्ग्रह **मृत्यु दोस्रो पुस्ताको** (२०४४) र **सीमाहीन सीमा** (२०५१) प्रकाशित छन् भने विभिन्न पत्र पत्रिकामा फुटकर रूपमा कथा, कविता, निवन्ध, संस्मरण र अन्तर्वार्ताहरू प्रकाशित छन् । त्यस्ता फुटकर रचनाको सूची निम्नानुसार प्रस्तुत गरिएको छः

## पत्र पत्रिकाहरूमा प्रकाशित फुटकर रचनाहरूको सूची

### कविता

| क.सं. | शीर्षक | पत्रिका | सम्पादक | वर्ष | अङ्क | पूर्णाङ्क | पृष्ठ | साल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | खियाऊ हातका नङ्ग्रा | सगरमाथा | – | – | – | – | – | २०३० | अप्राप्त |
| २ | ऊ बोल्छ | लालिमा | देविका तिमिल्सिना | – | – | – | – | २०३४ | अप्राप्त |
| ३ | मान्छे अर्थात् जनता | वन्दना | हरि प्रसाद शर्मा | ११ | ३ | – | ४९ | २०४९ | |
| ४ | अझै रात असुरक्षित छ | सगरदीप | देवी गौतम र अन्य | ६ | ३ | – | २-३ | २०५० | |
| ५ | कसको कविता सुनाऊँ | वेदना | निनु चापागाईं | २१ | २ | – | ७ | २०५१ | |
| ६ | दोहन जारी छ | नौलो कोसेली | दुर्गालाल श्रेष्ठ | - | – | – | | २०५१ | |
| ७ | काम र कर्तुतहरू | जनएकता | | | | | ४ | २०५४ | |

**तालिका सङ्ख्या - १**

## कथा

| क्र.सं. | शीर्षक | पत्रिका | सम्पादक | वर्ष | अङ्क | पूर्णाङ्क | पृष्ठ | साल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | चाहना | तन्नेरी | – | – | – | – | – | २०३२ | अप्राप्त |
| २ | आगो | विपुल | राज कुमार के.सी. | – | – | ५ | ६१-६६ | २०५२ | |
| ३ | बुद्धि | जनघोषणा | राजेन्द्र गौतम | १ | १ | – | ३२-३३ | २०५१ | |
| ४ | सम्बन्ध | परिमार्जन | माधव ढुङ्गेल र अन्य | ६ | १० | – | ३९-४१ | २०५६ | |
| ५ | उमा | मुक्तिमोर्चा | प्रदीप नेपाल | २७ | १६ | – | ५०-५२ | २०५७ | |
| ६ | मूल्यहीन अस्मिता | शब्द संयोजन | आर.एम. डङ्गोल | १ | ७ | – | १७-२० | २०६१ | |

**तालिका सङ्ख्या - २**

## संस्मरण

| क्र.सं. | शीर्षक | विधा | पत्रिका | सम्पादक | वर्ष | अङ्क | पूर्णाङ्क | पृष्ठ | साल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पारिजात दिदीसँगका क्षणहरू | संस्मरण | पारिजात स्मृति ग्रन्थ | निनु चापागाइँ र खगेन्द्र संग्रौला | – | – | – | ७२–७५ | २०५१ | |
| २ | बुढो हुने रहर नपुग्दै | ” | शब्द संयोजन | आर.एम. डंगोल | ५ | १० | – | ६७–६८ | २०६५ | |

**तालिका सङ्ख्या - ३**

### निबन्ध

| क्र.सं. | शीर्षक | विधा | पत्रिका | सम्पादक | वर्ष | अङ्क | पूर्णाङ्क | पृष्ठ | साल |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कुन दर्जाको मान्छे हो | निवन्ध | उत्साह | दैविका तिमिल्सिना | २० | – | ५३ | ३४–३५ | २०५४ |

**तालिका सङ्ख्या - ४**

### अन्तर्वार्ता

| क्र.सं. | शीर्षक | विधा | पत्रिका | सम्पादक | वर्ष | अङ्क | पूर्णाङ्क | पृष्ठ | साल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रमेश विकलसँग | अन्तर्वार्ता | उत्साह | देविका तिमिल्सिना | २२ | – | ५५ | ३९ | २०५६ | |
| २ | आनन्द देव भट्टसँग | ” | ” | देविका तिमिल्सिना | २२ | – | ५६ | ४२ | २०५६ | |

**तालिका सङ्ख्या - ५**

यस प्रकारका उनका सङ्गृहीत र फुटकर रचनाहरूलाई निम्नानुसार विश्लेषण गरिन्छ :

## ४.१ 'मृत्यु दोस्रो पुस्ताको' कथा सङ्ग्रहका कथाहरूको विश्लेषण

प्रस्तुत कथा सङ्ग्रह देविका तिमिल्सिनाको पहिलो कथा सङ्ग्रह हो । सृष्टि प्रकाशन काठमाडौँबाट वि.सं. २०४४ मा प्रकाशित यस सङ्ग्रहमा दश वटा कथाहरू रहेका छन् । यसमा समाविष्ट कथाहरू आर्थिक, सामाजिक र राजनीतिक विषय वस्तुमा आधारित छन् । यिनमा तिमिल्सिनाले राजनीतिक विकृति, आर्थिक अनियमितता र सामाजिक विभेदतालाई कथात्मक स्वरूप प्रदान गरेका छन् । कतिपय सामाजिक र आर्थिक विषय रहेका कथामा उनले मार्क्सवादी दर्शनको

प्रयोग गरेका कारण यस्ता कथाहरू प्रगतिवादी वैचारिक धरातलमा आधारित देखिन्छन् । यस समाविष्ट कथाहरूलाई कथातात्त्विक आधारमा यहाँ क्रमिक रूपमा विश्लेषण गरिएको छ ।

## ४.१.१ 'फेरि उही संघार' कथाको विश्लेषण

### कथानक

यस कथामा सामाजिक परिवेशमा आधारित नारी पीडालाई मुख्य विषय वस्तु स्वीकार गरिएको छ । नेपाली समाजमा पुरुषको हैकमवादी सोच, जँड्याहा दुर्वृत्ति, ललाइ फकाइ जस्ता प्रताडनाका सिकार भएका नारीका घरायसी पीडाहरूलाई कथावस्तुको स्वरूप दिई यस कथाको सिर्जना गरिएको पाइन्छ । यो कथा यथार्थवादी हुँदाहुँदै त्यसमा चित्रित पात्रपात्राहरू यथास्थितिवादी मानसिकताको बन्धनमा बाँचेका पाइन्छन् ।[३२] यसर्थ प्रस्तुत कथाको कथावस्तुको स्रोत नेपाली समाज रहेको देखिन्छ ।

कथामा घटनाहरूको शृङ्खलाबद्ध योजनालाई अथवा अभिरेखा ढाँचालाई कथानक भनिन्छ ।[३३] 'फेरि उही संघार' कथामा रैखिक कथानकको ढाँचा अँगालिएको छ । यसमा निम्न मध्यम वर्गीय परिवारको पुरुषोत्तम नाम गरेको व्यक्ति जँड्याहा वृत्तिमा लागेको छ । ऊ सधैँ जाँड खाएर घरमा आई श्रीमती शान्तालाई तथानाम गाली गर्दछ । ऊ जाँड खाएर भट्टीवाल्नीसँग सधैँ मोजमस्ती गर्ने गर्दछ । भट्टीवाल्नीलाई पैसा खुवाएर उसको शरीरमाथि खुला रूपमा आनन्द लुट्दै आएको पुरुषोत्तम आफ्नी पत्नीलाई नाठासँग सुतेको झुटा आरोप लगाउँदछ । जाडो महिनाको रातमा घरमा आई पत्नीसँग एकोहोरो जाइ लाग्ने पुरुषोत्तम पत्नीलाई कुटपिट गर्न पनि पछि पर्दैन । जाँडका नसाले उन्मत्त भएको ऊ घरमा कोही नाठो रहेको भ्रमित आशङ्काले ईर्ष्यालु बन्दछ । घरका सरसमान फुटाउँदै तथानाम भतभताउँदै ऊ नाठाको खोजीमा लागि रहन्छ । भट्टीवाल्नीले आफूलाई खुला रूपमा भोग्न दिएको व्यवहारले ऊ आफ्नी पत्नीमाथि त्यतिकै शङ्का गरि रहन्छ । पत्नी शान्ता इज्जतको भयले पतिलाई थुमथुम्याउन बाध्य बन्दछे । उसले पतिका विरुद्ध कुनै आबाज नउठाई सुत्न आग्रह  गर्दछे । यसको उल्टो पति पुरुषोत्तम बौलाहा जस्तो भएर नाठासँग सुतेको आरोप

---

[३२] आनन्द देव भट्ट , भूमिका, **मृत्यु दोस्रो पुस्ताको** (काठमाडौँ : सृष्टि प्रकाशन, २०४४) पृ.ख ।

[३३] मोहन राज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (काठमाडौँ : नेराप्रप्र, २०५५) पृ.३८४ ।

लगाउँदै पत्नीलाई निर्घात कुटपिट गर्दछ । ऊ दुध चुसि रहेको बालकको बेवास्ता गर्दै पत्नीमाथि अपशब्द बोलेर सन्तुष्ट हुन्छ ।

भोलिपल्ट बिहान रक्सीको नसाबाट मुक्त भएको पुरुषोत्तम मायालु बोलीद्वारा पत्नीसँग माफी माग्दछ । ऊ आफू कृतघ्न व्यवहार गरेकामा लज्जाशील बन्दछ । अबदेखि जाँड नखाने, समयमै घर आउने र पत्नीलाई माया गर्ने अठोटका साथ ऊ अफिस जान्छ । शान्ता भने पतिको आश्वासनमा मक्ख बन्दछे । ऊ पुरुषोत्तमका कलुषित आचरणप्रति कुनै शङ्का गर्दिन । ऊ पति सुध्रिएकामा मक्ख पर्दछे तर राति घर फर्किएको पुरुषोत्तम पुनः जाँडको नसामा भट्टीवाल्नीसँग गलत वृत्ति गरेर उस्तै हिंस्रक भई फर्कन्छ । ऊ पहिलेकै जस्तो नाठो खेलाउने, रन्डी जस्ता अपाच्य गाली गर्दै पत्नीलाई कुटपिट गर्दछ । पुनः भोलिपल्ट उस्तै क्रमले पत्नीसँग माफी माग्दछ । शान्ता पनि कुनै आशङ्का नगरी ढुक्क हुन्छे ।

यसरी पुरुषोत्तमले प्रताडना र मायाको दोहोरो चक्रमा पारेर पत्नी शान्तालाई पीडित बनाएको छ । उसको नारी सुलभ प्रवृत्तिको फाइदा उठाई मनपरी गर्दै पुरुषोत्तम आफ्ना घृणित वृत्तिलाई उन्मत्त भएर ओकल्दछ । यसर्थ उसको सुध्रने कुनै अवस्था देखिँदैन । पुरुषोत्तमको जँड्याहा दुर्वृत्तिलाई र शान्ताको सहनशील नारी स्वभावलाई प्रतिनिधिमूलक घटना चयन गरी नेपाली समाजको घरायसी महिला हिंसाको कथानकलाई यसमा खुलस्त गरिएको देखिन्छ । त्यस कारण यसमा पुरुषोत्तमका जँड्याहा र अहम् वृत्ति एवम् महिलाको सहनशील, क्षमाशील र भावुक चरित्रलाई एकै पटक प्रकट गरिएको देखिन्छ । यस कथाको कथानकले यस प्रकारको हिंसात्मक वृत्ति कसरी अन्त्य हुन्छ भन्ने समाधान नखोजी पुनः आवृत्ति भइ रहने समस्यालाई देखाएको छ ।

यस कथाको कथानक शान्ता र पुरुषोत्तमसँग सम्बन्धित भएर अगाडि बढेको छ । पुरुषोत्तमले जाँड खाएर आई श्रीमती शान्तालाई भट्टीवाल्नीसँग तुलना गर्दै पिट्नु कथाको आदि भाग हो भने पुरुषोत्तम आफूले गल्ती गरेकामा पश्चात्ताप गर्दै शान्तासँग भोलिदेखि बानी सुधार्ने प्रण गर्नु र शान्ताले विश्वास गर्नुसम्मका घटना कथाको मध्यभाग अन्तर्गत पर्दछन् । पति पुरुषोत्तमले आफ्नो बानी नसुधारी जाँड खाएर निरन्तर घटना दोहोऱ्याइ रहनाले शान्तामा आएको नैराश्य कथाको अन्त्य भाग हो ।

यस कथामा आन्तरिक र बाह्य दुबै प्रकारका द्वन्द्व प्रकट भएका छन् । आन्तरिक द्वन्द्वमा मान्छेको मनभित्र हुने द्वन्द्व पर्दछ जसलाई मनोद्वन्द्व पनि भनिन्छ । बाह्य द्वन्द्वमा मानिस र मानिसका बिच, मानिस र समाजका बिच, समाज र समाजका बिच भएका द्वन्द्वहरू पर्दछन् ।[३४] पुरुषोत्तमको जँड्याहा वृत्तिका कारण शान्ताले कुटाइ खानु परेको अवस्था यहाँ बाह्य द्वन्द्वका रूपमा देखिन्छ । कथामा यही बाह्य द्वन्द्वले उत्कर्ष रूप लिएको छ । मातेको पतिका कारण छिमेकमा नराम्रो होला कि भन्ने शान्ताका मनमा र उन्मत्त भएर नाठोका आरोपमा पत्नीलाई एकोहोरो गाली गर्ने पुरुषोत्तमका मनमा आन्तरिक द्वन्द्व देखिन्छ । यसै गरी पुरुषोत्तमको जँड्याहा वृत्तिले शान्ताको जीवनमा कस्तो असर पार्ला, कुटपिटको कारणले शान्ताको के गति होला तथा सुध्रन्छु भनी वाचा गर्ने पुरुषोत्तमका भावी व्यवहार कस्ता रहलान् जस्ता कुतूहल यस कथामा पाइन्छन् ।

## चरित्र चित्रण

कथामा पाइने ती व्यक्तिहरूलाई चरित्र वा पात्र मानिन्छ; जो नैतिकता र अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् ।[३५] प्रस्तुत कथामा प्रयुक्त पात्रहरूको सङ्ख्या थोरै रहेको छ । यस कथामा आएका पात्रहरू शान्ता, पुरुषोत्तम, भट्टीवाल्नी, पुरुषोत्तमको छोरो आदि हुन् । यहाँ पात्रहरूलाई पात्र बुनोटका आधारमा चरित्र चित्रण गरिएको छ । कथामा पात्र वा चरित्रको व्यक्तित्व निर्माणलाई पात्र बुनोट भनिन्छ । यसैलाई चरित्र चित्रण भन्ने चलन छ ।[३६]

शान्ता काठमाडौं बाहिरको कुनै गाउँकी युवती हो । उसको केही वर्षअघि काठमाडौं निवासी पुरुषोत्तम नाम गरको व्यक्तिसँग विवाह भएको थियो । उनीहरूको सानो बच्चा छ । शान्ता नाम जस्तै शान्त स्वभावकी छ । लोग्नेले राति जाँड खाएर आई तथानाम गाली गरी बेसरी पिट्दा पनि ऊ केही विद्रोह गर्दिन । पतिले अपशब्द प्रयोग गर्दा पनि ऊ चुपचाप सहेर बसेकी छे । यसबाट के देखिन्छ भने शान्ता सहनशील नारी पात्र हो । यस कथाकी प्रमुख पात्र शान्ताको चरित्र यस कथामा अनुकूल, मञ्चीय, स्थिर र बद्ध प्रकारको छ ।

---

[३४] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** , ते.सं.(काठमाडौं: साझा प्रकाशन, २०६६) पृ. २४ ।

[३५] मोहन राज शर्मा, पूर्ववत् पृ.३९५ ।

[३६] मोहन राज शर्मा, पूर्ववत् पृ.४१६ ।

राणा शासनको समयको पण्डितको छोरो पुरुषोत्तम यस कथामा हैकमवादी पुरुष प्रधान समाजको प्रतिनिधि पात्र बनेर आएको छ । एउटा राम्रो संस्थाको अफिसर पुरुषोत्तम राति राति जहिले पनि जाँड खाएर भट्टीवाल्नीसँग अनैतिक क्रिया कलापमा संलग्न भई घर फर्कन्छ । आफ्नी श्रीमतीलाई भट्टीवाल्नी जस्तै चरित्रहीन ठान्दै यातना दिने पुरुषोत्तम क्रूर एवम् निर्दयी चरित्रको छ । जाँडले छाडेका वेला राम्रो कुरा गर्ने पुरुषोत्तम जाँड नखाई एकछिन पनि बस्न नसक्ने पात्र हो । जाँड नलागेका वेला श्रीमतीसँग मायालु व्यवहार गर्ने पुरुषोत्तम जाँड खाएका बेला हिंस्रक बन्दछ । यसर्थ ऊ यस कथामा प्रतिकूल चरित्रको छ । उसकै हैकमी र दादागिरी चरित्र कथाको आदिदेखि अन्त्यसम्म एकै प्रकारले आएकाले ऊ गतिहीन पात्र हो । यसर्थ पुरुषोत्तम प्रस्तुत कथामा भ्रष्ट आचरण भएको क्रूर स्वभावको पात्र बनेर आएको छ । पुरुषोत्तम यस कथामा पुरुष, प्रमुख, बद्ध, मञ्चीय, प्रतिकूल र गतिहीन चरित्रका रूपमा रहेको छ ।

यी दुई बाहेक यस कथामा शान्ताको बच्चा, भट्टीवाल्नी आदि पात्र पनि आएका छन् । पुरुषोत्तमको चरित्र बिगार्न प्रत्यक्ष भूमिका रहेकाले भट्टीवाल्नी सहायक चरित्रका रूपमा रहेकी छ ।

## संवाद

कथामा प्रयुक्त पात्रहरूबिचको वार्तालापलाई संवाद भनिन्छ । यो कथाको अनिवार्य तत्त्व होइन । यसविना पनि कथा लेख्न सकिन्छ । “कथामा नाटकीयता ल्याउन, कथा प्रवाहलाई गति दिन र पात्रको अवस्थालाई स्वयम् व्यक्त गराउन यसको प्रयोग सहायक सामग्रीका रूपमा हुन्छ ।”[३७] यस कथामा शान्ता र पुरुषोत्तमबिच संवाद रहेको छ । पुरुषोत्तमले प्रारम्भको संवादबाट भट्टीवाल्नीसँग गरेको यौन दुराचार तथा पत्नीले नाठासँग मोज गरेको भ्रमपूर्ण कुरा यसरी प्रकट गरिएको छ :

‘बुझिस रन्डी भट्टीवाल्नीको पनि पोइ छ तर ऊ मसित पनि सुत्छे, तेरो पनि पोइ छ तँ नाठोसित पनि सुत्छेस् ।’ शान्ताको संवादबाट उसको निरीहता र पतिलाई सुध्रन आग्रह गरिएको बोध हुन्छ ; जस्तै : ‘के गर्नु भएन तपाईंले ? इज्जत रछ्यानमा फाल्नु भयो मलाई टोलमा नाठो खेलाउने भनेर चिनाउनु भयो ।’

---

[३७] टंक प्रसाद न्यौपाने, **साहित्यको रूपरेखा** (काठमाडौँ: साझा प्रकाशन २०३८) , पृ. १५० ।

यसरी अन्त्यमा पुरुषोत्तम सुध्रन चाहेको र घरमा शान्तपूर्ण बसोबास गर्ने अठोट गरेको बोध हुन्छ । पात्रको स्तर र अवस्था अनुसार यसमा संवादको प्रयोग गरिएको छ ।

## परिवेश

कथामा पात्रहरूको कार्य कलाप हुने वा घटनाहरू घट्ने स्थान र समयलाई परिवेश भनिन्छ । यस अन्तर्गत देश, काल वातावरण पर्दछन् । "कथामा चरित्रले कार्य व्यापार गर्ने र घटनाहरू घटित हुने वस्तु जगत्लाई परिवेश भनिन्छ ।[३८] प्रस्तुत कथाको स्थानगत परिवेश काठमाडौँ हो भने कालगत परिवेशको चाहिँ किटान नगरिए तापनि राणा शासनपछिको समय हो भन्ने बुझिन्छ । सहरी वातावरणमा हुर्केका र कुलतमा फसेका युवाले नारीमाथि गरेको शोषण दमनलाई यस कथामा जस्ताको तस्तै उतारिएको छ । कालका दृष्टिले हेर्दा यस कथामा राणा शासनको पतन र प्रजातन्त्रको उदय भए पश्चात्को समय आएको छ । शोषित पीडित नारीहरूले पुरुषवादी हैकम प्रवृत्तिको विरोध गर्न नसक्नुले तत्कालीन समयमा नारीहरू कतिसम्म दबिएका थिए भन्ने कुरा स्पष्ट हुन्छ ।

## दृष्टिविन्दु

कथामा दृष्टिविन्दु भन्नाले कथाकारको कथागत उपस्थितिलाई बुझिन्छ । "दृष्टिविन्दु त्यो स्थिति, स्थान वा सीमा हो जसका माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्ग समक्ष पुऱ्याउँछ ।[३९] प्रस्तुत कथामा बाह्य वा तृतीय पुरुष दुष्टिविन्दुको प्रयोग भएको छ । यसमा कथाकारले कथादेखि बाहिर रहेर कथामा प्रयुक्त पात्रहरूका बारेमा प्रकाश पारेका छन् । सम्पूर्ण पात्रहरूका बारेमा समान तरिकाले कथाकारको दृष्टिकोण प्रक्षेपित भएकाले यसमा तृतीय पुरुष, सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । पुरुषोत्तमको हैकमवादी सोच एवम् शान्ताको दयनीय जीवन भोगाइका बारेमा लेखकले समान प्रकारले प्रकाश पारेका छन् ।

---

[३८] मोहन राज शर्मा, पूर्ववत् , पृ ३९९ ।

[३९] दयाराम श्रेष्ठ, **नेपाली कथा भाग ४,** ते.सं. (ललितपुर : साझा प्रकाशन) २०६६, पृ. ११ ।

## उद्देश्य

प्रत्येक साहित्यिक रचना कुनै न कुनै प्रयोजनको पूर्तिका लागि लेखिएको हुन्छ । कथाको उद्देश्य पाठकलाई तत्काल स्वस्थ मनोरञ्जन दिनु र कुनै न कुनै सत्यको प्रतिष्ठा गर्नु हो ।[४०] प्रस्तुत कथा नेपाली सामाजिक स्थितिलाई प्रस्तुत गर्ने सन्दर्भमा संरचित देखिन्छ । यसमा घरेलु हिंसाले पीडित नारी र हिंसाको कारक पुरुषका जँड्याहा वृत्तिलाई स्थापना गरिएको छ । कानुनी राज्यको स्थापना नभई समाजमा जँड्याहा वृत्ति, खुला यौन व्यापार, नारीमाथि प्रताडना जस्ता समस्याको समाधान हुन सक्दैन । त्यसै गरी पुरुषका दमन चक्रबाट मुक्ति पाउन नारी स्वयम् सङ्गठित र विद्रोही हुनु पर्दछ भन्ने सन्देश प्रवाह गर्नु यस कथाको उद्देश्य हो । पतिपत्नीको हार्दिक मेल मिलाप विना गृहस्थी जीवन नर्क जस्तै हुन्छ भन्ने कुराको सम्प्रेषण गर्नु यस कथाको उद्देश्य हो ।

## भाषाशैली

प्रस्तुत कथामा सरल तथा सहज भाषाशैलीको प्रयोग गरिएको छ । शून्य, आशङ्का, अभ्यास, सृष्टि, दिशा, हृदय जस्ता तत्सम शब्दहरूको प्रयोग भएको यस कथामा दुध, हात, घर जस्ता तद्भव शब्दहरू पनि प्रयोग भएका पाइन्छन् । त्यस्तै खुब, अक्सर, पलङ, यार, एस्ट्रे, हजुर जस्ता आगन्तुक शब्दशहरूको यथोचित प्रयोग यस कथामा पाइन्छ । संवादको कम प्रयोग भएको यस कथामा वर्णनात्मकता पाइन्छ । यसमा गाली गलौजका, प्रश्नात्मक, विस्मयमूलक आदि वाक्यको प्रयोग पाइन्छ । पात्रका आफ्नै संवाद र कथाकारका टिप्पणीका कारण पात्रका बानी व्यवहार उद्घाटित हुनुले यस कथामा नाटकीयता पनि पाइन्छ । पात्रको स्वाभाविकतालाई समेत ध्यान दिइएकाले यसको शैली स्वाभाविक रहेको छ ।

## ४.१.२ 'मृत्यु दोस्रो पुस्ताको' कथाको विश्लेषण

[४०] टंक प्रसाद न्यौपाने, पूर्ववत्, पृ. १५४ ।

**कथानक**

प्रस्तुत 'मृत्यु दोस्रो पुस्ताको' कथाको कथावस्तुको स्रोत नेपाली राजनीति रहेको छ । पञ्चायती निरङ्कुश शासन प्रणाली र त्यसको दुश्चक्रमा परेका निम्न वर्गीय सर्व साधारणका जटिलतालाई यस कथामा प्रस्तुत गरिएको छ ।

यस कथामा कथाकार स्वयम् 'म' पात्रका रूपमा उपस्थित रहेको देखिन्छ । आफ्ना साथीहरूसँग घुम्दै पार्कमा पुगेको 'म' पात्र बृद्ध व्यक्तिको 'यहाँ उजुरी परेको छ' भन्ने कथनले संवेदनशील भएको छ । यसबाट 'म'पात्र बृद्धको मनस्थिति बुझ्न खोज्दछ । अदालतमा पर्ने उजुरी पार्कमा परेको भनाइले बृद्ध व्यक्तिको असामान्य मनस्थिति प्रकटित भएको पाइन्छ । 'म' पात्र बृद्धको भनाइबारे बुझ्न खोज्दछ । यतिबेरै 'म'पात्रका साथीहरू उसलाई छाडेर प्रस्थान गर्दछन् ।

बृद्ध पात्रकी श्रीमती एउटी छोरीलाई जन्म दिएर २०१७ सालमा आन्दोलनको धरपकडमा मारिएकी छ । मृत पत्नीको सपना पुरा गर्न लागेको बृद्ध र आफ्नो बाटामा हिँडेकी छोरीको लक्ष्य निरङ्कुश शासनको अन्त्य गर्ने देखिन्छ । यति हुँदाहुँदै छोरीको कपटपूर्ण हत्याले बृद्धको मानसिक अवस्था बिथोलिन पुगेको छ । ऊ यसै कारण उजुरी गर्न सर्वत्र घुम्दछ । उसले अदालतबाट न्याय प्राप्त हुन नसक्ने कुराको बोध गरेको देखिन्छ । दोस्रो पुस्ताको सङ्घर्ष ह्रास भएको स्थितिलाई छोरीको मृत्युले पुष्टि गरेको छ । अन्त्यमा बृद्ध हातमा माटो लिएर भुइँमा पछार्दै दोस्रो पुस्ताको मृत्यु भएकामा उजुरी गर्दछ । 'म' पात्र  यी सारा क्रिया कलाप सुन्ने र हेर्ने काम गरि रहन्छ । यत्तिकैमा यस कथाको कथानक अन्त्य हुन्छ ।

यस कथाको कथानक बृद्ध व्यक्ति र 'म'पात्रसँग सम्बन्धित भएर अगाडि बढेको  छ । 'म' पात्रले पार्कमा बृद्धलाई भेटेसम्मका घटनाहरू आदि भाग अन्तर्गत पर्दछन् भने बृद्ध व्यक्तिको बिथोलिएको मनस्थितिले पार्कमा उजुरी गरेको घटनादेखि 'म' पात्रलाई बृद्धले आफ्नी श्रीमतीको मृत्युको खबर सुनाउनुसम्मका घटना मध्य भाग अन्तर्गत पर्दछन् । बृद्ध व्यक्तिले श्रीमतीको मृत्युपश्चात् श्रीमती हिँडेको बाटामा छोरी हिँड्दा छोरीको हत्या भएको घटना सुनाउनु कथाको अन्त्य भाग हो ।

'मृत्यु दास्रो पुस्ताको' कथामा आन्तरिक र बाह्य दुबै प्रकारको द्वन्द्व पाइन्छ । निरङ्कुश शासन व्यवस्थाको दमनमा परी श्रीमती र छोरीको मृत्यु भएपछि विक्षिप्त बनेको बृद्धले व्यक्त गरेका विचार बाह्य द्वन्द्वका रूपमा देखिन्छ । कथामा यसै द्वन्द्वले प्रधानता पाएको छ । बृद्ध पात्रका श्रीमती र छोरी दुबैको निरङ्कुश व्यवस्थाले हत्या गरेको घटना सुनि सकेपछि 'म' पात्रमा आन्तरिक द्वन्द्व उब्जिएको छ । यसै गरी 'म' पात्रको उजुरी परेको छ भन्ने वाक्यले के भन्न खोजेको होला, बृद्ध व्यक्ति किन रोएको होला, पछि 'म' पात्रलाई छोडेर बृद्ध व्यक्ति कहाँ गयो होला जस्ता कुतूहल यस कथामा पाइन्छन् ।

## चरित्र चित्रण

प्रस्तुत 'मृत्यु दोस्रो पुस्ताको' कथामा सीमित तर प्रभावकारी पात्रहरूको प्रयोग गरिएको छ । यसमा बृद्ध व्यक्ति पुरुष, प्रमुख, मञ्चीय, बद्ध र केन्द्रीय पात्रका रूपमा देखिन्छ । निरङ्कुश शासन विरुद्ध सङघर्षशील पत्नी र छोरीको छुट्टाछुट्टै मुत्युले ऊ पीडित बनेको छ । परिवर्तका निम्ति प्राण उत्सर्ग गर्ने उनीहरूको सपना साकार गर्न र मृत्युको षड्यन्त्रलाई अदालतमा पुऱ्याउन ऊ आतुर छ । उसको विक्षिप्तताले न्याय नपाएको, पीडित, शोषित र स्वतन्त्रताप्रेमी पात्रका रूपमा बृद्ध देखा पर्दछ ।

'म' पात्र यसमा बृद्धका भावनाहरूलाई खोतल्न उद्यत देखिन्छ । उसकै आग्रहमा बृद्धले सारा विवरण बताएको छ । यसर्थ 'म' पात्र मञ्चीय, बद्ध र सहायक भएर यस कथामा आएको देखिन्छ । यसका अतिरिक्त 'म' पात्रका साथीहरू मञ्चीय भए पनि प्रभावहीन पात्रका रूपमा देखा परेका छन् । वर्णनका क्रममा आएका श्रीमती र छोरी दुई पात्र मञ्चीय रूपमा नरहे पनि कथानकलाई सोद्देश्य बनाउनका लागि उपयोगी देखिन्छन् । उनीहरूकै सङघर्षशील मृत्युले परिवर्तनको ढोका आन्दोलनबाट मात्र सम्भव छ भन्ने देखिन्छ ।

यसर्थ यी दुई पात्र निरङ्कुश व्यवस्था विरुद्ध जनताको अधिकार स्थापना गर्ने र सहज मृत्यु वरण गर्ने देशप्रेमी पात्रका रूपमा देखिन्छन् । अर्को दृष्टिकोणले यी आमाछोरीलाई सहिदका रूपमा परिभाषित गर्न सकिने देखिन्छ ।

## संवाद

कृतिमा पात्रहरूबिच हुने वार्तालापलाई संवाद भनिन्छ । कथामा संवाद पात्रको स्तर देश, काल, अवस्था र परिस्थिति अनुकूल सङ्क्षिप्त र सजीव हुनु पर्छ ।[४१] प्रस्तुत 'मृत्यु दोस्रो पुस्ताको' कथामा बृद्ध र 'म' पात्रबिच सङ्क्षिप्त संवाद रहेको छ । बृद्धका संवादबाट उसका श्रीमती र छोरीको निरङ्कुश व्यवस्थाले हत्या गरेको कुरा प्रकट हुन्छ ; जस्तैः 'छोरी सैंतिस सालमा मरी, आमालाई जस्तै गोली लागेर मरी ।' 'म' पात्रको संवादबाट श्रीमती र छोरीको मृत्युले विक्षिप्त बनेको बृद्धलाई संयमित हुन आग्रह गरेको कुरा बोध हुन्छ ; जस्तैः 'तपाईंको रुवाइप्रति मेरो उजुरी छ ।' यस कथामा पात्र अनुसार उचित संवादको प्रयोग भएको पाइन्छ ।

## परिवेश

यस कथाले नेपाली राजनीतिको पञ्चायती शासन व्यवस्थालाई बौद्धिक पाराले प्रकट गरेको छ । परिवेश भौतिक र मानसिक दुबै हुन्छ । परिवेश कथावस्तुको चरित्रको मात्र नभएर विचारको पनि आन्तरिक अंश हो ।[४२] यसमा निरङ्कुश तानाशाहीको जर्जरता, जन दमन, मृत्यून्मुखी दुर्वृत्ति, परिवर्तनको बाधक जस्ता कुरालाई परिवेशका रूपमा लिइएको छ । वि.सं. २०१७ सालमा आमाको मृत्यु हुनु एवम् परिवर्तनका निम्ति लाग्दालाग्दै जनमत सङ्ग्रहताका छोरी अर्थात् दोस्रो पुस्तको मृत्यु हुनुले पञ्चायती निरङ्कुश व्यवस्थाको जन दमनकारी स्थितिलाई प्रकट गरेको छ । यसर्थ यस कथाको कालगत परिवेश वि.सं. २०१७ र २०३६ सालका घटना र स्थानगत परिवेश त्यसबाट पीडित नेपाली समाज रहेको देखिन्छ ।

## दृष्टिविन्दु

यस कथामा बाह्य र आन्तरिक दुबै प्रकारका दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । कथाकारले 'म' का रूपमा प्रस्तुत भई कतै हामीका रूपमा पनि रही कथानकलाई अघि बढाएको देखिन्छ । यस सन्दर्भमा 'म' पात्रले ऊ वा बृद्धका पीडा, अनुभव र जटिलतालाई प्रमुखताका साथ हेरेको देखिन्छ ।

---

[४१] टंक प्रसाद न्यौपाने, पूर्ववत् पृ. ५० ।

[४२] ऐजन, पृ. ५१ ।

कथानकको मूल मर्म पनि बृद्ध पात्रकै केन्द्रीयतामा आबद्ध भएका कारण यसमा बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु सशक्त देखिन्छ । यस अन्तर्गत बृद्धको जीवनका निजी समस्या र आकाङ्क्षालाई मात्र प्रमुखताका साथ प्रस्तुत गर्नाले यसमा सीमित दृष्टिविन्दुको प्रयोग देखिन्छ ।

## उद्देश्य

'मृत्यु दोस्रो पुस्ताको' कथा पञ्चायतकालीन राजनीतिक स्थिति प्रस्तुत गर्ने सन्दर्भमा आएको देखिन्छ । यसमा निरङ्कुश शासन व्यवस्थाका दुर्दमनीय दुष्प्रवृत्ति र त्यस व्यवस्थाद्वारा प्रताडित नेपाली जनताले गरेको मुक्तिको सङ्घर्षलाई यस कथामा स्थान दिइएको छ । निरङ्कुश शासन व्यवस्थाको चरम दमन र सन्त्रासका बिच पनि कसरी मानिसहरू स्वतन्त्रताका लागि अघि बढ्छन् भन्ने कुरालाई देखाउनु पनि यस कथाको उद्देश्य रहेको छ । निरङ्कुश शासनको विरुद्धमा पहिलो पुस्ताले रगत बगाएको र सोही व्यवस्था फ्याँक्न दोस्रो पुस्ताले पनि बलिदान दिनुले मान्छेमा स्वतन्त्रता जस्तो प्यारो केही हुँदैन भन्ने कुरा देखाउनु यस कथाको उद्देश्य हो । यसरी के भन्न सकिन्छ भने सोझासिधा जनताको हत्या गरेर आफ्नो आयु जतिसुकै लम्ब्याउन खोजे पनि निरङ्कुश शासन व्यवस्थाको विरुद्धमा जनताहरू आन्दोलित भइ रहन्छन् भन्ने सन्देश दिनु नै यस कथाको अभिप्राय हो ।

## भाषाशैली

'मृत्यु दोस्रो पुस्ताको' कथा कथाकार तिमिल्सिनाको बौद्धिकतालाई प्रकट गर्ने प्रकारको देखिन्छ । यसमा प्रयुक्त भाषा सरल प्रकारको छ । यस कथामा सरल र संयुक्त वाक्यहरूको प्रयोग गरिएको छ । दुईदेखि बहुसङ्ख्यात्मक पदीय व्यवस्थामा यस कथाका वाक्यहरू रहेका छन् । कतै कतै प्रश्न र आश्चर्य एवम् स्मृतिका रूपमा वाक्यहरू प्रयोग भएको यस कथामा आँखा भिडाउनु, आँखा आँसुको मुहानमा परिणत हुनु, ट्वाल्ल पर्नु, कुरा काट्नु जस्ता टुक्काको प्रयोग पाइन्छ । उन्मुक्त, शासन, त्रसित, अनभिज्ञ जस्ता तत्सम शब्दहरू र जेठ, धुवाँ जस्ता तद्भव शब्दहरू यस कथामा प्रयोग भएका छन् । त्यस्तै उजुरी, लबज, खुट, टाई, इसारा, अदालत, पार्क जस्ता आगन्तुक शब्दहरूको पनि यस कथामा प्रयोग भएको पाइन्छ । यस कथाको शैली वर्णनात्मक र केही ठाउँमा

संवादात्मक छ । यसमा प्रशनात्मक र विस्मयमूलक वाक्यको प्रयोग गरिएको छ । यस कथामा पात्रका संवादमा नाटकीयता पाइन्छ । केही प्रतीकात्मक कथन रहे पनि पात्र अनुसार भाषालाई ध्यान दिइएकाले यसको भाषाशैली बोधगम्य र स्वाभाविक छ ।

## ४.१.३ 'जागिर' कथाको विश्लेषण

### कथानक

प्रस्तुत 'जागिर' कथामा निम्न बेतनभोगी कर्मचारीका समस्या र पीडा जीवन्त बनेर प्रकट भएका छन् । नेपाली समाजको गरिबी र सामाजिक अवस्थालाई प्रस्तुत कथाले व्यक्त गरेको छ । यसर्थ यस कथाको कथावस्तुको स्रोत नेपाली समाज रहेको देखिन्छ । 'जागिर' कथा अतिस्वाभाविक र यथार्थमय भए पनि अप्रत्यक्ष रूपमा यसको उद्देश्य पनि वस्तुस्थितिको बाध्यता देखाउनमै सीमित भएको पाइन्छ ।[४३]

'जागिर' कथामा छोटो कथानक समावेश रहेको देखिन्छ । यसमा 'ऊ' पात्रका दयनीय जीवन भोगाइहरू अत्यन्त मार्मिक बनेर प्रकटीकृत भएका छन् । 'ऊ' पात्र निम्न बेतनभोगी कर्मचारी हो । अफिसबाट घर फर्कने क्रममा बाटामा उसका मनमा धेरै पुराना सोच आउँछन् । छोरालाई मिठाइ किन्न नसकेको, बहिनीको विवाह गर्न नसकेर अभिभावकत्व गुमाउँदै गएको सोच आदिले ऊ व्यथित बन्छ । राम्ररी घर चलाउन नसकेको आरोपमा र जागिर नपाएको झोंकमा भाइले गरेका गालीहरूलाई ऊ मौन भएर सुन्न बाध्य हुन्छ । यात्राका क्रममा ऊ गाँसबासका निम्ति उठ्दै गरेका नारा र समताका निम्ति जागेका स्वरले गुञ्जित चोक देख्दछ । ऊ विना परिश्रम नाराले मात्र समस्या नटर्ने र सामन्तहरूको विरुद्ध बलियो सङ्घर्ष गर्नु पर्ने सोच्दछ । घरमा पुगेपछि स्कुल जान नपाएको छोराको गुनासो, अभाव, समस्या र गरिबीले पत्नीका आँखामा छचल्कि रहेको आँसुका कारण ऊ अझ व्यथित बन्दछ । अन्त्यमा धेरै सङ्कट ग्रस्त घरको समस्या भोगि रहेको अवस्थामा यस कथाको कथानक समाप्त  हुन्छ ।

---

[४३] आनन्द देव भट्ट , पूर्ववत् , पृ. ख ।

यस कथामा अफिसबाट घर फर्किने क्रममा 'ऊ' पात्रका मनमा पुराना सोचहरू आउनु, छोरालाई मिठाइ किन्न नसकेको पीडा, बहिनीको विवाह गर्न नसकेर अभिभावकत्व गुमाउँदै गरेको सोच आदिले 'ऊ' पात्र व्यथित बन्नु जस्ता घटना आदि भाग अन्तर्गत  पर्दछन् । 'ऊ' पात्रले यात्राका क्रममा गाँस बास कपासका निम्ति उठि रहेको आनदोलनलाई देख्नु, 'ऊ' पात्रलाई भ्रष्ट शासन व्यवस्थाप्रति वितृष्णा जाग्नु, सामन्ती संस्कार विरुद्ध आन्दोलित हुनु पर्ने कुरा सोच्दै घरसम्म पुग्नु जस्ता घटना कथाको मध्य भाग अन्तर्गत पर्दछन् । यसै गरी 'ऊ' पात्रले घरमा पुगेपछि स्कुल जान नपाएको छोराको गुनासो सुन्नु, अभाव र गरिबीले श्रीमतीको आँखामा आँसु टल्पलाएको देख्नु, र ऊ व्यथित बन्नु जस्ता घटना कथाको अन्त्य भाग अन्तर्गत पर्छन् । यस कथामा 'ऊ' पात्रका मानस पटलमा विभिन्न प्रकारका सोच आउनुले आन्तरिक द्वन्द्व पाइन्छ भने 'ऊ' पात्रले असमान सामाजिक व्यवस्थाप्रति आक्रोश व्यक्त गर्नुले समाज र ऊबिच बाह्य द्वन्द्व देखिन्छ । यसै गरी 'ऊ' पात्रको पूर्वस्मृतिमा आएका भाइ र बहिनीसँग पनि 'ऊ' पात्रको आन्तरिक द्वन्द्व पाइन्छ । यसरी यस काथमा आन्तरिक र बाह्य दुबै प्रकारका द्वन्द्व पाइन्छन् । यसै गरी 'ऊ' पात्र घर पुग्ने बित्तिकै के गर्ला, 'ऊ' पात्रले श्रीमतीसँग खाने कुरा माग्दा के देली, उसको सानो छोराले स्कुल कहिलेदेखि जानु भन्दा उसले के भन्ला जस्ता कुतूहल यस कथामा पाइन्छ ।

## चरित्र चित्रण

प्रस्तुत कथामा विभिन्न चरित्रहरूको प्रयोग पाइन्छ । यसमा आएको 'ऊ' पात्र प्रमुख रूपमा रहेको देखिन्छ । उसकै पारिवारिक, वैयक्तिक पीडा र अभावका जीवन भोगाइलाई यस कथामा प्रकट गरिएको छ । ऊ निम्न बेतनभोगी कर्मचारी हो । सात जनाको परिवारलाई सामान्य मान्छेका रूपमा पनि उसले पाल्न सकेको छैन । ऊ गरिबीले सताएको पात्र हो । देख्नेले जागिर खाएको देखे पनि उसका आन्तरिक पीडाहरू मर्मभेदी छन् । बहिनीको विवाह, भाइका समस्या, छोरालाई स्कुल, घरमा खाद्य पदार्थ जस्ता कुराहरूमा उसले चाहँदा पनि सुधार आएको छैन । ऊ समस्या परे पनि निडर र निर्भय खटि रहन्छ । यसर्थ ऊ अनुकूल, बद्ध, मञ्चीय एवम् वर्गीय पात्रका रूपमा देखिन्छ । यसमा उसको भाइ प्रतिकूल, पत्नी अनकूल र सहायक पात्रका रूपमा देखिन्छन् भने बहिनी र छोरो गौण पात्रका रूपमा देखिन्छन् ।

## संवाद

यस कथामा 'ऊ' पात्र र उसकी श्रीमतीबिच संवाद छ भने 'ऊ' पात्र र उसको सानो छोराबिच पनि संवाद छ । 'ऊ' पात्रले श्रीमतीसँग गरेको संवादले 'ऊ' भोकाएको बोध हुन्छ; जस्तैः 'खोइ के छ ? ल्याउन खाउँ ।' कथामा सानो छोराले गरेको प्रश्नले 'ऊ' पात्रलाई व्यथित बनाएको छ ; जस्तैः 'बा भन्नुस् न म कहिलेदेखि स्कुल जाने ?' यस कथामा पात्र अनुसारको संवादको प्रयोग भएकाले संवाद सरल र स्वाभाविक छ ।

## परिवेश

प्रस्तुत कथा नेपाली समाजको आर्थिक अभावका समस्यालाई आधार बनाएर लेखिएको छ । 'समाजको प्रतिबिम्ब झल्केको कथालाई सामाजिक कथा भनिन्छ ।' [४४] यसमा 'ऊ' पात्रका आर्थिक समस्याले सिर्जित घरायसी सङ्कटलाई व्यक्त गरिएको छ । नेपाली समाजमा निम्न वर्गीय जनताले भोगेको समस्या र बाँचेको समाज यहाँ परिवेशका रूपमा आएको छ । पञ्चायत कालीन जर्जरता र त्यसबाट पीडित स्वरहरूको अस्तकालीन समय र नेपाली समाज यस कथाको कालिक र स्थानगत परिवेशका रूपमा आएको छ ।

## दृष्टिविन्दु

प्रस्तुत कथामा बाह्य वा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । 'कथामा दृष्टिविन्दु पात्र तृतीय पुरुषमा रहँदा बाह्य दृष्टिविन्दु हुन्छ ।'[४५] यसमा कथाकारले कथादेखि बाहिर रहेर कथामा प्रयुक्त पात्रका बारेमा प्रकाश पारेका छन् । यस कथामा कथाकारले प्रमुख पात्र 'ऊ' का बारेमा वर्णन गरेकाले तृतीय पुरुष अन्तर्गत सीमित दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । 'ऊ' पात्र निम्न बेतनभोगी कर्मचारी हो । कथाकारले उसको जीवन भोगाइलाई कथामा उजागर गरेका छन् ।

## उद्देश्य

---

[४४] दयाराम श्रेष्ठ, पूर्ववत् , पृ.१४ ।

[४५] ऐजन, पृ.१२ ।

प्रस्तुत 'जागिर' कथाको उद्देश्य निम्न बेतनभोगी कर्मचारीको जीवन दशालाई प्रस्तुत गर्नु हो । एउटै कार्यालयमा काम गर्ने हाकिम र तल्लो दर्जाका कर्मचारीको जीवन शैलीबिचको अन्तर देखाउनु, तल्ला तहका कर्मचारीहरूले रातदिन कडा परिश्रम गर्दा पनि हातमुख जोर्न नसकेको स्थितिलाई उजागर गर्नु यस कथाको मुख्य उद्देश्य हो । यसै गरी देशमा भ्रष्टाचार बढेको र देशको आर्थिक अवस्था ओरालो लागेको देखाउनु अनि त्यसका विरुद्ध सबैलाई सङ्गठित भएर अघि बढ्न आह्वान गर्नु यस कथाको उद्देश्य रहेको देखिन्छ ।

**भाषाशैली**

'जागिर' कथामा कथाकार तिमिल्सिनाले सरल भाषाको प्रयोग गरेका छन् । यस कथामा सरल र संयुक्त वाक्यहरूको प्रयोग गरिएको छ । कतै कतै प्रश्नात्मक र विस्मयबोधक वाक्यको प्रयोग भएको यस कथामा आन्द्रा मडारिनु जस्तो टुक्काको प्रयोग भएको छ भने 'घरको बाघ वनको स्याल' जस्तो उखानको पनि प्रयोग भएको छ । आवेश, मिथ्या जस्ता तत्सम शब्दहरू, मान्छे, तितो, कोमल, हात जस्ता तद्भव शब्दहरू, खल्ती, कारिन्दा, लबज, नजर, तलब, तनाब, अफिस जस्ता आगन्तुक शब्दहरूको यथोचित प्रयोग यस कथामा पाइन्छ । यस कथाको आदि भागमा 'ऊ' पात्रको पूर्वस्मृतिमा आएका घटनाहरू छन् भने मध्य भाग र अन्त्य भागमा वर्णनात्मक र कतै कतै संवादात्मक शैली पाइन्छ ।

## ४.१.४ 'शहर सडकमा' कथाको विश्लेषण

**कथानक**

'शहर सडकमा' कथामा कथाकार देविका तिमिल्सिनाले राजनीतिक विषय वस्तुको प्रयोग गरेका छन् । यसमा उनले राज्यले नागरिकलाई आधारभूत सेवा सुविधा दिन नसकेको, देशको अर्थतन्त्र ओरालो लाग्दा पनि राजनैतिक नेतृत्वले सुधारका लागि पहल गर्न नसकेको र शासकप्रति जनता आक्रोशित भएका जस्ता कुरालाई प्रस्तुत गरेका छन् ।

प्रस्तुत 'शहर सडकमा' कथा 'म' पात्र काठमाडौं सहरको टुँडिखेल आसपासको कुनै गल्लीको सडक पेटीमा हिँड्दै गर्दा उसले नेपाली समाजमा देखेका सामाजिक, आर्थिक, राजनैतिक समस्याहरूको जालोलाई चिरफार गरि रहेको परिवेशबाट आरम्भ भएको देखिन्छ । यस क्रममा 'म' पात्रले विद्रोह ज्वालाले युक्त विद्यार्थीहरूको जुलुस सडकमा अगाडि बढेको देख्दछ । उक्त अवस्थामा 'म' पात्र आजको युवा पुस्ता यथास्थिति, भ्रष्टाचार जस्ता अनैतिक पक्षलाई परिवर्तन गर्न र गरिबी, महङ्गी, बेरोजगार जस्ता समस्याहरूको निदान चाहेको कुरा मनमा खेलाउँछ । त्यस स्थितिमा 'म'पात्रले सडक पेटीमा कुनै बालक भोक लाग्यो ! भनेर कराइ रहेको, दुई मानिसहरूबिच नेपाल ऋणमा डुब्न लागेको र डुबि सकेको कुरा सुन्दछ । यसले 'म' पात्रमा नेपाली शासकप्रति वितृष्णा जगाइ दिएको देखिन्छ । यत्तिकैमा 'म' पात्रको नजिकबाट विद्यार्थीहरूको नारा जुलुस अगाडि बढ्दछ । उनीहरूको चामलको भाउ सस्तो गर् !, शैक्षिक शुल्क घटा ! जस्ता नाराले अघि बढि रहेको जुलसमा सारा सहरका मानिस सम्मिलित हुन पुगेको 'म'पात्रले देख्दछ र ऊ स्वयम् पनि यी समस्याले आक्रान्त रहेकाले सडक पेटीबाट नारामा स्वर मिलाउँदै सडकमा ओर्लन्छ । यसै अवस्थामा यसको कथानक समाप्त हुन्छ ।

'म' पात्र सडक पेटीमा हिँडि रहँदा उसले देशको सामाजिक, आर्थिक, राजनीतिक परिवेश सोच्नु, पर सडकमा विद्यार्थीहरूको जुलुस देख्नु जस्ता घटना कथाको आदि भाग अन्तर्गत पर्दछन् । 'म' पात्रले सडक पेटीमा एउटा बालक भोक लाग्यो भनेर कराइ रहेको सुन्नु, दुई जना व्यक्तिहरूले नेपालको अर्थतन्त्रका बारेका कुरा गरेको सुन्नु र यसबाट 'म' पात्रमा शासकप्रति वितृष्णा जाग्नु कथाको मध्य भाग हो । यसै गरी विद्यार्थीको जुलुस चामलको भाउ सस्तो गर् !, शैक्षिक शुल्क घटा ! जस्ता नारा लगाउँदै अघि बढ्दा त्यस जुलुसमा सहरका मानिसहरू पनि सामेल भएको 'म' पात्रले देख्नु र 'म' पात्र पनि सारा समस्याले आक्रान्त रहेकाले सोही जुलुसमा ओर्लेर स्वर मिलाउनु कथाको अन्त्य भाग हो ।

प्रस्तुत 'शहर सडकमा' कथामा बाह्य द्वन्द्व पाइन्छ । जनताका आधारभूत आवश्यकता पुरा गर्न सरकारले सकि रहेको छैन भने त्यस सरकारका विरुद्ध जनताहरू एकजुट भई आन्दोलित हुनुले सरकार र जनताबिच बाह्य द्वन्द्व पाइन्छ । बाटामा अघि बढेको जुलुसले के नारा लगाइ रहेको होला,

जुलुस कहाँ गएर टुङ्गियो होला, नागरिकका आबाजको सुनुवाइ भयो कि भएन होला जस्ता कुतूहल यस कथामा पाइन्छन् ।

## चरित्र चित्रण

प्रस्तुत 'शहर सडकमा' कथामा थोरै पात्रहरूको प्रयोग गरिएको छ । यस कथाको प्रमुख पात्र 'म' शोषित, पीडित नेपाली जनताको प्रतिनिधि पात्र बनेर आएको छ । 'म' पात्रकै केन्द्रीयतामा यस कथाले पूर्णता पाएकाले 'म' पात्र यस कथाको प्रमुख, मञ्चीय र बद्ध पात्र हो । यस बाहेक बालक, सडक पेटीमा आपसमा कुरा गर्ने दुई मानिस, जुलुसको नेतृत्व गर्ने विद्यार्थी र जुलुसमा सहभागी मानिसहरू पनि यस कथामा पात्रका रूपमा आएका छन् । यस कथामा 'म' पात्र बाहेकका सबै पात्रहरू गौण पात्रका रूपमा देखा पर्दछन् । यस्तै कथामा देखा परेका सबै पात्रहरू अनुकूल, मञ्चीय र वर्गीय हुन् ।

## संवाद

प्रस्तुत 'शहर सडकमा' कथामा संवादको प्रयोग भएको पाइँदैन । यसमा कथाकार स्वयम् 'म' पात्रका रूपमा उपस्थित भएर कथा वाचन गरि रहेका छन् । 'म' पात्रले सहरको सडकमा हिँड्दा देखेका घटना र उसका सोचाइहरू नै यस कथाका विषय वस्तु हुन् । 'म' पात्रले बाटामा हिँड्दै गर्दा दुई जना व्यक्तिबिच भएको कुराकानी सुनेको विवरण कथामा दिइए पनि कथाका पात्रबिच प्रत्यक्ष संवाद देखिँदैन ।

## परिवेश

प्रस्तुत 'शहर सडकमा' कथामा कथाकार तिमिल्सिनाले नेपाली समाजमा देखा परेको सामाजिक, आर्थिक र राजनीतिक समस्यालाई उजागर गर्न राजधानी काठमाडौँको एउटा सडकलाई स्थानगत परिवेशका रूपमा उपस्थापित गरेका छन् । यसै गरी अनुत्तरदायी सरकारका विरुद्धमा

जनता आन्दोलित भएको देखाइनुले यसको कालगत परिवेश चाहिँ पञ्चायती व्यवस्थाको अस्त समय हो भन्ने बुझिन्छ ।

## दृष्टिविन्दु

प्रस्तुत 'शहर सडकमा' कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । दृष्टिविन्दु पात्र कथामा प्रथम पुरुषको रूपमा रहँदा आन्तरिक दृष्टिविन्दु हुन्छ ।[४६] कथामा 'म'पात्रका आन्तरिक मनोलापीय विचारहरू सशक्त रूपमा पोखिएकाले प्रथम पुरुष दुष्टिविन्दुको प्रयोग भएको छ भन्न सकिन्छ । त्यस्तै 'म' पात्रकै सेरोफेरोमा सम्पूर्ण कथाको कथावस्तु केन्द्रित रहेकाले प्रथम पुरुषभित्र पनि केन्द्रीय दृष्टिविन्दुमा यो कथा संरचित रहेको छ ।

## उद्देश्य

'शहर सडकमा' शीर्षकको कथाको उद्देश्य देशमा भइ रहेको मूल्यवृद्धि, वेरोजगार युवाहरूको आक्रोश, सडक बाल बालिकाहरूको दयनीय अवस्था, नेपाली शासकहरूको भ्रष्टाचारी चरित्र आदिलाई उजागर गर्नु रहेको देखिन्छ । नेपालमा अब नेपालीहरू विकास चाहन्छन्, युवाहरू रोजगारी चाहन्छन्, पुरानो विचार र व्यवस्थाले अब अघि बढ्न सकिँदैन, परिवर्तनका लागि यथास्थितिबाट माथि उठ्न सक्नु पर्छ भन्ने विचार प्रवाह गर्नु यस कथाको उद्देश्य रहेको देखिन्छ ।

## भाषाशैली

प्रस्तुत 'शहर सडकमा' शीर्षकको कथामा सबैले वुझ्ने, सरल, सहज किसिमको भाषा प्रयोग गरिएको देखिन्छ । यसै गरी तत्सम, तद्भव तथा आगन्तुक शब्दहरूको प्रयोगले कथा अझ प्रखर बन्न पुगेको देखिन्छ । यस कथामा घनिभूत, क्षितिज, अनवस्था, अविरल, शैक्षिक, भावी जस्ता

[४६] ऐजन , पृ. ११ ।

तत्सम शब्दहरू र आज, रुख, भोक, बिजोग जस्ता तद्भव शब्दहरूको प्रयोग भएको पाइन्छ । त्यस्तै फिस, जुलुस, गल्ली, पेटी जस्ता आगन्तक शब्दहरूको समुचित प्रयोगले यस कथाको भाषा उत्कृष्ट बन्न पुगेको देखिन्छ । यसै गरी यस कथामा 'म' पात्रका आन्तरिक मनोलापीय विचारहरू सशक्त रूपमा पोखिएकाले मनोलापीय शैली रहेको छ ।

### ४.१.५ 'सम्पत्ति' कथाको विश्लेषण

#### कथानक

'सम्पत्ति' कथा जनताको शासन स्थापना गर्न र वर्गीय असमानता निर्मूल गर्न सामन्ती संस्कृतिका विरुद्ध आबाज उठाउने सन्दर्भमा संरचित देखिन्छ । यसमा प्रयुक्त कथानकको स्रोत वर्गीय असमानता र निरङ्कुश शासनका प्रताडनाले जर्जर बनेको नेपाली समाज रहेको देखिन्छ । यस कथाको विषय वस्तु उच्च आदर्शको भए पनि त्यसले सो श्रेष्ठता झल्काउने परिवेश दर्साउन नसकेकाले त्यो केवल एकालापीय भावुकतामय कथन बन्न पुगेको छ ।[४७]

'म' पात्रले विवाह गरेर पत्नी घरमा ल्याएपछि यसको कथानक प्रारम्भ हुन्छ । ऊ आफ्नी पत्नी धनलाई सुहाग रातका दिन भावी अप्ठ्यारा दिनहरूका विरुद्ध जुझारू हुन सल्लाह दिन्छ । ऊ परस्पर सेवा गरेर भन्दा सहयोग गरेर अघि बढ्न चाहन्छ । उसले सिन्दुरको भरमा मात्र विवाह गरेको छ र यसलाई विपन्नहरूको विवाह मानेको छ । ऊ पत्नी धनसँग असमान व्यवहार नगरी जीवन पथमा सँगै अघि वढ्न चाहन्छ । पत्नी रोए रुने, हाँसे हाँस्ने कुरामा ऊ विश्वास दिलाउँछ ।

अर्कातर्फ 'म' पात्र पत्नी धनलाई सामन्तवादी पुँजीवादी अवशेष विरुद्ध बदला लिने कुरा बताउँछ । उसले पत्नीलाई श्रमिक र बुद्धिजीवीहरूलाई आफ्ना मित्र भनी चिनाउँदछ । बौद्धिक दरिद्र भएका, श्रमिकहरूको श्रममा रजाइँ गर्ने र मजदुरलाई अपमान गर्ने निन्दित व्यक्तिहरूलाई ऊ शत्रु भनेर चिनाउँदछ । उसले सुहाग रातलाई शत्रुको झैं कामुक नभएर जीवन बुझ्ने क्षणका रूपमा लिएको छ । ऊ मैयाँ साहेब र बाबु साहेबभन्दा भिन्न आत्मीय रूपमा आफूहरूलाई परिभाषित गर्दछ ।

---

[४७] आनन्द देव भट्ट, पूर्ववत् ।

पत्नी धनलाई दुष्टहरूको खतरा विरुद्ध'म' पात्र सम्झाइ रहन्छ । गरिबका मनोबल र योद्धाका विचारलाई निरुत्साहित गर्न दुष्टहरू लाग्ने, लोभ र लालच देखाउने भएकाले यस्ता प्रलोभनमा लुब्ध हुनुभन्दा त्यसलाई नाली सम्झेर थुक्नु पर्ने उसको धारणा छ । दुष्टलाई बुढो सिंहसँग तुलना गर्दै ऊ सचेतताका निम्ति सजग हुनुपर्छ भन्छ । 'म'पात्र उसका सारा अठोटलाई पत्नीले स्विकारेको कुरा स्मरण गर्छ । यति बेला ऊ एक्लै छ । दुस्मनहरूले धनलाई गोली हानि सकेका छन् । देशद्रोहीको आरोपमा धनको मृत्यु भए पनि उसले सामन्ती संस्कृतिका विरुद्ध उठाएको आबाजलाई 'म' पात्र महान् ठान्छ । उसको सहादतलाई र सम्झनालाई बाँचेकाहरूले सम्पत्ति ठानेको चर्चा गर्दै कथानकको अन्त्य भएको छ ।

'म' पात्रको पूर्वस्मृतिमा संरचित यो कथा 'म' पात्रले बिहे गरेपछि आफ्नी श्रीमतीलाई समाजका राम्रा नराम्रा कुराहरूको जानकारी गराएबाट अघि बढेको छ । 'म'पात्रले विवाह गरेर पत्नीलाई घर भित्र्याउनु, समाजका शत्रु र मित्र चिनाउनु र आफ्नो कर्तव्यका बारेमा सम्झाउनु कथाको आदि भाग अन्तर्गतका घटना हुन् । यसै गरी 'म'पात्रले भनेका यावत् कुराहरू उसकी पत्नीले स्वीकार गर्नु, निरङ्कुश व्यवस्था विरुद्ध उसकी पत्नी आन्दोलित हुनु, आन्दोलनकै क्रममा सहादत प्राप्त गर्नु कथाको मध्य भाग अन्तर्गतका घटना हुन् । त्यस्तै 'म' पात्र आफ्नी पत्नीको मृत्यु पश्चात् विचलित नभई ऊ हिँडेको बाटामा हिँड्ने प्रण गर्नु र उसको विचारलाई सबैले सम्पत्ति ठानेको चर्चा गर्नु कथाको अन्त्य भागका घटना हुन् ।

यस कथामा परम्परागत नेपाली समाज र 'म' पात्र र उसकी श्रीमती जस्ता चेतनशील व्यक्तिबिच द्वन्द्व पाइन्छ । यसै गरी 'म' पात्रले आफ्नी श्रीमतीलाई समाजका राम्रा नराम्रा पक्षबिच सम्झाउँदा उसले कस्तो रूपमा लेली, श्रीमतीको मृत्यु भएपछि 'म'पात्र के गर्ला जस्ता कुतूहल यस कथामा पाइन्छ ।

## चरित्र चित्रण

प्रस्तुत कथामा अत्यन्त सीमित पात्रको प्रयोग भएको छ । 'म' पात्रको एकोहोरो वर्णनमा कथा पूर्ण भएको छ । यस कथामा 'म' पात्र पुरुष, बद्ध, मञ्चीय र केन्द्रीय पात्रका रूपमा आएको छ

। ऊ सफल गृहस्थी सञ्चालन गर्न चाहने र पत्नीसँग सहकार्य गर्ने कुशल पतिका रूपमा देखिन्छ । उसले अन्याय अत्याचारका विरुद्ध आफ्नी श्रीमतीलाई पनि कडा रूपमा उभ्याएको छ । नेपाली समाजमा श्रमिकहरूको दयनीय अवस्थालई उसले राम्ररी चिनेको छ । निम्न वर्गीय जनताका विरुद्ध लाग्ने र पसिनाको कदर नगर्नेहरूलाई उसले शत्रुका रूपमा लिएको छ । पत्नीको असामयिक मृत्युले ऊ विचलित नभई निरन्तर सङ्घर्षमा लागि रहने प्रण गर्दछ । यसर्थ 'म' पात्र क्रान्तिकारी, साहसी र सामन्तवादका विरुद्ध लड्ने योद्धाका रूपमा चित्रित भएको पाइन्छ ।

यसै गरी उसकी पत्नी धन कथाको सुरुमा आफू सक्रिय नभए पनि 'म' पात्रको आग्रहलाई स्वीकार गर्ने पात्र हो । कथाको आरम्भमा 'म'पात्रको स्रोता बनेर आएकी धन कथाको अन्त्यमा सक्रिय भूमिकामा देखा परेकी छ । निरङ्कुश शासन व्यवस्थाका विरुद्ध लडेकी धन आन्दोलनका मोर्चामा अगाडि बढ्दा सहादत प्राप्त गर्छे । यसबाट के बुझ्न सकिन्छ भने ऊ साहसी नारी पात्र हो । यसै गरी यस कथामा सामन्तवादी वृत्ति भएका पात्रहरू पनि रहेका देखिन्छन् । प्रत्यक्ष सहभागिता नभए पनि धनको मृत्युमा कारक बन्नमा तिनीहरूको सक्रियता देखिन्छ ।

## संवाद

प्रस्तुत 'सम्पत्ति' कथामा 'म' पात्रको पूर्वस्मृतिलाई वर्तमानमा प्रस्तुत गरिएको छ । वर्तमानमा 'म' पात्र एक्लै छ र उसले विगतलाई वर्तमानमा सम्झिएको छ । त्यसैले यस कथामा संवाद नभएर मनोलाप रहेको देखिन्छ ।

## परिवेश

प्रस्तुत कथाले नेपाली राजनीतिको एउटा कालखण्डलाई आफ्नो परिवेश बनाएको छ । स्थानगत परिवेशका रूपमा नाम किटान नगरिएको ग्रामीण परिवेश आएको छ भने कालगत परिवेशलाई नियाल्दा यो कथाले नेपाली राजनीतिको पञ्चायत कालीन निरङ्कुश शासनको भयावह स्थितिलाई उजागर गरेको छ । श्रमिकहरूप्रति चिन्ता प्रकट गर्नु, शोषकका खतराप्रति चिन्ता प्रकट गर्नु, आन्दोलनमा धनको मृत्यु हुनु जस्ता कुराले शोषित र शोषकबिचको द्वन्द्व चर्किएको देखिन्छ ।

यसर्थ यस कथामा निम्न वर्गीय जनताको भावना विपरीत लागि परेको पञ्चायती राजनीति परिवेशका रूपमा आएको पाइन्छ ।

## दृष्टिविन्दु

प्रस्तुत कथामा प्रथम पुरुष, परिधीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । यसमा 'म'पात्र स्वयम्ले समाजका अन्याय, अत्याचार, शोषण र उत्पीडनका बारेमा बोलेको छ र ती तमाम विसङ्गतिलाई परास्त गर्न आन्दोलित हुनु पर्ने कुरा बताएको छ । धनको मृत्युपश्चात् 'म' पात्र संवेदनशील बन्दै उसको अदम्य साहसलाई सम्मान गर्दछ र उसको मृत्युबाट शोकाकुल हुनुभन्दा त्यसलाई शक्तिको रूपमा लिँदै आउँदा दिनमा उसैले देखाएको बाटामा हिँड्ने प्रण गर्दछ । यसरी समाजका दुर्वृत्तिका विरुद्धमा लाग्दा भएको सहादत र त्यो सहादतलाई 'म' पात्रले उच्च महत्त्वका साथ लिनुले यस कथामा प्रथम पुरुष, परिधीय दृष्टिविन्दु रहेको देखिन्छ ।

## उद्देश्य

'सम्पत्ति' कथा समाजिक विषय वस्तुलाई आधार बनाएर लेखिएको कथा हो । समाजमा विद्यमान विभेदलाई भत्काउनका लागि सम्पूर्ण शोषित पीडित जनताहरू एकजुट हुनु पर्ने कुरालाई सशक्त रूपमा उठाउनु यस कथाको उद्देश्य रहेको देखिन्छ । समाजमा रहेका माथिल्लो वर्गका व्यक्तिहरू जहिले पनि निम्न वर्गका मानिसहरूलाई अधिकार सम्पन्न भएको हेर्न चाहँदैनन् र हरतरहले दबाएर राख्न चाहन्छन् । त्यसैले समाजका शोषक सामन्तीलाई परास्त गर्दै हक अधिकार आफ्नो हातमा लिनका लागि सम्पूर्ण शोषित पीडितहरू एक भई आन्दोलित हुनुपर्छ र त्यस आन्दोलनमा कसैले मृत्यु वरण गरेमा त्यसबाट विचलित नभई शोकलाई शक्तिमा बदल्नु पर्छ भन्ने मार्क्सवादी चेतनालाई प्रस्तुत गर्नु पनि यस कथाको अभिप्राय देखिन्छ । यसरी समाजमा रहेको वर्गीय विभेद र त्यसको अन्त्य कसरी हुन सक्छ भन्ने बताउनु नै यस कथाको मूल ध्येय रहेको छ ।

## भाषाशैली

प्रस्तुत 'सम्पत्ति' कथामा सरल, सहज किसिमको भाषा प्रयोग गरिएको पाइन्छ । तत्सम, तद्भव तथा आगन्तुक शब्दहरूको प्रयोग कथामा भएको पाइन्छ । यस कथामा सेवा, शत्रु, कामुक, आकाश जस्ता तत्सम शब्दहरू, भान्सा, बुढो, लोभी, बाहुन जस्ता तद्भव शब्दहरू, जेल, चकनाचुर, बदला जस्ता आगन्तुक शब्दहरूको समुचित प्रयोग  पाइन्छ । त्यसै गरी यस कथामा शोषक, सामन्ती, श्रमिक, मजदुर जस्ता प्रगतिवादी साहित्यमा प्रयोग हुने शब्दहरूको पनि प्रयोग गरिएको छ । यस कथामा आदिदेखि अन्त्यसम्म संवाद नभएर 'म' पात्रको एकोहोरो वर्णन रहेको छ । 'म' पात्रले 'तिमी' पात्रप्रति सम्बोधन गरेकाले कथामा सम्बोधनात्मक शैली रहेको देखिन्छ ।

### ४.१.६ 'आफैँभित्र खोज्दा' कथाको विश्लेषण

#### कथानक

'आफैँभित्र खोज्दा' कथामा कथाकार देविका तिमिल्सिनाले सामाजिक विषय वस्तुको प्रयोग गरेका छन् । यसमा उनले नारीका चाहना, अश्लील यौन भावना, एवम् विधवा भएपछिका समस्या जस्ता कुरालाई प्रस्तुत गरेका छन् । समाजका असमानता र अन्ध दृष्टि विरुद्ध सङ्घर्ष गर्नु पर्ने कुरालाई पनि यसमा समावेश गरिएको छ ।

यस कथामा 'म' पात्र आफ्नो एकान्त कोठामा टोलाएर विगतको घटना स्मरण गरि रहेको छ । ऊ विगतका घटनालाई वर्तमानको विन्दुमा ल्याएर स्मरण गर्दछ । 'म' पात्रले आफ्नो अफिसमा शोभालाई नियुक्ति दिएको छ । एउटा ठुलो दुर्घटनामा परेर शोभाका सबै आफन्त मरेका हुन्छन् । ऊ विधवा भई । 'म' पात्रलाई शोभाले कतै कतै मन पराए झैं लाग्छ । ऊ पनि शोभाप्रति आकर्षित बन्दै गएको हुन्छ । कार्यालयमा प्रभाको प्रश्नमा 'म' पात्रले विवाह गरेको जानकारी दिएपछि शोभा बाहिरिन्छे ।

'म' पात्र शोभासँग सहयात्रा गर्न मानसिक रूपमा तयार हुन्छ । ऊ शोभासँगको मिलन सुखदायी हुने कुरा पनि सोच्दछ । तर उसको त्यो इच्छामा केही बन्धन र विकृति भएको ऊ सोच्दछ । ती रूढिगत विकृति विरुद्ध सङ्घर्ष गर्दै वर्गीयता रहित प्रेम गर्ने कल्पना उसले गरेको छ । 'म' पात्र नारीको उदासपन, आर्थिक जटिलता आदिले पीडित भएको बताउँछ । ऊ शोभाले कर्यालयमा चिया

दिएको सम्झँदै यौनमूलक विकृति विरुद्ध लाग्न सल्लाह दिन्छ । शोभाको जीवन सङ्गीतमय लय नभएकामा ऊ चिन्ता प्रकट गर्दछ । अन्त्यमा 'म' पात्र जीवन दुःखान्त नभई बाँचेकाले अर्को घटनाका लागि आशा मार्नु हुँदैन भन्दछ । उसले भावावेशमा शोभालाई स्वीकार नगर्ने कुरा बताउँछ । यसका लागि ऊ शोभालाई विकृतिका बन्धन विरुद्ध सङ्घर्ष गर्न आह्वान गर्दछ । यसै अवस्थामा यसको कथानक समाप्त हुन्छ ।

'म' पात्र एकान्त कोठामा बसेर अतीतलाई स्मरण गर्दछ । वर्तमानमा उसले गरेको स्मरणमै कथा केन्द्रित रहेको छ । 'म' पात्रले शोभालाई आफ्नो अफिसमा नियुक्ति दिनु, शोभा र 'म' पात्र एक आपसमा नजिकिनु, 'म' पात्रले शोभासँग मिलेर समाजका बन्धन चुँडाउँने प्रण गर्नु जस्ता घटना कथाको आदि भाग अन्तर्गत पर्दछन् । त्यस्तै अफिसमा प्रभासँग 'म' पात्रको भेट हुनु, 'म' पात्रले प्रभालाई आफूले बिहे गरेको कुरा बताउनु, 'म' पात्रको बिहे भएको कुरा सुनेर शोभा अफिसबाट बाहिरिनु कथाको मध्य भाग अन्तर्गतका घटना हुन् । त्यसै गरी 'म' पात्रले भावावेशमा आएर आफूले शोभालाई स्वीकार गर्न नसक्ने कुरा बताउनु र परम्परागत समाजका हीन आचरणका विरुद्ध सङ्घर्ष गर्न प्रेरित गर्नु जस्ता घटना कथाको अन्त्य भाग अन्तर्गत पर्दछन् ।

प्रस्तुत कथामा आन्तरिक र बाह्य दुबै प्रकारका द्वन्द्व प्रकटित भएका छन् । 'म' पात्रमा विधवा भइ सकेकी शोभालाई स्वीकार गर्ने कि नगर्ने भन्ने आन्तरिक द्वन्द्व पाइन्छ । यसै गरी परम्परागत नेपाली समाज र 'म' पात्र र शोभा जस्ता प्रगतिशील विचार भएका व्यक्तिहरूबिच बाह्य द्वन्द्व पाइन्छ । यस्तै 'म' पात्र र शोभाबिच कस्तो सम्बन्ध रहला, 'म' पात्रको बिहे भएको कुरा थाहा पाएपछि शोभाले के गर्ली, 'म' पात्रले शोभालाई भावावेशमा स्वीकार गर्न नसक्ने कुरा बताएपछि के होला जस्ता कुतूहल यस कथामा पाइन्छ ।

### चरित्र चित्रण

यस कथामा थोरै चरित्रको प्रयोग गरिएको छ । समग्र कथानक 'म' पात्रको विगतका घटनाको स्मरणबाट आएको छ । यसर्थ यस कथामा आदिदेखि अन्त्यसम्म 'म' पात्र रहेको देखिन्छ । 'म' पात्र कुनै अफिसको कर्मचारी हो । ऊ विवाहित भए पनि उसका पत्नी र छोराछोरी नरहेको

बुझिन्छ । विधवा शोभालाई उसले स्वीकार गर्नका लागि सामाजिक रूढि परम्परा बाधक रहेको ठान्दछ । ऊ यस्ता अन्ध परम्परा विरुद्ध डटेर लाग्न चाहने परिवर्तनकारी सोचको देखिन्छ । उसले शोभालाई पनि यस्तै खालको सल्लाह दिएको छ । यसर्थ ऊ यस कथाको मञ्चीय, बद्ध र अनुकूल पात्र हो । यस कथामा आएकी शोभा प्रमुख चरित्रका रूपमा देखिन्छे । ऊ विधवा भए पनि 'म' पात्रलाई चाहन्छे । उसले अव्यक्त रूपमा 'म' पात्रप्रति अनुराग प्रकट गरेको देखिन्छ । कथानकको आधारमा उसले पाठकीय संवेदना प्राप्त गरेकी छ । उसकै दयनीय एकल दुरवस्थाको चर्चा यस कथामा भएको देखिन्छ । यसर्थ शोभा प्रमुख, नारी, बद्ध, मञ्चीय पात्रका रूपमा रहेकी छ । यी बाहेक यसमा प्रभा गौण पात्रका रूपमा रहेकी छ । हाकिम, कारिन्दा जस्ता पात्रहरू सूच्य रूपमा आएका छन् ।

## संवाद

प्रस्तुत 'आफैँभित्र खोज्दा' कथामा संवादको प्रयोग भएको पाइँदैन । कथाकार स्वयम् 'म' पात्रका रूपमा कथामा उपस्थित भएर कथा वाचन गरेका छन् । 'म' पात्रले वर्तमानमा अतीतलाई स्मरण गरि रहेको छ । 'म' पात्रको पूर्वस्मृतिमै कथाले पूर्णता पाएको छ । यस कथाको आदिदेखि अन्त्यसम्म 'म' पात्रले गरेको सरसर्ती वर्णन पाइने यसमा संवाद नभएर एकालाप रहेको देखिन्छ ।

## परिवेश

यस कथाले नेपाली समाजमा विधवाप्रतिको नकारात्मक धारणालाई प्रस्तुत गरेको छ । यसैका कारण 'म' पात्र र शोभाबिच वैवाहिक सम्बन्ध स्थापित हुन सकेको छैन । यसैले यस कथामा अन्ध परम्पराले ग्रसित नेपाली समाज परिवेशका रूपमा आएको देखिन्छ । अर्कातर्फ त्यस्ता अन्ध परम्परा विरुद्ध डटेर लागि पर्ने युवा जोस जाँगर पनि चेतनाका रूपमा आएको छ । यसैले यसको कालगत परिवेश नवोदय हुँदै गरेको नेपालको सामयिक अवधिको देखिन्छ ।

## दृष्टिविन्दु

प्रस्तुत कथामा प्रथम पुरुष तथा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथाको समग्र कथानक 'म' पात्रले विगतका घटनालाई स्मरण गरेर प्रकटित भएको देखिन्छ । 'म' पात्र सम्पूर्ण कथानकमा व्याप्त भएर शोभाका दिनचर्या, जीवन व्यथा र समस्यालाई व्यक्त गरेको छ । 'म' पात्र उपस्थित भएर शोभाको समस्यालाई व्यक्त गरेकाले प्रथम पुरुषभित्र पनि परिधीय दृष्टिविन्दुको प्रयोग भएको छ ।

**उद्देश्य**

प्रस्तुत कथाले अन्ध संस्कृति, अन्ध परम्परा र गतल अवधारणाका विरुद्ध नेपाली समाजमा सङ्घर्ष गर्नु पर्ने कुरालाई सारवस्तुका रूपमा सम्प्रेषण गरेको देखिन्छ । सानो समस्यालाई समाधान गरेर मात्र समाजले सही बाटो प्राप्त गर्न नसक्ने विचार राख्दै कथाले समस्यालाई निर्मूल अन्त्य गर्न सन्देश दिएको छ । यसै गरी नारी समस्याका विरुद्ध नारीहरू नै सङ्गठित भएर सङ्घर्षका मैदानमा उत्रनु पर्ने कुरालाई पनि यस कथाले सारवस्तुका रूपमा अभिव्यक्त गरेको पाइन्छ । जीवन दुःखमय भए पनि नैराश्य बोध नगरी निरन्तर सङ्घर्ष गरे त्यो सुखामय बन्न सक्छ भन्ने विचार सम्प्रेषण गर्नु पनि यस कथाको उद्देश्य रहेको देखिन्छ ।

**भाषाशैली**

प्रस्तुत कथामा सरल तथा सहज भाषाशैलीको प्रयोग पाइन्छ । यस कथामा अबला, हृदय, नरभक्षी, सहयात्री, प्रतिकूल जस्ता तत्सम शब्दहरू, कोठा, मान्छे, हिउँ, सिउँदो जस्ता तद्भव शब्दहरू र एक्सरे, कारिन्दा, स्पेसल, कलेज, प्लेकार्ड, दुनियाँ, मुस्किल जस्ता आगन्तुक शब्दहरू प्रयोग भएका छन् । संवादको प्रयोग नभएर 'म' पात्रको सरसर्ती बयान मात्र रहेको यस कथामा वर्णनात्मक शैली अपनाइएको छ । यसमा प्रेम प्रणय जस्ता कुराहरू समेत आएका छन् । यिनले कथाको यथास्थानमा मार्मिक भूमिका निर्वाह गरेको देखिन्छ ।

### ४.१.७ 'एउटा प्रश्न' कथाको विश्लेषण

**कथानक**

प्रस्तुत ‘एउटा प्रश्न’ कथाको कथावस्तु निरङ्कुश राजनीतिक बितन्डाका कारण सिर्जित जटिल सामाजिक परिवेश रहेको छ । यसमा नेपाली राजनीति र नेपाली समाज समानान्तर भएर आएका छन् ।

यस कथामा ‘म’ पात्र विक्रम शिक्षक लक्ष्मणका आग्रहमा तेह्रथुमबाट आएको जी.बी. मुखियालाई लिन सहरतर्फ लाग्छ । ऊ अपरिचित मुखियालाई लिएर आफ्नो डेरातर्फ लाग्छ । विक्रमले मुखिया पनि तेह्रथुमको शिक्षक भएको थाहा पाउँछ । ऊ केही पुस्तक लिन काठमाडौं आएको छ । उसले जिल्लामा हिंस्रक व्यक्तिको प्रशासनसँगको साँठगाँठ र षड्यन्त्रले नैतिकवान मानिसको दुरवस्था रहेको बताउँछ । जिल्लामा हिंस्रक चरित्र भएको दीपक बहादुरको सहचर हितजङ्गले खोलामा बग्दै आएको लास निर्दोष शिक्षक हर्क राईले मारेको आरोप लगाउँछ । हर्कका पक्षमा धेरै कुरा आए पनि प्रशासनका बलमा हितजङ्गले हर्क सहितका अन्य शिक्षकलाई कारबाही गराउँछ । मुखिया प्रशासनको भय भए पनि यस्ता विकृतिलाई पत्रिकामा सार्वजनिक गर्न चाहन्छ । यसका लागि विक्रमले साथ दिने कुरा गर्छ ।

उनीहरूको गोप्य प्रकोष्ठमा अकस्मात हरि बहादुरले प्रहरी भ्यान आएको सूचना दिन्छ र मुखिया भाग्दछ । विक्रमले यसबारे अनौठो अनुभूति गर्दछ । इन्सपेक्टरले हरि बहादुरलाई उग्रवादी भन्दै समाउँछ । यसै सहरी टोलको निर्दोष हरि बहादुर समातिँदा विक्रमले इन्सपेक्टरसँग धेरै प्रतिवाद गर्छ । तमाखु पसले पनि हरि बहादुरलाई विनाकाम समातिएकामा आपत्ति जनाउँछ तर प्रहरीले तमाखु पसलेलाई समेत समाई भ्यानमा हाल्छ । विक्रम समेत प्रहरी गिरफ्तारीमा पर्दछ । सडकको भिडमा केटाकेटीहरू उग्रवादी शब्दबारे अबोधता प्रकट गर्दछन् ।

यस कथाको कथानक जनताका सार्वभौम अधिकारका विरुद्ध लागि परेका फटाहाका कारण तत्कालीन शिक्षकहरूले भोग्नु परेका व्यथामा आधारित छ । यस कथामा ‘म’ पात्र विक्रम जी.बी.मुखियालाई लिन बजार जानु, मुखियालाई लिएर कोठामा फर्कनु, मुखियाले जिल्लामा हिंस्रक व्यक्ति र प्रशासनको साँठगाँठले असल मानिसको अवस्था बिग्रेको बताउनु, मुखियाले प्रशासनिक विकृति र सामान्य मानिसको दुरवस्थालाई पत्रिकामा सार्वजनिक गर्ने कुरा गर्नु र त्यसका लागि विक्रमले साथ दिने कुरा गर्नु कथाको आदि भागका घटना हुन् । त्यस्तै मुखिया र विक्रम गोप्य

कुराकानी गरि रहेका बखत हरि बहादुरले प्रहरी भ्यान आएको जानकारी दिनु, मुखिया भाग्नु, इन्सपेक्टरले हरि बहादुरलाई समाउनु, विक्रमले प्रहरीसँग प्रतिवाद गर्नु कथाको मध्य भागका घटना हुन् । यसै गरी तमाखु पसलेले हरि बहादुरलाई समातिएकामा आपत्ति जनाउनु, प्रहरीले तमाखु पसलेलाई समेत समातेर भ्यानमा हाल्नु, विक्रम समेत प्रहरी गिरफ्तारीमा पर्नु कथाको अन्त्य भागका घटना हुन् ।

प्रस्तुत कथामा सोझासिधा शिक्षक, कर्मचारी र सर्व साधारण मानिसलाई प्रशासनले विनाकाममा दुःख दिनु, पीडित शिक्षक र कर्मचारीहरूले प्रशासनको विकृति विरुद्ध आबाज उठाउनु , एकजुट हुनु र प्रशासनको गिरफ्तारीमा पर्नुले सर्व साधारण जनता र तत्कालीन निरङ्कुश सरकारबिच बाहय द्वन्द्व प्रकट भएको देखिन्छ । यस कथामा हरि बहादुरले प्रहरी आएको खबर गरेपछि मुखिया किन भागे होला, मुखिया भागेर कहाँ गए होलान्, प्रहरीले हरि बहादुर, पान पसले र विक्रमलाई कहाँ लगेर के गऱ्यो होला जस्ता कुतूहल पाइन्छ ।

## चरित्र चित्रण

प्रस्तुत कथामा विक्रम, मुखिया, हरि बहादुर र प्रहरीहरूको चरित्र सबल बनेको छ । 'म' पात्र काठमाडौँमा डेरा गरी बस्ने शिक्षक हो । ऊ अन्याय अत्याचारमा परेका शिक्षकहरूलाई सहयोग गर्न तयार हुन्छ । उसले मुखियाको समस्यालाई र प्रशासनिक दुर्वृत्तिलाई भन्डाफोर गर्न पत्रिका निकाल्ने निर्णय गरेको छ । समग्र घटना उसले नै अन्य पात्रसँगको संवाद, वर्णन र आततायी प्रशासनिक दुर्वृत्तिका माध्यमबाट प्रकट गरेको छ । यसै गरी मुखिया तेह्रथुमको शिक्षक हो । ऊ उच्च प्रशासनका बलमा हितजङ्गले निर्दोष हर्क राई लगायतका शिक्षकलाई सजाय दिलाएकामा असहमति प्रकट गर्दछ । स्थानीय क्षेत्रबाट विद्रोह गर्न असफल भएपछि सहर पसेको ऊ प्रशासनिक विकृतिलाई जनतासामु खुलस्त गर्न चाहने पारदर्शी चरित्रका रूपमा देखिन्छ । यसर्थ यी दुबै पात्र प्रमुख बद्ध, मञ्चीय, अनुकूल चरित्रका देखिन्छन् । हरि बहादुर निर्दोष तर प्रहरीबाट विना कारण समातिएका सर्व साधारण नेपालीको प्रतिनिधि पात्र हो । इन्सपेक्टर लगायतका प्रहरी जबानहरू पञ्चायती ठाडो शासनको पालना गरी जनताका अधिकारमाथि कुठाराघात गर्ने, विना कारण धरपकड गर्ने खल चरित्रका रूपमा देखिन्छन् । तथ्यको अनुसन्धान नगर्ने तर हरि बहादुर, तमाखु पसले, विक्रम जस्ता

निर्दोष चरित्रलाई यातना दिएर उनीहरू समग्र प्रशासनको उपहास बनेका छन् । यसै गरी कथामा प्रयुक्त तमाखु पसले, विक्रमकी श्रीमती, लक्ष्मण जस्ता पात्रहरू मञ्चीय भए पनि गौण भूमिका भएका चरित्र हुन् । हितजङ्ग प्रशासनसँग मिलेर तेह्रथुममा निर्दोष शिक्षकमाथि अत्याचार गर्ने प्रतिकूल चरित्र भएको पात्र हो । यसै गरी कथामा सडकको भिड केटाकेटी जस्ता सूच्य पात्रहरू पनि आएका छन् ।

## संवाद

प्रस्तुत कथामा पात्र अनुसार संवादको यथोचित प्रयोग भएको पाइन्छ । यसमा प्रमुख पात्रहरू जी.बी. मुखिया र विक्रमबिच, इन्सपेक्टर र विक्रमबिच, पान पसले र इन्सपेक्टरबिच र केटाकेटीहरूबिच संवाद पाइन्छ । जी.बी. मुखियाको संवादबाट समाजका हिंस्रह व्यक्तिहरूको दादागिरी प्रष्ट हुन्छ ; जस्तै : 'उसका मनमानीहरूको विरोधमा बोल्ने आँट कसैमा पुग्दैन । कोही अगाडि सरेर अन्यायको विरोध गऱ्यो कि त्यसको खैरियत छैन भने पनि हुन्छ ।' इन्सपेक्टरको संवादबाट ऊ मनमानी तरिकाले चल्ने निरङकुश व्यवस्थालाई टेवा पुऱ्याउने कर्मचारी भएको बोध हुन्छ ; जस्तैः 'यो उग्रवादी कुन बेला आएको हो ?', 'को त्यो अन्याय भयो भन्ने ? समात त्यसलाई ।' त्यस्तै बाल बालिकाहरूको संवादबाट अबोधता प्रकट हुन्छ ; जस्तैः 'उग्रवादी भनेको के हो ?' यसरी प्रस्तुत कथा संवाद प्रयोगले सशक्त देखिन्छ ।

## परिवेश

प्रस्तुत कथा निरङ्कुश पञ्चायती शासनका कारण सर्व साधारणका लागि जटिल बन्दै गएको नेपाली सामाजिक परिवेशमा आधारित छ । यसले पञ्चायती तानाशाहको अत्याचार चरम अवस्थामा पुगेको सन्दर्भलाई इन्सपेक्टरको दुराचरण र हितजङ्गका अन्यायपूर्ण कार्यबाट प्रकट गरेको छ । यस्ता विकृतिले ग्रामीण क्षेत्रको नेपाली समाज र सहरिया समाजमा पनि सर्व साधारण तथा बौद्धिक व्यक्तिहरूले ठुलो समस्या बेहोर्नु परेको छ । अर्कातर्फ त्यस्ता तानाशाही चरित्रका विरुद्ध बौद्धिक जमात सङ्गठित बन्दै गएको अवस्था पनि यहाँ आएको छ । यसर्थ यस कथामा पञ्चायती दुराचरणको चरम रूप र त्यसका कारण जन मानसमा उदाउँदै गएको नवीन चेतना प्राप्त गर्न

सकिन्छ । यसका आधारमा यस कथामा स्थानगत परिवेश नेपाली समाज र कालगत परिवेश वि.सं. २०४६ सालको पूर्वसन्ध्या रहेको पाइन्छ ।

## दृष्टिविन्दु

प्रस्तुत कथा 'म' पात्रको वर्णनमा आधारित छ । उसले नै सम्पूर्ण कथानकलाई व्यक्त गरेको छ । कुराकानी, वर्णन आदिका आधारमा उसले कथालाई अगाडि बढाएको छ । प्रशासनिक दुर्वृत्तिलाई उजागर गर्न, तेह्रथुमका शिक्षकहरूको दुरवस्थालाई प्रकट गर्न ऊ मुखियाको संवादबाट सफल भएको छ । यसर्थ प्रस्तुत कथामा 'म' पात्रकै सर्वोपरिता रहेको देखिन्छ । उसले आफ्नो भन्दा मुखिया, हर्क, तमाखु पसलेका निर्दोषता र हितजङ्ग इन्सपेक्टरहरूका दुर्वृत्तिलाई समान रूपमा प्रकट गरेको छ । तसर्थ यस कथामा प्रथम पुरुष, परिधीय दृष्टिविन्दु रहेको पाइन्छ ।

## उद्देश्य

पञ्चायती प्रशासनका गतल वृत्तिले आक्रान्त नेपाली समाजको जटिलता प्रस्तुत गर्नु र जनताको अधिकार प्राप्त गर्नका लागि सबै सङ्गठित भएर लाग्नु पर्ने सन्देश दिनु यस कथाको मुख्य उद्देश्य रहेको देखिन्छ । ठाडो आदेशको पालना गर्ने इन्सपेक्टर जस्ता चरित्रहरू समाजमा अत्याचार गर्न  तल्लीन छन् । जुनसुकै बेला पनि अत्याचारीबाट जनतामा अन्याय पर्न सक्ने खतराप्रति सचेत गराउनु पनि यस कथाको उद्देश्य रहेको देखिन्छ । नेपाली जनताले सँधैं सतर्क भएर आन्दोलित हुनु पर्ने कुरा यहाँ अन्तर्क्षिप्त बनेर आएको छ । अबको बौद्धिक जमात अत्यन्त होसियारीपूर्वक अधिकार प्राप्त गर्न लाग्नु पर्ने केन्द्रीय कथ्य कथामा पाइन्छ । यसरी पञ्चायती दुर्व्यवहारको भन्डाफोर गर्नु र त्यसका विरुद्ध आबाज उठाउँदै बौद्धिक जमातलाई एकजुट हुन आग्रह गर्नु यस कथाको मूल अभीष्ट रहेको पाइन्छ ।

## भाषाशैली

प्रस्तुत कथामा सरल तथा सहज भाषाशैलीको प्रयोग गरिएको छ । यसमा गम्भीर, मौन, षड्यन्त्र, सन्तान, सेवा, शिक्षक जस्ता तत्सम शब्दहरू र भान्सा, मान्छे, हात, गाउँ, काँध जस्ता तद्भव शब्दहरूको प्रयोग भएको पाइन्छ । त्यस्तै हुलिया, सर्जमिन, मुचुल्का, म्याटर, इन्सपेक्टर, प्रेस, कम्पोजिटर जस्ता आगन्तुक शब्दको यथोचित प्रयोग यस कथामा पाइन्छ । यस कथामा गाली गलोजका, प्रश्नात्मक, विष्मयमूलक आदि वाक्यको प्रयोग पाइन्छ । कथामा कतै कतै संवादको प्रयोग पाइन्छ भने धेरैजसो ठाउँमा कथाकारले पात्र र घटनाको वर्णन गरेकाले वर्णनात्मक शैली पाइन्छ ।

## ४.१.८ 'काशीराम' कथाको विश्लेषण

### कथानक

प्रस्तुत 'काशीराम' कथाको स्रोत नेपाली राजनीति र नेपाली समाज रहेको देखिन्छ । यसमा खास गरी पञ्चायत कालीन प्रभुहरूका अनाचार र उनीहरूका हैकमका कारण विरक्त लाग्दो बनेको नेपाली समाज आएको पाइन्छ ।

काशीरामका वैयक्तिक जीवन र व्यवहारमा यसको कथानक आधारित छ । उसलाई जुनसुकै क्षेत्रमा संलग्न रहेर टुटाउने फुटाउने, राम्रा नराम्रा आचरण गर्ने भएका कारण अनिवार्य तत्त्व अथवा 'अत' भनिएको छ । ऊ जोसुकै व्यक्ति र जुनसुकै क्षेत्रमा सजिलै घुलमिल हुन सक्दछ । ऊ आफू जन सेवक हुँ भन्दछ । आफ्नो फाइदाका निम्ति चाकडीदेखि धम्कीसम्मका कार्यहरू ऊ सजिलै गर्दछ । ऊ समशेरको सहयोगीको रूपमा रहेको छ । ऊ ग्रामीण क्षेत्रप्रति संवेदनशील रहेको र घरेलु सीपमा पोख्त नेताका कारण जनताका कविता लेख्न प्रेरित हुन्छ । उसले सिंह दरबारको भक्त बनेको पुड्के पण्डारामलाई विद्रोही कविता सुनाउँछ । पण्डारामले विद्रोही कविताका विरुद्ध बोल्दा काशीराम प्रतिवाद गर्दछ । उसले समशेरका बलमा आफ्नो दम्भ प्रदर्शन गरेको छ । अर्कातर्फ पण्डाराम सिंह दरबारलाई नत मस्तक बनी दर्शन गर्दछ । सिंह दरबारको चाकडीपछि पण्डाराम गतिवान बनेको अनुभव गर्दछ ।

काशीराम पुड्केका दरबारीया षड्यन्त्रलाई फुट ल्याउन सोच्दछ । ऊ यसैका निम्ति रुँदै पण्डारामका दरबारमा पुग्दछ । ऊसँग ढोकामा पुगेर दाजुभाइको साइनो लगाउँदै काशीरामले पण्डारामका अनुकूल व्यवहार गर्ने प्रतिबद्धता जनाउँछ । पण्डाराम जनतालाई नियन्त्रण गरी हैकम

लाद्ने षड्यन्त्र बुन्छ र सोही अनुरूप पुड्के जनतालाई फुटाउने कार्यमा तल्लीन हुन्छ । ऊ पशुप्राणीलाई पनि फुटाउनका लागि पण्डारामले दिएको फुल प्रयोग गर्दछ र सफल पनि हुन्छ । अन्तमा काशीराम षड्यन्त्रको त्यो फुल लिएर सिंह दरबार छिर्छ र कहिल्यै फर्कँदैन ।

षड्यन्त्रकारी राजनीतिले विकृत वनेको नेपाली समाजको चित्रण गर्न सक्षम प्रस्तुत काशीराम कथामा काशीराम समाजका जुनसुकै क्षेत्रमा घुलमिल हुन सक्नु, आफ्नो कामका बारेमा कसैलाई नबताउनु, आफूलाई समशेरको निकट सहयोगी बताउनु, एउटा गाउँले नेताको सम्पर्कमा आउनु कथाको आदि भागका घटना हुन् । त्यस्तै नेतासँग सम्पर्क भएपछि जनताका कविता लेख्न थाल्नु, पुड्केलाई सिंह दरबार अगाडि भेटेर विद्रोही कविता सुनाउनु, पुड्केले कविताप्रति असहमति जनाउनु, काशीरामले पुड्केसँग प्रतिवाद गर्नु कथाको मध्य भागका घटना हुन् । त्यसै गरी काशीराम पुड्के पण्डारामको घर जानु, उनीहरूबिच गोप्य कुराकानी हुनु, पण्डारामले काशीरामलाई टुटाउने फुटाउने जिम्मा दिनु र सो कामको जिम्मा लिएको काशीरामको सिंह दरबारमा विलय हुनु जस्ता घटना कथाको अन्त्य भाग अन्तर्गत पर्दछन् ।

प्रस्तुत 'काशीराम' कथामा काशीराम अतले पण्डारामलाई विद्रोही कविता सुनाउनु, पण्डारामले त्यसको विरोध गर्नु, काशीरामले पुड्केसँग प्रतिवाद गर्नु जस्ता घटनाले काशीराम र पण्डारामबिच बाह्य द्वन्द्व पाइन्छ । त्यसै गरी तत्कालीन निरङ्कुश शासन व्यवस्थाका विरुद्ध जनता विद्रोही हुनुले यस कथामा शासक वर्ग र जनताबिच बाह्य द्वन्द्व पाइन्छ । यस कथामा काशीरामले कस्तो खालको काम गर्छ होला, कविता सुनेपछि पुड्केले काशीरामलाई के भन्ला, काशीराम सिंह दरबार छिरेपछि के गर्ला जस्ता कुतूहल पाठक मनमा पैदा हुन्छ ।

## चरित्र चित्रण

प्रस्तुत 'काशीराम' कथामा पुरुष पात्रहरूको मात्र प्रयोग गरिएको छ । काशीराम यस कथाको प्रमुख पात्र हो । ऊ अस्थिर चरित्रको देखिन्छ । राम्रा नराम्रा, सानाठुला, चोरी प्रशासन जस्ता व्यक्ति, क्षेत्र र कार्यसँग सजिलै घुलमिल हुने ऊ फाइदाका लागि जे पनि गर्न तम्सन्छ । ऊ समशेर जस्तो शक्ति सम्पन्न व्यक्तिको सहयोगी रहेको छ । नेताका प्रेरणाबाट जनताको गीत गाउन थालेको ऊ

पञ्चायत लम्पट पण्डारामसँग प्रतिवाद गर्दछ । अन्त्यमा ऊ पनि जनतालाई फुटाएर फाइदा लुट्ने कार्य गरी दरबारिया बन्दछ । यसर्थ काशीराम प्रमुख, बद्ध, मञ्चीय, गतिशील एवम् प्रतिकूल चरित्रका रूपमा रहेको देखिन्छ ।

पण्डाराम यस कथाको सहायक पत्रका रूपमा देखिन्छ । पञ्चायती दरबारको निकट व्यक्ति रहेको ऊ ठुलाबडालई प्रभु भन्दछ । सिंह दरबारको चाप्लुसी गरेर जनताका विरुद्ध काम गर्न ऊ उद्यत देखिन्छ । उसले जनप्रिय बन्दै गएको काशीरामलाई फुटको राजनीति सिकाएर दरबारिया बनाएको छ । उसको आफ्नै भव्य महल रहनाले आर्थिक रूपले सम्पन्न देखिए पनि ऊ भ्रष्ट देखिन्छ । यसर्थ पण्डाराम सहयोगी, बद्ध, मञ्चीय, प्रतिकूल चरित्रको बनेर देखा परेको छ । कथामा आएका नेता, समशेर जस्ता पात्रहरू गौण चरित्रका देखिन्छन् ।

## संवाद

प्रस्तुत काशीराम कथा कथाकारको वर्णन र ठाउँ ठाउँमा संवादको प्रयोगबाट अगाडि बढेको पाइन्छ । यस कथामा प्रमुख पात्र काशीराम अत र पण्डारामबिच संवाद पाइन्छ । उनीहरूबिचको संवादबाट पण्डाराम तत्कालीन निरङ्कुश शासन व्यवस्थाको निकटतम सहयोगी व्यक्ति भएको बोध हुन्छ भने काशीराम सुरु सुरुमा जनताको कविता लेख्ने कवि भए पनि पछि निरङ्कुश व्यवस्थाकै मतियार भएको बोध हुन्छ ।

जस्तै : पण्डाराम 'तिमी भाइ नै रहेछौ, त्यसैले तिमी हाम्रो असल मान्छे हुन सक्छौ । भन, तिमीलाई के काम दिऊ ?' काशीराम 'दाजै मलाई दुनियाँ टुटाउने, फुटाउने र झगडा गराउने काम दिनुस् ।' यसरी यस कथामा पात्र अनुसार उचित संवादको प्रयोग भएको पाइन्छ ।

## परिवेश

प्रस्तुत कथाले पञ्चायत कालीन राजनीतिलाई आफ्नो विषय वस्तु बनाएको छ । यस हिसाबले हेर्दा यसमा कालगत परिवेशका रूपमा पञ्चायत कालीन समय आएको देखिन्छ । यसै गरी काशीराम र पण्डारामका बिच सिंह दरबार अगाडि वाद विवाद हुनु र पण्डारामले दिनदिनै सिंह

दरबारको दर्शन गर्नु जस्ता घटनाले यो कथा घटित भएको स्थान राजधानी काठमाडौं हो भन्ने बुझिन्छ । यसर्थ पञ्चायत कालीन समय र राजधानी काठमाडौं यस कथाको कालिक र स्थानगत परिवेशका रूपमा आएका छन् ।

## दृष्टिविन्दु

यस कथामा पात्रहरूका अवस्था र क्रिया कलापलाई वर्णन गर्ने सन्दर्भमा कथाकार कथाभन्दा बाहिर रहेका देखिन्छन् । यसर्थ प्रस्तुत कथामा बाह्य तथा तृतीय पुरुष दुष्टिविन्दुको प्रयोग भएको पाइन्छ । कथाकारले कुनै एउटा पात्रको पछि नलागी अरू पात्रको अवस्थालई समेत स्पट्याउने काम गरेका छन् । कथाकारले काशीरामको अवस्थालाई मात्र प्रकट नगरेर पण्डाराम जस्ता पात्रको क्रिया कलाप र अवस्थालाई समेत उजागर गरेका  छन् । यसर्थ यस कथामा तृतीय पुरुष अन्तर्गतको सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको  पाइन्छ ।

## उद्देश्य

प्रस्ततु कथा पञ्चायती शासनको शोषण वृत्तिबाट प्रताडित नेपाली सामाजिक परिवेशमा संरचित देखिन्छ । सामन्ती संस्कार भएका शोषकहरूको रबाफपूर्ण जीवन शैली र उनीहरूका क्रिया कलापलाई उजागर गर्नु यस कथाको उद्देश्य रहेको देखिन्छ । आफूलाई देश र जनताप्रति समर्पित बनाउने व्यक्तिहरू कसरी रातारात निरङ्कुश राज्य सत्ताको मतियार बन्न पुग्दछन् र जनतालाई धोका दिन्छन् भन्ने कुरालाई स्पष्ट गर्नु यस कथाको मूल ध्येय देखिन्छ ।

## भाषाशैली

यस कथामा सरल र समान्य भाषाको प्रयोग भएको पाइन्छ । यसमा सरल, संयुक्त, प्रश्नार्थक र विस्मयबोधक वाक्यको प्रयोग भएको पाइन्छ । कटाक्ष, गम्भीर, शुल्क, मानव, देह, अलप, पण्डागृह, मूलद्वार जस्ता तत्सम शब्दहरू, काम, हात, गाउँ, घर, रोग, आगो, फूर्ति जस्ता तद्भव शब्दहरू र केजी, पुलिस, पेसा, मुड, पेस, मामुली, मिनेट, कानुन जस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको यस कथामा झल्याक् झुलुक् र भुक्लुक् भुक्लुक् जस्ता अनुकरणात्मक शब्दको पनि प्रयोग भएको पाइन्छ

। यस कथामा कथाकारले आफू कथा बाहिर बसी पात्र र घटनाको बारेमा वर्णन गरेकाले वर्णनात्मक शैली पाइन्छ भने ठाउँ ठाउँमा पात्रहरूबिचको कुराकानीले यस कथामा न्यून मात्रामा भए पनि संवादात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

## ४.१.९ 'वर्तमान' कथाको विश्लेषण

### कथानक

'वर्तमान' कथाको कथानक राजनीतिक पृष्ठभूमिमा आधारित भएको देखिन्छ । नेपाली समाजका प्रतिष्ठित व्यक्तिहरूका जीवन शैली र दुर्वृत्तिलाई उजागर गर्न प्रस्तुत कथा संरचित देखिन्छ । कथावस्तुमा प्रारम्भ, मध्य र अन्तको निर्वाह गर्न सक्षम तथा परस्पर सम्बद्ध र अर्थयुक्त घटनाहरूको क्रमिक अनुबन्धनलाई कथानक भनिन्छ ।[४८] यस कथामा धावक राम प्रसाद श्रेष्ठ र उसको जीवनमा आइ परेका राजनीतिक सम्पर्क, सङ्कटावस्था जस्ता कुराहरू कथानकका रूपमा आएका छन् । अफिसबाट साँझ घर फर्केको राम प्रसाद शुभ्र होटलमा गएसम्मको घटना यस कथानकको आदि भाग अन्तर्गत पर्दछ । यसभित्र राम प्रसाद घर पुग्नु, पत्नीका आँखामा प्रहरीको छनक पाउनु, भोजको निम्तो आउनु, क्लबको कोट र शङ्कित ब्याजप्रति चासो बढ्नु, रातमा शुभ्र होटलमा प्रवेश गर्नु जस्ता घटना आएका छन् । यसै गरी शुभ्र होटलको प्रवेशपछि राम प्रसादको बैङ्कक गमनसम्मको घटना मध्यभाग अन्तर्गत पर्दछ । यसभित्र आगन्तुकको स्वागत, अध्यक्षको भाषण, पञ्चायती व्यवस्थालाई समर्थन गर्ने कागजमा गरिएको हस्ताक्षर, गोप्य रूपमा दिइएको कार्य विभाजन, खेलकुद पत्रिकाको सम्पादकमा राम प्रसाद नियुक्त हुनु जस्ता घटनाहरू आएका छन् । प्रस्तुत कथाको अन्त्य भागमा राम प्रसादको बैङ्कक गमनदेखि श्रीमती मोनाले पढेको पतिको मृत्युको समाचारसम्मको घटना पर्दछ । अन्त्य भाग अन्तर्गत राम प्रसादले पत्नीलाई विदेश जाने खबर सुनाउनु, डाक्टरका कारण तातो चिया खान नचाहेको बताउनु, खेलकुदको काम लिई राति बैङ्कक प्रस्थान गर्नु, दुई दिनपछि अज्ञात व्यक्तिले श्रीमती मोनालाई फोन गर्नु, भोलिपल्टको गोरखा

---

[४८] हरि प्रसाद शर्मा, **कथाको सिद्धान्त र विवेचन** (काठमाडौं : नेराप्रप्र २०५९), पृ. ६२ ।

पत्रमा तातो वस्तुको सेवनले पेटको हिरोइन फुटेर राम प्रसादको मृत्यु भएको समाचार उसकी श्रीमतीले पढ्नु र संवेदित हुनु जस्ता घटनाहरू पर्दछन् ।

यसरी प्रस्तुत कथाको कथानक रैखिक ढाँचामा अगाडि बढेकाले आदि, मध्य र अन्त्यको शृङ्खलामा समेटिन सक्छ । यसमा राम प्रसादको दैनिक जीवनभन्दा आंशिक कार्य कलाप मुख्य रूपमा आएको छ । उसको शुभ्र होटल गमनपछि के होला, कागजमा गरिएको हस्ताक्षरले कस्तो असर गर्ला जस्ता कौतूहल पाठकमा परि रहन्छ । यसै गरी राम प्रसादको मृत्युको समाचारले एकै पटक कौतूहलको विनाश र चरमोत्कर्ष ग्रहण गर्दछ । यस कथामा पञ्चायती व्यवस्थाको हाली मुहाली मात्र एकल रूपमा प्रयोग भएकाले द्वन्द्वको उपस्थिति पाइँदैन तर पनि होटलभित्रको बसाइ, श्रीमान्को विदेश गमन, अज्ञात व्यक्तिको फोनका कारण श्रेष्ठ पत्नी मोनाका मनमा द्वन्द्व रहेको पाइन्छ ।

## चरित्र चित्रण

प्रस्तुत 'वर्तमान' कथामा सीमित पात्रको प्रयोग पाइन्छ । यसमा पुरुष पात्र राम प्रसाद प्रमुख, मञ्चीय, बद्ध, केन्द्रीय र प्रतिकूल चरित्रका रूपमा देखिन्छ । निरङ्कुश शासन व्यवस्थाको मतियार राम प्रसाद निरङ्कुश व्यवस्थाको गुण गाएकै भरमा उच्च ओहदामा पुग्न सफल व्यक्ति हो । तत्कालीन शासन व्यवस्थाको सम्मानित व्यक्ति भएर पनि राम प्रसादले अवैधानिक काम गरेकाले ऊ भ्रष्ट र गलत आचरण भएको व्यक्तिका रूपमा कथामा चित्रित छ । मोना यस कथाकी नारी पात्र हो । मोना राम प्रसादको घर व्यवहार र दुःखसुखमा साथ दिने उसकी श्रीमती भएकीले उसलाई सहायक र बद्ध चरित्रका रूपमा पाउन सकिन्छ । ऊ इमानदार प्रकृतिकी छ । उसलाई आफ्नो लोग्नेको गलत वृत्ति थाहा हुँदैन । यसबाट पनि ऊ सोझी खालकी छ भन्न सकिन्छ । उसको स्वभाव यस कथामा अनुकूल प्रकृतिको  पाइन्छ । यी दुई बाहेक राम प्रसादलाई पेटमा हिरोइन राख्न सहयोग गर्ने डाक्टर मीठाराम, राष्ट्रिय युवा तत्त्व नेपालको अध्यक्षको चरित्र गौण भए पनि प्रतिकूल देखिन्छ ।

## संवाद

प्रस्तुत कथा कथाकारको वर्णन र ठाउँ ठाउँमा संवादको प्रयोगबाट अगाडि बढेको पाइन्छ । यसमा प्रमुख पात्र राम प्रसाद र उसकी श्रीमती मोनाबिच प्रत्यक्ष संवाद पाइन्छ भने मोना र अज्ञात व्यक्तिबिच टेलिफोन संवाद पाइन्छ । मोनाको संवादबाट ऊ पतिलाई अति माया गर्छे भन्ने बुझिन्छ ; जस्तैः 'पानी खाने ? ग्लुकोज हालेर ल्याउँछु ।', 'चाँडै आउनुस् 'म' बाह्र बजेसम्म सुत्दिन, निद्रा लाग्दैन ।' राम प्रसादको संवादबाट ऊ उच्च ओहदाको व्यक्ति हो भन्ने बोध हुन्छ ; जस्तै : 'मोना भोज मात्रै होइन मिटिङ पनि हो । त्यहाँ धेरै धेरै राष्ट्रिय समसामयिक छलफलहरू हुने छन् ।' यसरी प्रस्तुत कथामा पात्र अनुसारको उचित संवाद पाइन्छ ।

## परिवेश

प्रस्तुत कथा नेपाली समाजको आर्थिक, सामाजिक, राजनीतिक विषय वस्तुमा आधारित छ । नेपाली समाजमा उच्च वर्गका व्यक्तिले भोगेको जीवन र त्यो समाज परिवेशका रूपमा आएको छ । पञ्चायत कालीन निरङ्कुशताको विरुद्धमा आबाज उठ्न थालेका र त्यसलाई दमन गर्ने सरकारी योजना यहाँ प्रकट भएको पाइन्छ । यसर्थ पञ्चायतको अस्तकालीन समय र नेपाली समाज यस कथाको कालिक र स्थानगत परिवेशका रूपमा आएका छन् ।

## दृष्टिविन्दु

प्रस्तुत कथामा बाह्य वा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । यसमा कथाकारले कथादेखि बाहिर रहेर कथामा प्रयुक्त पात्रका बारेमा प्रकाश पारेका छन् । यसमा कथाकारले प्रमुख पात्र राम प्रसादका बारेमा वर्णन गरेकाले तृतीय पुरुष अन्तर्गतको सीमित दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । राम प्रसाद तत्कालीन शासन व्यवस्थाको उच्च तहको सम्मानित व्यक्ति हो । कथाकारले उसको जीवन शैली र व्यवहारलाई कथामा उजागर गरेका छन् ।

## उद्देश्य

प्रस्तुत 'वर्तमान' कथाको उद्देश्य निरङ्कुश पञ्चायती व्यवस्थाका मतियार, उच्च पदस्थ कर्मचारीको जीवन शैली र दुर्वृत्तिलाई उजागर गर्नु रहेको देखिन्छ । जनताको स्वतन्त्रताको

चाहनालाई निरङ्कुश तानाशाहहरू कसरी दबाएर राख्दछन् भन्ने कुरा उजागर गर्नु पनि यस कथाको अभिप्राय देखिन्छ । राज्यको उच्च ओहदामा पुगेका व्यक्तिहरू कतिसम्म निच काम गर्दछन् भन्ने कुरालाई उजिल्याउनु पनि यस कथाको उद्देश्य हो ।

### भाषाशैली

प्रस्तुत 'वर्तमान' कथामा कथाकारले सरल भाषाको प्रयोग गरेका छन् । यस कथामा सरल र संयुक्त वाक्यको प्रयोग भएको पाइन्छ । कतै कतै प्रश्नात्मक र विस्मयबोधक वाक्यको प्रयोग भएको यस कथामा ट्याँ ट्याँ, प्याट्ट, घुटुक्क, ट्वाल्ल जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको पाइन्छ । प्रस्तुत कथामा स्निग्ध, दीर्घजीवी, कार्य, आभास, स्नान जस्ता तत्सम शब्दहरूको प्रयोग भएको पाइन्छ । त्यस्तै वर, बाहिरी आँखा, हात, रात जस्ता तद्भव शब्दरूको प्रयोग भएको यस कथामा ग्लुकोज, पुलिस स्पोर्टस, मिटिङ, हर्न, कोट, फोन, हल, जर्नल, सनाखत, जफत जस्ता आगन्तुक शब्दहरूको पनि समुचित प्रयोग भएको पाइन्छ । यस कथामा कथाकारले विभिन्न पात्रको वर्णन गरेका छन् भने कतै कतै पात्रहरूबिच संवाद पनि देखाएका छन् । त्यसैले यस कथामा वर्णनात्मक र संवादात्मक दुबै शैली रहेको छ ।

## ४.१.१० 'नयाँ पर्दाभित्रको उही दृश्य' कथाको विश्लेषण

### कथानक

नेपाली राजनीतिको पञ्चायती शासन व्यवस्थाको विद्रूप अवस्था यस कथामा व्यक्त भएको छ । विचलित राजनीतिक अवस्था र नेताका वैयक्तिक अनाचारहरू यहाँ व्यक्त भएका छन् । यसर्थ राजनीतिक स्रोतबाट यस कथाको सिर्जना भएको पाइन्छ । प्रस्तुत कथामा 'ऊ' पात्रका घटना प्रसङ्गहरू कथानकका अंश बनेर आएका छन् । 'ऊ' पात्र बाबुको फोटो ल्याएर मार्क्सको फोटो भएको ठाउँमा टाँस्दछ । ऊ मार्क्सको फोटो लत्याइ रहेको हुन्छ । बाबुको फोटामा घाँटीको चोट देखेर ऊ बर्सौंअघिको घटना सम्झन पुग्दछ । वास्तवमा सामन्ती र शोषक रहेको आफ्नो बाबुलाई उसैले हत्या गरेको हुन्छ । समर्थकहरूबाट समर्थन पाए पनि जेल पसेको र जेल तोडेर भागेको घटना ऊ सम्झन  पुग्दछ ।

अहिले उसलाई त्यो विद्रोही राजनीतिभन्दा पञ्चायती राजनीति फापेको छ । चुनाबमा लड्न ऊ विप्लव नगर जान्छ । पत्नी गौरीले रतिरामबाट दस हजार लिन्छे । राजनीतिको फाइदा लिन रतिरामहरू सक्रिय बन्छन् । चुनाबमा जितेपछि ऊ मन्त्री बन्न सफल हुन्छ । आफ्ना कार्यकर्तालाई ठेक्कापट्टा, व्यापार, जागिर जस्ता कार्य बाहेक उसले गाउँका लागि केही गर्दैन । चुनाबअघिको प्रतिबद्धता भुलेर ऊ सहरमै रमाउँछ । जनतालाई धोका दिएकामा उसको राजनीतिक मूल्य समाप्त हुन्छ । सच्चा मानिसहरू उसलाई अनावश्यक महसुस गर्दछन् । जनताको हितबाट पन्छिएर भ्रष्ट राजनीतिको संस्कार बोकेको ऊ जनताको नजरबाट टाढा हुन्छ । उसको निष्क्रियता र अदक्षता अब जनतालाई राम्रो लाग्न थालेको छ । स्वार्थी प्रवृत्तिको ऊ जनताबाट टाढिनु समाजबाट खराब चिन्तन हटेको मानिन्छ । यसरी एउटा प्रियताबाट पर रहनु र कुनै दिन जन विश्वास प्राप्त गर्न नसक्नुले समाजमा भ्रष्ट व्यक्तिको अवसान मानिएको छ ।

प्रस्तुत कथा रैखिक ढाँचाभित्रको पूर्वदीप्ति शैलीमा संरचित देखिन्छ । यस कथामा ऊ पात्रले बाबुको फोटो ल्याएर मार्क्सको फोटो भए ठाउँमा टाँस्नु, मार्क्सको फोटो उसले कुल्चनु, बाबुको फोटामा घाँटीको चोट देखेर बर्सौंअघिको घटना सम्झनु कथाको आदि भाग हो । त्यस्तै 'ऊ' पात्रले आफूलाई मन्त्रीसम्म भएको कल्पना गर्नु, चुनाबमा लड्नु, चुनाब जित्नु, चुनाबअघिको प्रतिबद्धता बिर्सेर सहरमै रमाउनु आदि कथाको मध्य भाग अन्तर्गत पर्दछन् । यसै गरी जनतालाई धोका दिएकामा उसको राजनीतिक मूल्य समाप्त हुनु, सच्चा मानिसहरूले उसलाई अनावश्यक महसुस गर्नु, स्वार्थी प्रवृत्तिको ऊ जनताबाट टाढिएकामा जनता खुसी हुनु जस्ता घटना यसको अन्त्य भाग अन्तर्गत पर्दछन् ।

प्रस्तुत कथामा बाह्य र आन्तरिक दुबै प्रकारका द्वन्द्व प्रटित भएका छन् ऊ पात्रको स्मृतिमा आएको घटनामा उसले आफ्नै बाबुको हत्या गरेको छ । यस घटनाबाट यसमा बाह्य द्वन्द्व पाइन्छ भने बाबुको हत्यापछि ऊ पात्रले आफ्नो बाबु असल मान्छे भएको महसुस गर्नुले 'ऊ' पात्रमा बाबुलाई मारेकामा पश्चात्ताप भएको छ । यसबाट उसमा आन्तरिक द्वन्द्व रहेको पाउन सकिन्छ । यस कथामा 'ऊ' पात्रले मार्क्सको फोटो भएको ठाउँमा बाबुको फोटो राखेपछि मार्क्सको फोटो के गर्ला, बाबुको हत्यारा ऊ कसरी मन्त्री हुन सफल भयो होला जस्ता कुतूहल पाइन्छ ।

## चरित्र चित्रण

यस कथामा विभिन्न किसिमका पात्रहरू प्रयोग भएका छन् । कथामा 'ऊ' पात्र प्रमुख रूपमा आएको छ । 'ऊ' पात्रको क्रिया कलाप र उसको जीवन भोगाइलाई यस कथामा प्रमुखताका साथ चित्रण गरिएको छ । 'ऊ' पात्र सुरुमा क्रान्तिकारी विचार धाराको भए पनि पछि स्वार्थी चरित्रका रूपमा देखिएको छ । पहिले विद्रोही चेतना भएको ऊ आफ्नो बाबुलाई सामन्ती देख्छ र हत्या गर्छ तर पछि ऊ आफैं भ्रष्ट बनेको छ । जनतालाई बाँडेका आश्वासन पुरा गर्नपट्टि नलागेर ऊ आफ्नो दुनो सोझ्याउनपट्टि लागेको छ । 'ऊ' पात्र यस कथाको पुरुष, प्रमुख, मञ्चीय, वर्गीय, प्रतिकूल र गतिशील पात्र हो । यस कथामा ऊ बाहेक उसकी श्रीमती गौरी स्त्री, सहायक, मञ्चीय र गतिहीन पात्र हो । यसै गरी रतिराम अग्रवाल, क, ख, ग र घ आदि गौण पात्र हुन् ।

## संवाद

प्रस्तुत कथामा संवादको न्यून प्रयोग देखिन्छ । यस कथामा 'ऊ' पात्र र उसकी श्रीमती गौरीबिच संवाद पाइन्छ ; जस्तैः गौरी-'ओहो ! तपाईं त चुपचाप के घोत्लेर बस्या भन्या ? मानिसहरू आउने बेला भैसक्यो, जिल्लाका पन्ध्र बिस जना हाम्रा कार्यकर्ता र नरम पञ्चहरू सात बजेभित्र आउने खबर गरेका छन् ।' 'ऊ' पात्र- 'त्यो भए भरेको खर्च बोझिलै हुने भयो, के सोचेकी छ्यौ तिमीले ?' यस कथामा पात्र अनुसारको संवाद प्रयोग भएको पाइन्छ ।

## परिवेश

प्रस्तुत कथाको परिवेश स्पष्ट किटानका साथ व्यक्त गरिएको छैन । यसमा स्थानगत परिवेशका रूपमा कुनै एउटा सहर आएको छ । सहरी वातावरण र सामन्ती एवम् भ्रष्ट व्यक्तिलाई यहाँ नेताका रूपमा चिनाइएको छ । यस कथामा उच्च वर्गीय सामन्ती संस्कृति एवम् शोषणमूलक परिवेशलाई देखाइएको छ । कालका दृष्टिले यस कथामा पञ्चायत कालको अस्त हुन लागेको समय आएको देखिन्छ । जनताका प्रतिनिधि भन्नेहरू जनताबाट एक्लिनुले यसै कालखण्डलाई सङ्केत गरेको छ ।

### दृष्टिविन्दु

प्रस्तुत कथामा पात्रका व्यवहार र अवस्थालाई वर्णन गर्ने सन्दर्भमा कथाकार कथाभन्दा बाहिर रहेका छन् । यसर्थ प्रस्तुत कथामा बाह्य तथा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग पाइन्छ । कथाकारले सबै पात्रहरूलाई महत्त्व नदिई ‘ऊ’ पात्रमा मात्र आफ्नो ध्यान दिएकाले यसमा सीमित दृष्टिविन्दुको प्रयोग पाइन्छ ।

### उद्देश्य

प्रस्तुत कथाको उद्देश्य विकृत राजनीतिलाई उजागर गर्नु रहेको छ । आफूलाई राष्ट्र सेवक र जन प्रतिनिधि भन्नेहरूको कलुषित र भ्रष्ट आचरणलाई प्रस्तुत गर्नु यस कथाको उद्देश्य रहेको छ । आफूलाई क्रान्तिकारी भन्नेहरू कसरी जन विरोधी र राष्ट्रघाती हुन्छन् भन्ने कुरालाई देखाउनु यस कथाको अभिप्राय रहेको छ ।

### भाषाशैली

यस कथामा विषय वस्तु अनुसारको सामान्य शब्दहरूको सुन्दर ढङ्गको प्रयोग छ । भाषाको चमत्कार देखाएर अभिव्यक्ति आलङ्कारिक बनाउने काम कथामा भएको पाइँदैन । बिम्ब, प्रतीकहरूको प्रयोग यस कथामा भएको छैन । कथामा द्रुत, विभूषण, अभियोग, क्षीण जस्ता तत्सम शब्दहरूको प्रयोग पाइन्छ । यसै गरी भित्ता, रातो, आधा, घ्यु जस्ता तद्भव शब्दका साथै ब्याग, रिप्रिन्ट, फोटो, फ्रेम, कोट, लकेट, तस्बिर, दलाली, लाइसेन्स जस्ता आगन्तुक शब्दहरूको पनि प्रयोग भएको छ । मुसुक्क जस्तो अनुकरणात्मक शब्दको प्रयोग भएको यस कथामा सरल र सुबोध शैलीको प्रयोग भएको छ । ‘ऊ’ पात्रको स्मृतिलाई कथामा वर्णन गरिएकाले पूर्वदीप्ति र वर्णनात्मक शैली यसमा रहेको पाइन्छ ।

## ४.२ ‘सीमाहीन सीमा’ कथा सङ्ग्रहका कथाहरूको विश्लेषण

यो कथा सङ्ग्रह देविका तिमिल्सिनाको दोस्रो कथा सङ्ग्रहका रूपमा रहेको छ । सृष्टि प्रकाशन काठमाडौँद्वारा २०५१ मा प्रकाशित प्रस्तुत सङ्ग्रहमा दश वटा कथाहरू सङ्ग्रिहित रहेका

छन् । यी कथाहरूमा उनले नेपाली समाज र राजनीतिलाई मुख्य रूपमा प्रकट गरेका छन् । त्यस क्षेत्रका असन्तुलित र विभेदमूलक स्थितिलाई उनले यथार्थवादी पारामा व्यक्त गरेका छन् । वर्गीय विभेदताको विरोध र समतामूलक नेपाली समाजको पक्षधरता पाइने यस सङ्ग्रहका उनका कथाहरू प्रगतिवादमा आधारित देखिन्छन् । यस बाहेक उनले सीमा जस्ता केही कथाहरूमा यौन मनोविज्ञानको पनि प्रयोग गरेका छन् । यस सङ्ग्रहभित्र रहेका कथाहरूलाई कथागत तत्त्वका आधारमा क्रमशः तल विश्लेषण गरिएको छ ।

### ४.२.१ 'वादी/प्रतिवादी' कथाको विश्लेषण

#### कथानक

'वादी/प्रतिवादी' कथामा देविका तिमिल्सिनाले सामाजिक यथार्थलाई पस्कने क्रममा प्रेम प्रसङ्गलाई उठाएका छन् । यसमा उनले युवा अवस्थामा गरिने प्रेमलाई एउटा दुर्घटनाका रूपमा प्रस्तुत गरेका छन् । परिपक्वताको अभावले गर्दा प्रेममा दुर्घटनाको रेखा कोरिएको र यस्तो अवस्थामा जीवन दुःखदायी हुन पुगेको प्रसङ्गलाई पनि कथाले देखाउन खोजेको पाइन्छ ।

प्रस्तुत 'वादी/प्रतिवादी' कथामा झिनो कथानक रहेको पाइन्छ । कथामा 'म' पात्र आदर्श प्रेमीका रूपमा देखा पर्दापर्दै आर्थिक विपन्नता र विभिन्न समस्याका कारणले आफ्नी प्रेमिकालाई अपनाउन असमर्थ देखिन्छ । 'म' पात्र आफ्नी प्रेमिका रुवीलाई असाध्यै माया गर्छ र रुवीको प्रेममा आफूलाई समर्पित गर्न चाहन्छ । प्रेमिकाले बिहेको प्रस्ताव राख्दा ऊ आफ्ना समस्याले गर्दा भाग्न चाहन्छ र उल्टै प्रेमिकालाई अरूको पेट बोकेर आफूसँग बिहे गर्न हतार गरेकी हो कि भन्ने शङ्कामा ऊ अझ रुमलिन्छ । वास्तविकता बुझ्न नसक्ने र उल्टै प्रेमिकालाई दोषी देख्ने 'म' पात्र आफ्नी प्रेमिकासँग बिहे गर्न पाँच दिनको समय माग्छ । पाँच दिनको समयमा समस्याको समाधान खोज्दा आफ्नी प्रेमिकाले आफूलाई नाट्य मञ्चमा उभ्याएर आफूसँग नाटकीय प्रेम गरेर आफूलाई फसाउन खोजेको भन्ने निर्णयमा पुगी 'म' पात्र छैटौं दिन प्रेमिकाको जाललाई चिर्न कानुनी सल्लाह लिन वकिलकहाँ पुग्छ । वकिलको कार्यालयमा पुगेर वेटिङ रुममा बस्दा भित्रबाट उनै प्रेमिकाले आफू विरुद्ध झुठा आरोप लगाएर आफूलाई फसाउन खोजेको उसले सुन्छ र यस्तो स्वरले आफूमा आएको

आवेगलाई वशमा राख्दै त्यस ठाउँबाट बाहिरिन्छ । बाहिर बाटामा आफ्नो कमजोरी सम्झदै आफूले बोकेको नेपाली कागज च्यात्न पुग्छ । यसरी कथानक समाप्त हुन्छ ।

प्रस्तुत 'वादी/प्रतिवादी' कथाको कथानक रैखिक ढाँचामा अगाडि बढेको पाइन्छ । 'म' पात्र सुन्दर युवतीको प्रेममा आकर्षित हुनु, उनकै प्रेमलाई सर्वस्व ठान्नु र आफू पनि नजानिदो तरिकाले उनको प्रेममा अन्धो भएर फस्दै जानु कथाको आदि भाग अन्तर्गत पर्दछन् । 'म' पात्रलाई प्रेमिकाले बिहेको प्रस्ताव राख्नु, बिहेको प्रस्ताव राख्दा प्रेमिकालाई शङ्काको दृष्टिले हेर्नु, शङ्का निवारणलाई पाँच दिनको समय माग्नु र प्रेमिकाको नाटकीय प्रेम थाहा पाउनु जस्ता घटना कथाको मध्य भागमा रहेको देखिन्छ । त्यसै गरी आफू प्रेमिकाको नाटकीय प्रेमबाट छुटकारा पाउन वकिलकहाँ जानु, वेटिङ रुममा बस्दा उल्टै झुठा आरोप आफूलाई लगाएर फसाउन खोजेको थाहा पाउनु र आफ्नो होस सम्हालेर त्यहाँबाट बाहिर निस्कनु कथाको अन्त्य भाग अन्तर्गत पर्दछन् ।

यस कथामा अन्तरिक द्वन्द्व रहेको पाइन्छ । 'म' पात्र आफूले अपरिपक्वतापूर्ण प्रेम गरेको र सुझबुझ विना प्रेम गरेकामा भित्रभित्रै पिल्सिएको छ । प्रेमिकाको असली रूप थाहा पाएपछि झनै ऊ अन्दोलित भएको पाइन्छ । यस कथामा 'म' पात्रले पाँच दिनको समय किन माग्यो होला, वकिल कार्यालयमा प्रेमिकाले आरोप लगाउँदा कस्तो प्रतिक्रिया जनाउला, कार्यलयबाट बाहिर निस्किेर के गर्ला जस्ता कुतूहल पाइन्छ ।

## चरित्र चित्रण

प्रस्तुत 'वादी/प्रतिवादी' कथामा थोरै पात्रहरूको प्रयोग गरिएको छ । यस कथामा 'म' पात्र अन्ध प्रेम प्रकट गर्ने युवावर्गको प्रतिनिधि बनेर कथामा आएको छ । 'म' पात्रकै केन्द्रीयतामा यस कथाले पूर्णता पाएकाले 'म' पात्र यस कथाको प्रमुख, वर्गीय, मञ्चीय र बद्ध पात्र हो । 'म' पात्रकी प्रेमिका रुवी यस कथाकी अर्की मुख्य पात्रका रूपमा देखिएकी  छन् । ऊ यस कथाकी वर्गीय, मञ्चीय र बद्ध पात्र पनि हो । यस कथामा 'म' पात्र र रुवीभन्दा बाहेक गौण पात्रको रूपमा वकिल देखिएको छ ।

## संवाद

प्रस्तुत 'वादी/प्रतिवादी' कथामा संवादको त्यति प्रयोग भएको पाइँदैन । यस कथामा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ । यसमा कथाकार स्वयम् 'म' पात्रका रूपमा उपस्थित भएर कथा वाचन गरि रहेका छन् । 'म' पात्रले असावधानीपूर्ण प्रेम गरेको र प्रेमिकाको नाटकीय प्रेमले ऊ सताइएको विषय वस्तुलाई कथाले अङ्गालेको छ । यस कथामा जम्मा एक ठाउँमा मात्र दोहोरो संवाद भएको देखिन्छ । यहाँ प्रेमिकाले 'तपाईं यति भन्नुस् हुन्छ कि हुन्न ? मलाई निर्णयको आवश्यकता बोध भइरहेको छ ।' भन्ने संवाद प्रकट गरेकी छ । यस कथामा प्रत्यक्ष संवाद अरू देखिँदैन ।

## परिवेश

यस कथाले तत्कालीन पञ्चायती व्यवस्थाको भ्रष्ट सामाजिक परिवेशलाई टिपेको छ । यस कथामा भौगोलिक परिवेशलाई न्यून रूपमा प्रस्तुत गरिएको छ भने पात्रको आन्तरिक परिवेशलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । नारीहरूलाई साथ लिएर विद्रूपता मच्चाउने र सोझासिधा जनतालाई फसाउने पञ्चायती व्यवस्था यहाँ परिवेशका रूपमा आएको छ । आन्तरिक परिवेशमा 'म' पात्रका मनभित्र उठेका विचारका उतार चढाउ छन् ।

## दृष्टिविन्दु

यस कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग छ । कथामा स्वयम् कथाकार 'म' पात्रका रूपमा आएकाले प्रथम पुरुष दृष्टिविन्दु रहेको छ भने 'म' पात्रले आफ्ना पीडा र उल्झनहरूलाई प्रस्तुत गर्दै आफ्नी प्रेमिका युवती रुवीको क्रिया कलापलाई प्रस्तुत गरेको छ । कथाको केन्द्रविन्दुमा स्वयम् कथाकार रहेर आफ्ना पीडाहरू व्यक्त गरेकाले यस कथामा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ ।

## उद्देश्य

यस कथाको उद्देश्य यथार्थताको प्रकट गर्नु हो । तत्कालीन पञ्चायती समयमा युवा युवतीका अशुद्ध प्रेम भावलाई प्रस्तुत गर्नु नै यस कथाको उद्देश्य हो । प्रेममा त्याग र समर्पण हुन आवश्यक छ ; प्रेममा अविश्वास भएको खण्डमा कथामा प्रयुक्त युवा युवतीको जस्तो हाल हुन्छ भन्ने देखाउनु यस कथाको उद्देश्य रहेको देखिन्छ । वकिल न्यायको प्रतिमूर्ति भएकाले उसले यथार्थता बुझेर मात्र न्याय दिन सक्नुपर्छ ; अन्यथा न्यायप्रति मानव विश्वास हट्न सक्छ भन्ने शिक्षा दिनु यस कथाको उद्देश्य रहेको छ ।

**भाषाशैली**

सबैले बुझ्न सक्ने शब्द र वाक्य गठन भएको प्रस्तुत कथामा प्रश्नार्थक र विस्मयार्थक वाक्यको प्रयोग पनि पाइन्छ ; जस्तै : 'उसले किन यसै भनी ? कतै उसले आफ्नै अफिसको ठिटाको जोस त बोकेकी छैन ?' 'हुन त मैले उसको अगाडि भनेको भए पनि हुन्थ्यो ।' बोध, विश्वास, संस्कार, स्वीकार, अधर जस्ता तत्सम तथा आँखा, दाँत, दुध, भुइँ जस्ता तद्भव शब्दहरूको प्रयोग भएको यस कथामा रिङरोड, लिपिस्टिक, वेटिङ, रुम, अदालत जस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको छ । 'म' पात्रको आत्म कथन रहेको यस कथामा आत्म कथात्मक शैली रहेको पाइन्छ । समग्रमा कथा सरल र बोधगम्य रहेको छ ।

## ४.२.२ 'अन्सारी' कथाको विश्लेषण

**कथानक**

प्रस्तुत 'अन्सारी' कथाको कथावस्तुको स्रोत सामाजिक सन्दर्भ रहेको देखिन्छ । यस कथामा सम्पन्न व्यक्तिको रबाफ, विकृत यौनाचरण र नोकरको दयनीय अवस्थालाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथामा कथाकार तिमिल्सिनाले आफ्ना दृष्टि गोचर र अध्ययनमा आबद्ध समाज र त्यसका दुई भिन्न पक्षहरूलाई प्रस्तुत गरेका छन् । लक्ष्मण बहादुर कार्की सहरिया र उच्च वर्गको सम्पन्न तथा जागिरे व्यक्तिका रूपमा रहेको छ । सहरमा ठुलो बंगला बनाएर प्रशस्त नोकर

चाकरहरू राखी ऐस आरामसाथ जीवन भोग्ने उसकी श्रीमती पनि जागिरे  छ । आफ्ना घरमा राखेका नोकरहरूलाई पनि भोग्ने उसकी श्रीमती पनि जागिरे छ । आफ्ना घरमा राखेका नोकरहरूलाई पनि स्वार्थवश दया र दण्डको पात्र बनाउने लक्ष्मण कार्कीको आचरण, व्यवसाय र पारिवारिक अवस्थालाई कथाको आदि भागमा प्रस्तुत गरिएको छ । उसले अन्सारी नोकरलाई पीडा र कामको बोझ तथा आक्रोश र भय बाहेक केही दिन सकेको छैन । अर्कातर्फ नोकर्नी रमाका यौनाङ्गहरूले प्रदीप्त कार्की ऊसप्रति भने याचनाको लोलुपताले समर्पित देखिन्छ । यस कारण नारी भएकाले दयावश नभई स्वार्थवश रमाले केही सुख पाएकी छ ।  श्रीमतीप्रति कुनै प्रकारको सम्बन्ध नरहेको कार्कीको दिनचर्या रमाको पुष्ट शरीरलाई स्पर्श गर्नु जस्ता कुराहरू कथाको आदिभाग अन्तर्गत समाविष्ट छन् ।

प्रस्तुत कथाको मध्य भागमा लक्ष्मण कार्कीकी श्रीमती विदेश गएको समयमा घरमा पाटीको आयोजना गरिन्छ । अफिसका दुई पियनहरूलाई समेत थप कामदारका रूपमा ल्याई कार्कीले रातारात पाटी सम्पन्न गर्दछ । अफिसका पियनहरू राम शरण र हरि शङ्करले पनि बियर र रक्सीको प्रबन्ध मिलाउन ठुलो सहयोग गर्छन् । कामको ठुलो चटारो अन्सारीलाई परि रहेको हुन्छ । त्यहीमाथि साहू कार्कीले अन्सारीलाई निर्मम गाली गरि रहन्छ । घरायसी कामका लागि कुनै प्रकारको सहयोग नपाएको अन्सारी प्रताडित हुन्छ । उता रमालाई भने कार्कीले सौन्दर्य तृप्तिका लागि कुनै प्रकारको काम नअराई राखेको छ । कार्कीकै लागि रमाले शृङ्गारपूर्ण भएर बस्नु परेको छ र मुस्कान छर्नु परेको छ । कामको परिश्रमले थकित अन्सारीमाथि रातमा पाहुनाहरू बिदाई भएपछि भान्साकोठामा निदाइ रहेको अवस्थामा कार्कीको दृष्टि पुग्दछ । उसले काम ठगेको भन्दै अन्सारीलाई कपाल समाउँदै लात्ती मुड्की बजार्छ र भतुवा कलुवाको गाली गर्दै आधारातमा घर बाहिर निकाल्दछ । यसपछि रमालाई लिएर माथि चढ्छ । यहीँ प्रस्तुत कथाको मध्य भाग सम्पन्न हुन्छ ।

रमाले पानी दिएको हात च्याप्प समाएर लाडिएको कार्की रमालाई गिद्दे दृष्टिले  हेर्छ । रमाको म्याक्सीको टाँक खोली सर्वाङ्ग छाम्दछ । रमा पनि उद्दीप्त भई उम्कन खोज्दछे तर कार्कीको अँठ्याइले उसको बल र मुख निस्तेज तथा बन्द हुन्छन् । रुनु सिवाय रमाले अर्को विरोध जनाउन सक्दिन । यस कथाको यो अन्त्य भागमा कार्कीले रमामाथि गरेको बलात्कारी दुर्व्यवहारलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत 'अन्सारी' कथामा आन्तरिक र बाह्य दुबै प्रकारका द्वन्द्व प्रकटित भएका छन् । लक्ष्मण बहादुर कार्कीको हैकमी दुर्वृत्तिका कारण अन्सारीले पिटाइ खाएको अवस्था बाह्य द्वन्द्वका रूपमा देखिन्छ भने दुखी मनभित्र पीडा र मर्महरू बोकेर बाँचेको अन्सारीमा आन्तरिक द्वन्द्व पाइन्छ । यसै गरी लक्ष्मण बहादुर कार्कीको पिटाइबाट अन्सारीको जीवनमा कस्तो असर गर्ला, रमाका भावी दिनहरू कसरी बित्लान् जस्ता कुतूहल यस कथामा पाइन्छन् ।

## चरित्र चित्रण

प्रस्तुत 'अन्सारी' कथामा अन्सारी नामक नोकरको दयनीय अवस्थालाई मूल प्रतिपाद्य विषय बनाइएको छ । यसमा अन्सारीका साथ रमा, लक्ष्मण बहादुर कार्की, श्रीमती कार्की, राम शरण, हरि शंकर तथा अन्य पाहुनाहरू पनि आएका छन् ।

अन्सारी कार्कीको घरमा काम गर्न ल्याइएको नोकर हो । कार्कीको काम गर्ने किसानको छोरो अन्सारी गरिबीका कारणले सहरमा नोकर बस्न बाध्य भएको देखिन्छ । घरका सम्पूर्ण काम लगनशील भएर गर्ने अन्सारी हाकिमको बारम्बारको झम्टाइको सिकार बनेको छ । ऊ गरिब, इमानदार नोकरहरूको प्रतिनिधि पात्र बनेकाले निम्न वर्गीय चरित्रको देखिन्छ । रातको समयमा कार्कीको गाली खाएर घरबाट निष्काशित बनेको ऊ पाठकको सहानुभूतिको पात्र बनेको देखिन्छ । कथाको आदिदेखि अन्त्यसम्म एकै प्रकारको भूमिकामा देखिएको अन्सारी गतिहीन पात्र हो । ऊ कथाकारको अभीष्ट भएकाले अनुकूल चरित्रका रूपमा देखिन्छ । कथाको शीर्षकमा समेत उसैको नाम जोडिएकाले र उसकै दुःखपूर्ण अवस्थालाई उजागर गर्न कथा संरचित देखिएकाले अन्सारी प्रमुख चरित्रका रूपमा चित्रित  छ । उसकै केन्द्रीयतामा कथा अन्त्य भएकाले ऊ मञ्चीय, बद्ध पात्र हो ।

बाह्रतेह्र वर्षको उमेरमा लक्ष्मण कार्कीको घरमा नोकर्नी बनेर आएकी रमा सत्र अठार वर्षकी भइसकेकी छ । ऊ यौवनले पूर्ण भएकीले कार्कीको गिद्दे दृष्टिबाट बच्न सकेकी छैन । नोकर्नी भए पनि उसले अन्सारीको भन्दा धेरै सुख प्राप्त गरेकी छ । हाकिमलाई टाइसुट लगाइ दिने, अमलेट खुवाउने जस्ता कार्यमा संलग्न रहेकी ऊ नोकर्नी भए पनि अन्सारीसँग मिल्न सक्दिन । कथाको

अन्त्य भागमा हाकिमको यौनावेगको सिकार बनेकी रमा सम्पन्न वर्गका घरमा नारीहरू कसरी शोषित बनेका छन् भन्ने कुराको उदाहरण बनेकी छ । यसर्थ ऊ निरीह नारीहरूको प्रतिनिधि भएकीले वर्गीय चरित्र हो । कथाको प्ररम्भमा हाकिमसँग मिले पनि अन्त्यमा उसको बलात्कारी चेष्टालाई रुँदै रुँदै विरोध गरेकीले रमामा विद्रोही चेतना रहेको पाइन्छ । ऊ यस कथाकी वर्गीय, अनुकूल, मञ्चीय, गतिशील, बद्ध र प्रमुख सहायक पात्र हो ।

लक्ष्मण बहादुर कार्की कथामा सामन्ती तथा शोषकहरूको प्रतिनिधि पात्रका रूपमा आएकाले वर्गीय चरित्रको रूपमा देखिन्छ । रमासँग उसको आवेशजन्य यौन आकर्षण बढेको पाइन्छ । उसले रमालाई नोकर्नी भए पनि परिवारको सदस्य बनाएर यौन भोक मेट्न खोजेको छ । अर्कातर्फ अन्सारीलाई बलभन्दा बढीको काममा संलग्न गराई गाली र पिटाइ समेतको यातना दिएकाले ऊ निर्दयी र क्रूर चरित्रको देखिन्छ । आधा रातमा अन्सारीलाई पिट्दै घरबाट निकालेकाले कार्की मानवताहीन सहरिया सामन्ती चरित्रको देखिन्छ । उसको हैकमी र स्वार्थी चरित्र कथाको आद्यन्त भागमा एकै प्रकारले आएकाले ऊ गतिहीन, प्रतिकूल, मञ्चीय र बद्ध पात्रका रूपमा देखिन्छ । यसर्थ कार्की प्रस्तुत कथामा भ्रष्ट आचरण भएको क्रूर निर्दयी चरित्र भएको प्रमुख पात्रका रूपमा देखिन्छ ।

यी बाहेक प्रस्तुत कथामा श्रीमती कार्की गौण पात्रका रूपमा देखिन्छे तथा राम शरण र हरि शंकर पनि कार्कीकै भलाइमा संलग्न रहेकाले यथास्थितिवादी गौण चरित्रका रूपमा देखिन्छन् । पाटीमा आएका पाहुनाहरूको प्रस्तुत कथामा कुनै प्रकारको भूमिका नभएकाले र मञ्चमा देखा नपरेकाले सूच्य पात्रका रूपमा देखिन्छन् ।

## संवाद

प्रस्तुत 'अन्सारी' कथामा संवादको न्यून प्रयोग पाइन्छ । यसमा पात्रहरूको दोहोरो संवादभन्दा कथाकारको वर्णनात्मक शैली बढी मात्रामा प्रकट भएको देखिन्छ । हाकिमका रबाफपूर्ण अभिव्यक्ति, अन्सारीको दयनीय आबाज तथा रमाको रोदनपूर्ण कथन यसमा पाइन्छ । हाकिम कार्कीको संवादबाट ऊ क्रूर र निर्दयी भएको बोध हुन्छ ; जस्तैः 'अझ कराउँछस् भतुवा ! भात नपचेको तँलाई । निक्ली, जा तँलाई अहिले निकालि दिन्छु ।' यसै गरी अन्सारीको संवादबाट ऊ

हाकिमको आज्ञा पालन गर्ने इमानदार नोकर रहेको बुझिन्छ ; जस्तै : 'मासु, अलि पाकेको छैन, ठीक हुन्छ होला हजुर !' यसरी थोरै संवाद भए पनि कथामा त्यसको यथोचित प्रयोगले कलात्मकता थपेको सङ्केत मिल्दछ । यसर्थ न्यून संवाद भए पनि प्रस्तुत कथा आकर्षक र रोमाञ्चपूर्ण देखिन्छ ।

## परिवेश

प्रस्तुत 'अन्सारी' कथामा स्थानगत र कालगत परिवेशलाई किटानका साथ व्यक्त गरिएको छैन । यसमा स्थानगत परिवेशका रूपमा नेपालको कुनै सहरी क्षेत्रलाई लिइएको छ । तराइबाट नोकर ल्याइएको घटनाले त्यो सहर तराइको नभई पहाडी क्षेत्रको हो भन्ने बुझिन्छ । यस दृष्टिले उक्त सहर काठमाडौँ नै हो भन्न सकिन्छ । सहरी वातावरणको कपटपूर्ण स्थिति र सामन्ती संस्कृति एवम् शोषण वृत्तिमा संलग्न चरित्र भएका व्यक्तिहरूलाई सहरी बासिन्दाका रूपमा यहाँ चिनाइएको छ । यसर्थ प्रस्तुत कथामा काठमाडौँ सहरको उच्च वर्गीय सामन्ती संस्कृति एवम् शोषणमूलक परिवेशलाई देखाइएको छ । कालका दृष्टिले यस कथामा पञ्चायत कालीन तानाशाही समयको उल्लेख भएको पाउन सकिन्छ । गरिबले सम्पन्नका दुर्वृत्तिको विरोध गर्न नसक्नु, पुँजीवादीको हैकम उत्तिकै बढ्दै जानु, नोकरका नाममा नारीहरू वलात्कारको सिकार हुनु जस्ता घटनाले यसै कालखण्डलाई सङ्केत गरेको पाइन्छ ।

## दृष्टिविन्दु

प्रस्तुत कथामा पात्रहरूका व्यवहार, अवस्था र वर्गहरूलाई टिपोट र वर्णन गर्ने सम्बन्धमा कथाकार कथाभन्दा बाहिरै रहेका देखिन्छन् । आफू कथा बाहिर बसी कथामा प्रयुक्त पात्रहरूको स्थितिलाई यसमा कथाकारले प्रकट गरेका छन् । यसर्थ प्रस्तुत कथामा बाह्य तथा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग पाइन्छ ,। कथाकारले कुनै एउटै मात्र पात्रको केन्द्रीय वृत्तलाई नअङ्गाली अरू पात्रहरूको दया, स्वार्थ, घृणा जस्ता अवस्थालाई समेत यसमा उजागर गरेका छन् । यस सन्दर्भमा अन्सारीको दुर्दशालाई प्रकट गर्ने कथाकारको अभीष्ट हुँदाहुँदै पनि कार्की, रमा जस्ता पात्रहरूमा समेत कथाकारको ध्यान केन्द्रित देखिन्छ । यसर्थ यस कथामा तृतीय पुरुष, सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## उद्देश्य

प्रस्तुत 'अन्सारी' कथा मानवताहीन शोषण वृत्तिले खर्लप्प निलेको सहरिया परिवेशमा संरचित देखिन्छ । सामन्ती संस्कार भएका शोषकहरूका बन्द पिँजरामा गरिब नरनारीका कष्टपूर्ण जीवन भोगाइका आर्तनादहरूलाई प्रस्तुत गर्नु यस कथाको उद्देश्य रहेको छ । समाजमा जीवन धान्नका निम्ति गरिब वर्गले निरुपाय भएर सामन्ती वर्गका कठोर यातनालाई बाध्यात्मक रूपले सहनु परेको स्थितिलाई देखाउनु यस कथाको अभिप्राय रहेको पाउन सकिन्छ । गरिबहरू शोषकका पञ्जाबाट शोषित भइ रहेका र गरिबको जीवन स्तरमा कुनै परिवर्तन नभएको कुरालाई देखाउनु, नारीलाई कामदारका रूपमा संरक्षण गर्न खोजिए पनि सम्भ्रान्त र उच्च वर्गले नारीमाथि गरेको हिंस्रह व्यवहारलाई उजागर गर्नु आदि यस कथाको उद्देश्य रहेको छ ।

## भाषाशैली

प्रस्तुत कथामा सरल र स्वाभाविक प्रकारको भाषाको प्रयोग पाइन्छ । यसमा कथाकारले प्रयोग गरेको भाषाले कथात्मक अभीष्टतालाई सरल रूपमा बुझ्न मद्दत गरेको पाइन्छ । यसर्थ भाषागत सरलता प्रस्तुत कथाको वैशिष्ट्य रहेको देखिन्छ । पत्नी, श्रृङ्गार, शङ्का, मर्म, पीडा, सर्वाङ्ग जस्ता तत्सम शब्दहरू यस कथामा प्रयोग भएका छन् । त्यस्तै भुइँ, हात, कान, ओठ, पाँच जस्ता तद्भव शब्दहरूको प्रयोग भएको यस कथामा स्कुल, क्याम्पस, बोर्ड, सुट, टाई, सर्ट, अम्लेट, टेप जस्ता आगन्तुक शब्दहरूको पनि यथोचित प्रयोग भएको पाइन्छ । यसै गरी यस कथामा थुचुक्क, टाङटाङ टुङटुङ जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको छ भने ओसारपसार, दौडादौड जस्ता द्वित्व शब्दको पनि प्रयोग भएको छ । सरल र संयुक्त वाक्यहरूको प्रयोग भएको प्रस्तुत कथामा प्रश्नात्मक, बिस्मयादिबोधक चिन्हको प्रयोग भएको पाइन्छ । संवादको न्यून प्रयोग भएको यस कथामा कथाकारले वर्णनात्मक तथा प्रत्यक्ष विधिबाट पात्र र घटनालाई प्रस्तुत गरेकाले वर्णनात्मक शैली रहेको पाउन सकिन्छ ।

## ४.२.३ 'अन्यौल' कथाको विश्लेषण

## कथानक

प्रस्तुत 'अन्यौल' कथाको कथानक ढाँचा संक्षिप्त छ । एउटा निम्न मध्यम वर्गीय नेपालीको पीडालाई यस कथाले प्रस्तुत गरेको छ । यस कथाको 'म' पात्र दाजुभाइ सहित ११ जनाको परिवार पाल्न विवश छ । दाजुको शिक्षण पेसा र 'म' पात्रको सानो कारिन्दा पेसाले ठुलो परिवार चल्छ । 'म' पात्रका घर वरिपरि साहित्यकार, पथ प्रदर्शक सेर्पा र सम्पादकका ठुला ठुला घर र सम्पन्न जीवन शैलीको रबाफ छ । 'म' पात्रको घर माकुराको जालोले बेरिएको र कमेरो पोतिएको डेढ फुट भित्तो भएको  छ । दिनभरि काम गरेर राति घर फर्केपछि 'म' पात्र परिवारका सदस्यका पीडा सुन्न विवश छ । 'म' पात्रका दुई भाइहरू बेरोजगार छन् । बेरोजगारका कारण घरको आर्थिक अवस्था दयनीय छ । 'म' पात्रकी श्रीमतीलाई दुई छाकको जोहो गर्न धौ धौ छ भने भाइलाई डी डिभिजनको क्लबमा आबद्ध हुने चाहना छ । घरका परिवारका आआफ्नै चाहनालाई गरिबीका कारणले गर्दा पुरा गर्न 'म' पात्र र उसका दाजु सफल छैनन् । घरको आर्थिक अवस्था सबल बनाउने विषयमा दाजुभाइबिच छलफल हुँदाहुँदै 'म' पात्रकी भतिजीको निधार फुट्छ । उसलाई लिएर अस्पताल जाने क्रममा 'म' पात्रको दाजुले पैसा नभएको कुरा बताउँदा 'म' पात्रले म छँदैछु नि भनेर आश्वासन दिन्छ । पैसा नभए पनि उपाय सोच्न 'म' पात्र विवश भएको छ ।

रैखिक ढाँचामा अघि वढेको प्रस्तुत कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको शृङ्खलामा मिलेको छ । कथाको आदि भाग एउटा निम्न मध्यम वर्गीय परिवारको क्रिया कलापबाट अघि बढ्छ । यस कथामा 'म' पात्र दाजुभाई सहित रातदिन काम गर्नु, छिमेकीसँग रगतको नाता नभएको बताउनु, छिमेकीहरूका घर र जीवन शैलीको 'म' पात्रले वर्णन गर्नु कथाको आदि भाग अन्तर्गतका घटना हुन् । कथाको मध्य भागमा गरिबीको वास्तविकता झल्केको छ । निम्न मध्यम वर्गीय परिवारको समस्यालाई यस खण्डमा जीवन्त रूपमा प्रस्तुत गरिएको छ । छोरालाई दुध किन्न नसक्दा 'म' पात्रकी श्रीमती रुनु, थोरै तलबका कारण 'म' पात्र र  उसका दाजुले घरको समस्या समाधान गर्न नसक्नु, 'म' पात्रका भाइहरूले घरको समस्या बुझ्न नसक्नु, 'म' पात्रले घरको समस्या समाधान गर्न घरमा कोचिङ सेन्टर खोल्ने र तरकारी खेती गर्ने याजना सुनाउनु, 'म' पात्रको याजनालाई उसका दाजुले हावादरी भन्नु जस्ता घटना कथाको मध्य भाग अन्तर्गत पर्दछन् । यसै गरी कथाको अन्तिम खण्डमा 'म' पात्रकी भतिजीको निधार फुट्नु, उसको उपचार गर्न पैसा नहुनु, ट्याक्सी ड्राइभरलाई घडी फुकालेर दिनु जस्ता घटना पर्दछन् ।

यसरी हेर्दा प्रस्तुत कथामा 'म' पात्र र समाजबिच धनी र गरिबबिच द्वन्द्व छ । यी द्वन्द्वहरू बाह्य नभई आन्तरिक रूपमै केन्द्रित छन् । तत्कालीन प्रशासन व्यवस्थासँग 'म' पात्रको द्वन्द्व छ । 'म' पात्रका दाजुभाइबिचको छलफलबाट आर्थिक अवस्था उकास्न के गर्ने निष्कर्ष निस्केला, 'म' पात्र उसकी श्रीमतीले भान्साको सामान सकिएको जानकारी दिएपछि के गर्ला, भतिजीको निधार फुटेपछि उसको अवस्था कस्तो भयो होला जस्ता कुतूहल यसमा पाइन्छ ।

## चरित्र चित्रण

यस कथामा विभिन्न पात्रहरू छन् । यस कथामा 'म' पात्र प्रमुख रूपमा आएको छ । 'म' पात्रको जीवन भोगाइ यस कथामा प्रस्तुत भएको छ । गरिबीले सताइएको 'म' पात्र दाजु सहित भएर ११ जनाको परिवार पाल्न विवश छ । 'म' पात्र सरकारी कारिन्दा  हो । ऊ यस कथाको प्रमुख पुरुष मञ्चीय, वर्गीय, बद्ध, अनुकूल र गतिहीन पात्र हो । यस कथामा 'म' पात्रका दाजु शिक्षक छन् । उनी आफ्ना भाइहरूलाई आर्थिक अवस्थामा सुधार गर्न कुनै उपाय खोज्न आग्रह गर्छन् । उनी यस कथामा सहायक, पुरुष, मञ्चीय, बद्ध र अनुकूल चरित्रका देखिन्छन् । यसै गरी यस कथामा 'म' पात्रका दुई भाइहरू र सहायक, बद्ध र प्रतिकूल पात्र हुन् । यसै गरी उसको छोरो र भतिजी गौण पात्रका रूपमा देखिन्छन् ।

## संवाद

यस कथामा 'म' पात्र, उसका दाजु र भाइहरूबिच संवाद छ । त्यसै गरी 'म' पात्रकी आमाको संवाद पनि यहाँ छ । 'म' पात्रको सांवदबाट आर्थिक अवस्था सुधार गर्नका लागि नयाँ उपाय प्रस्तुत गरेको बोध हुन्छ भने उसको दाजुको संवादबाट भाइको कुरो हावादारी भएको बोध हुन्छ ; जस्तै : 'म' पात्र - 'अब तपाईंले र मैले घरैमा कोचिङ खोलौं । दुइटा भाइलाई यो बारीमा बाह्रै महिना तरकारी खेतीमा लगाऔं र थाकेको गाईलाई बेचि दिऔं अनि गोठमा च्याउखेती गर्न पनि भइ हाल्छ ।' दाजु- 'तेरा प्रस्ताव धेरै आए तर गफमा तँ जति मिठो छस् त्यतिकै व्यावहारिक भइ दिएको भए त मैले यो दुःख भ्mेल्नु पर्ने नै थिएन ।' यसरी कथामा पात्र अनुसारको उचित संवाद प्रयोग भएको पाइन्छ ।

## परिवेश

यस कथाले नेपालको निम्न मध्यम वर्गीय परिवारको आर्थिक अवस्थालाई समेटेको छ। यही अवस्थालाई यस कथाले आफ्नो परिवेशको केन्द्रविन्दु बनाएको छ । एउटा सरकारी सेवामा आबद्ध नेपालीले आफ्नो परिवारको आवश्यकता पुरा गर्न नसकेको विवशतालाई यस कथाले देखाएको छ । स्थानिक परिवेशका रूपमा सहरको कुनै एउटा कुनाको घरलाई यस कथाले आफ्नो केन्द्रविन्दु बनाएको छ । कालगत परिवेश यस कथाले प्रष्ट रूपमा प्रस्तुत गरेको देखिंदैन । बाह्य परिवेशको रूपमा रहेको सहर, बजार, अफिस, ठुला ठुला महलले पात्रका आन्तरिक परिवेशलाई उद्दीप्त पारेको छ ।

## दृष्टिविन्दु

प्रस्तुत कथामा प्रथम पुरुष तथा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ। यसको समग्र कथानक 'म' पात्रले प्रकट गरेको देखिन्छ । 'म' पात्र सम्पूर्ण कथानकमा व्याप्त भएर आफ्नो समस्यालई व्यक्त गरेकाले प्रथम पुरुषभित्र पनि केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ।

## उद्देश्य

तत्कालीन समयको निम्न मध्यम वर्गीय सरकारी पेसामा आबद्ध नागरिकको पीडालाई व्यक्त गर्नु नै यस कथाको उद्देश्य हो । समाजमा रहेको वर्गीय विभेदता र समाजका भिन्न भिन्न क्षेत्र र विषयसँग सम्बन्धित व्यक्तिहरूको जीवन शैलीको चित्रण गर्नु यस कथाको ध्येय रहेको देखिन्छ । देशको प्रशासकीय निकायमा रहेको भनसुन प्रथा, आफन्तलाई राम्रो र सुविधायुक्त प्रशासनिक निकायमा सरुवा गर्ने गराउने प्रवृत्ति र भनसुन गराउन नसक्ने निम्न मध्यम वर्गीय व्यक्ति एउटै कार्यलयमा बर्सौसम्म बस्नु पर्ने बाध्यतालाई उजागर गर्नु यस कथाको उद्देश्य देखिन्छ।

### भाषाशैली

यस कथामा कथाकारले समान्य बोलीचालीको भाषा प्रयोग गरेका छन् । यसमा सरल र संयुक्त वाक्यका साथै प्रश्नार्थक र विस्मयबोधक वाक्यको पनि प्रयोग भएको छ ; जस्तैः'मैले सामान्य पारामा सोधेँ हँ ! त्यस्तो के फरक छ र ?' तत्सम, तद्भव आगन्तुक, अनुकरणात्मक शब्द र ठेट नेपाली शब्दको प्रयोगले कथा उत्कृष्ट छ । ईर्ष्या, सृष्टि, प्रसन्न, पीडा जस्ता तत्सम शब्दको प्रयोग प्रस्तुत कथामा पाइन्छ । यसै गरी सेतो, फूर्ती जस्ता तद्भव शब्दहरूको प्रयोग भएको प्रस्तुत कथामा रिटायर्ड, फुटबल, कम्पाउण्ड, डिस्को, क्यासेट जस्ता आगन्तुक शब्दको पनि यथोचित प्रयोग पाइन्छ । डङ्रङ्ग जस्तो अनुकरणात्मक शब्दको प्रयोग भएको यस कथाको शैलीमा वर्णनात्मकता र न्यून मात्रामा संवादात्मकता रहेको छ ।

## ४.२.४ 'अर्को उज्यालोको खोजीमा' कथाको विश्लेषण

### कथानक

प्रस्तुत कथा नेपाली राजनीतिको एउटा कालखण्डलाई आधार बनाएर लेखिएको छ । स्वतन्त्रताका लागि ज्यान गुमाउने सहिदको नाम भजेर सत्ता प्राप्त गर्नेहरूको कार्यशैली र सहिद परिवारको अवस्थालाई यस कथाले आफ्नो विषय बनाएको छ ।

प्रस्तुत कथा कमला नाम गरेकी पात्रलाई आफ्नो जीवन उराठ र शून्य लागेको अवस्थाबाट सुरु भएको छ । जिरो वाटको मधुरो बल्बले ऊ आफ्नो कोठालाई राम्रोसँग नियाल्छे । पर्दा उठाएर बाहिर हेर्दा लाटो कोसेरो कराएको र कुकुरहरू भुकेको सुन्छे । ऊ स्विच थिच्दै बत्ती बाल्छे । उसलाई अन्धकार मन पर्दैन । ऊ 'मलाई अन्धकार मन पर्दैन, मलाई अँध्यारोमा नफाल मान्छेहरू हो ?' भन्दै रुन थाल्छे र केही सम्हालिँदै पल्लो कोठामा मानिस निदाएको निश्वास सुनेर आश्वस्त हुन्छे । उसले आफ्नो अगाडि कपीको पानामा 'नारी मानव सभ्यताको सुन्दर सृष्टि हो' भन्ने वाक्य देख्छे र

त्यसलाई छातीमा टाँसेर बस्छे । यो वाक्यलाई उसले यथार्थभन्दा टाढा देख्छे र मर्माहत बन्छे । यहीँ आएर कथाको आदि भाग समाप्त हुन्छ ।

कथाको मध्यभागमा ऊ विगतलाई स्मरण गर्न पुग्छे । विगत उसका अगाडि फिल्मी दृश्य झैं आँखामा आउन थाल्छ । उसले त्यसमा आनन्द अनुभव गर्छे । उसले विद्यालयमा पढ्दा निर्मल सरले माया गरेको, समाजमा सङ्घर्ष गरेर अघि बढ्न प्रेरणा दिएको, साहसी बन्न सिकाएको, निर्मल सरसँग नजिक हुँदाहुँदै निर्मल सरप्रति समर्पित भएको आदि कुराहरू सम्झन्छे ।

कथाको अन्त्य भाग निर्मल सरको बेपत्ताबारे थाहा पाउन आतुर निर्मलाले निर्मल सरलाई सहिदको लिस्टमा पाएदेखि राँको बोकेर होस्टल कम्पाउण्ड छाडेसम्मका घटना पर्दछन् । यसभित्र निर्मलाले निर्मल सरको नाम सहिदको लिस्टमा पाएपछि ऊ मर्माहत बन्छे । ऊ निर्मल सरको सहादतपछि सत्तामा पुग्नेले सत्ताका लागि सहिदको जयगान गाए पनि, सहिदलाई महान पुरुषको पदवी दिए पनि आफ्नो हृदयको खाडल नपुरिने कुरा व्यक्त गर्छे । ऊ आफ्ना लागि संसार अँध्यारो भएको कुरा बताउँछे । सहिदको सम्झनामा पार्टीहरूले दीप जलाए पनि आफ्नो जीवन साथी र हरियाली फर्कन नसक्ने कुरा व्यक्त गर्छे । निर्मल सरको सपना र जीवनको अन्त्य गर्नेलाई प्रजातान्त्रिक सरकार भन्नेहरूले कारबाही गर्नुको सट्टा संरक्षण दिएको गुनासो ऊ व्यक्त गर्छे । कमला निर्मल सर जस्ता व्यक्तिहरूको सहादतबाट प्राप्त उपलब्धिलाई धुमिल पार्ने षड्यन्त्रका विरुद्ध सहिदको विचारलाई अगाडि बढाउने प्रण गर्दै राँको बोकेर होस्टल कम्पाउण्ड छाड्छे । यत्तिकैमा कथाको अन्त्य हुन्छ ।

वृत्ताकारीय ढाँचामा संरचित यस कथामा आन्तरिक र बाह्य कुनै प्रकारका द्वन्द्व प्रकटित भएका छन् । आन्दोलनमा निर्मल सरको मृत्यु हुनुले निरङ्कुश सरकार र सर्व साधारण नागरिकबिच बाह्य द्वन्द्व प्रकटित भएको पाइन्छ भने कमलाले तत्कालीन शासन व्यवस्थाका विरुद्ध आक्रोशित हुँदै निर्मल सर हिँडेको बाटामा हिँड्ने विचार गरी राँको बोकेर हिँड्नुले आन्तरिक द्वन्द्व बाह्य रूपमा प्रकटित भएको देखिन्छ । यस कथामा कमलाले निर्मल सरको नाम सहिदको लिस्टमा देखेपछि के गर्ली, कमला राँको बोकेर कहाँ गई होली जस्ता कुतूहल पाइन्छन् ।

## चरित्र चित्रण

प्रस्तुत कथा कमला नाम गरेकी पात्रको दिनचर्या र क्रान्तिकारी विचारलाई प्रस्तुत गर्न संरचित देखिन्छ । यस कथामा कमलाको भूमिका सशक्त रूपमा रहेको छ । कमला एक छात्रा हो । ऊ विद्यालय अवस्थादेखि नै सङ्घर्ष गर्न प्रेरित भएकी छ । ऊ यस कथाकी प्रमुख स्त्री, बद्ध, मञ्चीय, अनुकूल, गतिशील चरित्रकी पात्र हो । ऊ आफैँलाई पढाउने शिक्षक निर्मल सरसँग नजिकिँदै पछि उसकै जीवन सँगिनी बनेकी छ । आफ्नो जीवन साथीको निरङ्कुश शासन व्यवस्थाले हत्या गरेका कारण ऊ विक्षिप्त बनेकी छ । नयाँ व्यवस्था आउँदा समेत पुरानै शैलीमा काम भएकाले ऊ त्यसलाई परिवर्तन गर्न राँको बोकेर निस्कनुले उसमा क्रान्तिकारी चेत रहेको पाउन सकिन्छ । यस कथामा कमलादेखि बाहेक कमलालाई सङ्घर्ष गर्न प्रेरणा दिने निर्मल सरको भूमिका सहायक भए पनि कमलाको स्मृतिमा मात्र सीमित भएको छ ।

## संवाद

प्रस्तुत कथामा सांवदको प्रयोग भएको पाइँदैन । यस कथामा कथाकारले कमलाको दिनचर्या र उसका विचारलाई प्रवाह गरेका छन् । यस कथामा कमला नाम गरेकी एक मात्र पात्र छ । उसको जीवन भोगाइका क्रममा घटेका घटना, दुःखसुख आदि यस कथामा आएका छन् । कथा वर्णनात्मक भएकाले यसमा संवादको प्रयोग पाइँदैन ।

## परिवेश

प्रस्तुत कथाले प्रजातन्त्र पुनःस्थापना भएपश्चात्को राजनीतिक शासन व्यवस्थालाई प्रकट गरेको छ । प्रजातन्त्र स्थापना हुँदा समेत हिजोका अपराधीहरूलाई सजाय नदिएर प्रजातान्त्रिक सरकार भन्नेले उल्टै संरक्षण दिएको कुरा यस कथामा कमला मार्फत प्रकट भएकाले यसको कालगत परिवेश प्रजातन्त्र स्थापना भएपश्चात्को समय देखिन्छ भने स्थानगत परिवेश प्रजातन्त्र स्थापनापछि परिवर्तनको अभिलाषा बोके पनि परिवर्तन हुन नसकेको नेपाली समाज देखिन्छ ।

## दृष्टिविन्दु

प्रस्तुत कथमा कथाकार कथाभन्दा बाहिर रहेर कथामा प्रयुक्त पात्रको स्थितिलाई प्रकट गरेका छन् । यसर्थ यस कथामा बाह्य तथा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । कथाकारले कथामा कमला नाम गरेकी पात्रको अवस्थालाई मात्र प्रकट गरेकाले तृतीय पुरुष, सीमित दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## उद्देश्य

प्रस्तुत कथा पञ्चायती निरङ्कुश व्यवस्थाको अन्त्य भएर प्रजातान्त्रिक व्यवस्थाको स्थापना भएपछिको स्थितिलाई प्रस्तुत गर्ने सन्दर्भमा संरचित देखिन्छ । जनताको त्याग र वलिदानबाट प्राप्त उपलब्धिलाई सर्व साधारण जनताले भन्दा निरङ्कुश शासकहरूले आफ्नो अनुकूल प्रयोग गरेको कुरा देखाउनु यस कथाको मुख्य उद्देश्य देखिन्छ । शासन व्यवस्थामा जतिसुकै हेरफेर भए पनि जनताको पक्षमा काम गर्न नसकेको खण्डमा जनतामा सरकारप्रति वितृष्णा पैदा भई सरकारका विरुद्ध तिनीहरू आन्दोलित हुन्छन् भन्ने कुरालाई उजागर गर्नु यस कथाको उद्देश्य रहेको देखिन्छ ।

## भाषाशैली

प्रस्तुत कथामा सरल तथा सहज भाषाको प्रयोग भएको पाइन्छ । यसमा सरल, संयुक्त, मिश्र, प्रश्नार्थक र विस्मयबोधक वाक्यको प्रयोग पाइन्छ । यस कथामा आत्मसात, आश्वस्त, आदर्श, छात्रा, सान्त्वना जस्ता तत्सम शबदहरूको प्रयोग भएको पाइन्छ । त्यसै गरी आँसु, कोठा, मान्छे, हात, रित्तो जस्ता तद्भव शब्दहरूको प्रयोग भएको यस कथामा जिरो, बल्ब, टेबल, पास, होस्टेल, लिस्ट, कम्पाउन्ड जस्ता आगन्तुक शब्दहरूको पनि यथोचित प्रयोग भएको पाइन्छ । यस कथामा कथाकारले कथा बाहिर बसी कथामा प्रयुक्त पात्रको अवस्था र घटनाका बारेमा वर्णन गरेकाले वर्णनात्मक शैली रहेको देखिन्छ ।

## ४.२.५ 'विविध' कथाको विश्लेषण

## कथानक

'विविध' शीर्षकको प्रस्तुत कथाले नेपाली समाजको अनाम सहरको विविधतालाई प्रकट गरेको छ । यसमा लेखकले सहरी समाजको विविधतापूर्ण यथार्थलाई प्रस्तुत गरेका छन् । भट्टीमा रक्सी खाने मान्छेको भिडबाट यस कथाको कथावस्तु प्रारम्भ हुन्छ । सहरका हरेक मानिसहरू भट्टीमा पिउन तल्लीन रहेका छन् । गरिब धनी सबैको पिउने र गफ गर्ने केन्द्र भट्टी बनेको छ । त्यो भिडमा उपस्थित पुलिस आफ्नो सेवाका कारण तत्काल केही पिउन चाहँदैन । यी घटनाहरू यस कथाको आदि भागमा पर्दछन् । वकिल भूतनाथ र उसको स्टाफले यसै भट्टीमा पिउँदै गरिबको सेवा गरेको र अपजस भोगेको कुरा गर्दछन् । यो कुरा सुनेर अधीर बनेको तामाङ केटाले भूतनाथलाई पिट्छ । उसलाई कसैले प्रतिक्रिया देखाउँदैन । पुलिस आफ्नो पेसाको रबाफपमा सित्तैमा रक्सी पिउँछ । अर्कातर्फ साहित्यकार रक्सीले मातेर नग्न बन्दा पनि निर्लज्ज बनेर हिँडि रहेको छ । यथास्थितिको परिवर्तनमा लागेका कलाकारहरू यसलाई सचेत गराउन ध्यान दिँदैनन् । यी घटनाले यस कथाको मध्य भागको कार्य पुरा गरेका छन् । चौतारो नजिकैको रुखमा रहेको अरिङ्गालको गोलो फाल्न जनता सहमत भएका छन् । गाउँका केटाकेटी, आइमाई र यात्रुलाई सताउने अरिङ्गाललाई सदाका लागि निर्मूल पार्न जनता सहमत हुन्छन् । यी घटनाहरू यस कथाको अन्त्य भागमा रहेका छन् ।

यस कथामा तामाङ केटो र भूतमानका बिच बाह्य द्वन्द्व प्रकट भएको छ । यसै गरी जनता र शासकको प्रतीक रहेको अरिङ्गालका बिच आन्तरिक द्वन्द्व यहाँ पाइन्छ । कथाभित्र परम्परावादी सामाजिक मान्यतालाई निर्मूल पार्ने जन चाहना प्रकट भएकाले समाज र समूहबिचको द्वन्द्व पनि यहाँ पाइन्छ । तामाङ केटाले भूतनाथलाई कुटेको घटना, रक्स्याहा साहित्यकारको नग्न चरित्रको परिणाम, भट्टीमा पुलिसको आगमन एवम् अरिङ्गाललाई निर्मूल पार्ने जन चाहना जस्ता कार्य र इच्छाको भावी परिणामबारे पाठकीय मनमा कौतूहलको पनि सिर्जना हुन पुग्दछ ।

## चरित्र चित्रण

यस कथामा सहरी विविधतालाई प्रकट गरिएकाले थोरै भूमिका भएका तर धेरै पात्रहरू प्रयोग भएका छन् । यसमा तामाङ केटो, वकिल, साहित्यकार, पुलिस, जन समूह जस्ता व्यक्ति र व्यक्ति समूह पात्रका रूपमा समाविष्ट छन् ।

तामाङ केटो यस कथाको प्रमुख पात्र हो । ऊ आश्वासनका धोकाले पीडित पारिएको निम्न वर्गीय चरित्र हो । भूतनाथ वकिलका सेवाबारे आएका ढोँगी कुरालाई ऊ सहन गर्न सक्दैन र जाइ लाग्छ । अन्त्यमा वकिललाई कुटेर उसले आफ्नो आक्रोशलाई शमन गरेको छ । यसर्थ तामाङ केटो निडर, हतारमा निर्णय गर्ने, जनजातीय, निम्न वर्गीय, बद्ध, मञ्चीय पात्रका रूपमा रहेको छ ।

भूतनाथ वकिल सामन्ती शासकको पछौटे पात्र हो । ऊ गरिबका पक्षमा बोले झैं गरेर आफ्नो दुनो सोझ्याउन चाहने कुत्सित चरित्रको पात्र हो । उसले शोषकहरूको प्रतिनिधित्व गरेको छ । जनतालाई बारम्बार शोषण गर्नु, झुठा कुरा गरेर आश्वासन बाँड्नु जस्ता गैर जिम्मेवारी चरित्रका कारण भूतनाथले तामाङ केटाको प्रहार खेप्नु परको छ । उसले त्यो प्रहारप्रति कुनै प्रतिक्रिया जनाएको छैन । अन्त्यमा भिडले समेत बेवास्ता गरेपछि भूतनाथ निर्लज्ज भएर हिँड्न बाध्य हुन्छ । यसर्थ ऊ बद्ध, प्रतिकूल, वर्गीय, चरित्रका रूपमा रहेको छ ।

यसै गरी यस कथामा सेवाप्रति इमानदार रहन नसक्ने पुलिस सामाजिक परिवर्तन चाहने कलाकार र जन समूह, रक्स्याहा साहित्यकार, अरिङ्गालको गोलो जस्ता मानवीय र मानवेतर पात्र रहेका छन् ।

## संवाद

यस कथामा कथाकारले सहरको विविधतालाई वर्णन गरेका छन् । त्यसै गरी पात्रहरूबिचको संवाद पनि यस कथामा पाइन्छ । यस कथामा लुरे वकिल र भूतनाथका बिच र तामाङ केटा र भूतनाथका बिच संवाद प्रकट भएको छ । भूतनाथ र लुरे वकिलका बिचको संवादबाट उनीहरूमा अहम्ता रहेको वोध हुन्छ ; जस्तै : 'त्यसैले त भन्या हामी अग्रज छौं र यी सबै हाम्रो पछि लाग्नुपर्छ ।' तामाङ केटाको संवादबाट ऊ शोषण दमनका विरुद्ध खरो रूपमा उत्रने पात्रका रूपमा देखिन्छ ; जस्तैः 'कैयौं गरिबको जग्गा मिलाइ दिने नाउँमा क्वाप क्वाप पार्दै मानिसहरूलाई रुवाउने तँ यहाँ समाज सेवाको धाक लाउँछस् ?' यसरी यस कथामा पात्र अनुसारको संवादको प्रयोग भएको पाइन्छ ।

## परिवेश

प्रस्तुत कथामा स्थलगत परिवेशका रूपमा काठमाडौँ उपत्यकाको कुनै एउटा सहर आएको छ । सहरी वातावरणको कपटपूर्ण स्थिति र भूतनाथ र लुरे वकिल जस्ता शोषण वृत्तिमा संलग्न चरित्र भएका व्यक्तिहरूलाई सहरी बासिन्दाको रूपमा चिनाइएको छ । यसर्थ यस कथामा काठमाडौँ सहरको उच्च वर्गको सामन्ती संस्कृतिलाई परिवेशका रूपमा देखाइएको छ । कालका दृष्टिले यस कथामा पञ्चायत कालीन तानाशाही जर्जरताको उत्तरार्द्धको समय उल्लेख भएको पाइन्छ । समन्ती संस्कृति बोकेको वकिल भूतनाथ तामाङ केटोबाट पिटिनु, निरङ्कुशताका विरुद्ध जनता सङ्गठित हुनु जस्ता घटनाले यसै कालखण्डलाई देखाएका छन् ।

## दृष्टिविन्दु

प्रस्तुत कथामा प्रयुक्त पात्रहरूको व्यवहार र अवस्थालाई वर्णन गर्ने सम्बन्धमा कथाकारले आफूलाई कथाभन्दा बाहिर राखेका छन् । त्यसैले यस कथामा बाह्य वा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग पाइन्छ । कथामा प्रयुक्त सबै पात्रका बारेमा कथाकारले प्रकाश पारेकाले तृतीय पुरुष, सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## उद्देश्य

यस कथाको उद्देश्य समाजमा रहेका विभिन्न तह र क्षेत्रसँग सम्बद्ध व्यक्तिहरूका क्रिया कलापलाई उजागर गर्नु रहेको छ । निरङ्कुश व्यवस्थाका विरुद्ध जनता आन्दोलित भई त्यस व्यवस्थाको अन्त्यका लागि सङ्गठित हुन्छन् भन्ने विचार व्यक्त गर्नु यस कथाको मुख्य उद्देश्य देखिन्छ ।

## भाषाशैली

प्रस्तुत कथाको भाषा बोधगम्य छ भने शैली वर्णनात्मक छ । यस कथामा प्रकाश, अधिकांश, अन्त्य, कवि, ग्लानि, प्राणी, उत्थान जस्ता तत्सम शब्दहरू, साँझ, राती, दुध, भात, आगो जस्ता तद्भव शब्दहरू र होटल, बार, ड्युटी, तुङ्बा, तारिफ, टेबुल, सुराकी, कोट जस्ता आगन्तुक

शब्दहरूको प्रयोग भएको छ । जरुक्क, लुसुक्क, लुरुलुरु जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको यस कथामा कथाकारले सहरको एउटा भट्टीलाई केन्द्रमा राखेर त्यहाँ आउने मानिस र उनीहरूका क्रिया कलापलाई उजागर गर्नका लागि वर्णनात्मक शैलीको प्रयोग गरेका छन् भने पात्रहरूबिचको संवादबाट घटना अघि बढाएकाले संवादात्मक शैली पनि रहेको पाइन्छ ।

## ४.२.६ 'सीमा' कथाको विश्लेषण

### कथानक

प्रस्तुत कथा आफ्नो घरमा डेरा बसेको युवक कुमुदप्रति आकर्षित भएकी सीमाका अतृप्त यौनेच्छाको वर्णनबाट प्रारम्भ भएको छ । कुमुद गर्मी भएकाले पङ्खा खोलेर सुति रहेको हुन्छ । सीमा लुकेर कुमुदका शारीरिक अवयवलाई नियाल्छे । ऊ कुमुदलाई व्युँझाउनका लागि पङ्खा बन्द गरि दिन्छे र बाहिर निस्कन्छे । बेलौती टिप्दै गरेकी सीमालाई आमाले गाली गरेकाले र असाध्य गर्मी भएकाले कुमुद ब्युँझन्छ । ऊ बाहिर निस्कदा सत्यवतीको शरीरप्रति आकर्षित बन्छ । यसै वेला सीमा कुमुदलाई अम्बा दिन्छे । कोठाभित्र सुति रहेको बावु यागनाथ पनि उठ्छ र सीमाका आमाबाबु भाइ निरजलाई लिएर बजार निस्कन्छन् । कुमुदलाई एक्लै पाउने भएँ भनेर सीमा ढुक्क हुन्छे । ऊ खाजा बनाउन लाग्छे । यत्तिकैमा आफ्नो घरतिर आउँदै गरेको सुरेशले कुमुदसँगको सम्पर्कमा असर पार्ने बुझेर सीमा चिन्तित बन्छे । केही वेरपछि कुमुद सुरेशसँगै बाहिर गएपछि सीमोको कल्पना भताभुङ्ग हुन्छ ।

कुमुद बाहिरिएपछि सीमा आफूलाई अनुकूल पर्नासाथ कुमुदका कोठामा प्रवेश गर्न सकियोस् भनेर उसको ढोकाको चुकुल कुच्याउँछे । बेलुकी आमाबाबु आएपछि दाइका साथ मासु खाँदै पिउने कार्यक्रम चल्छ । भान्सा कोठामा भाइ निरजसँग रहेकी सीमा भने कुमुदलाई सम्झँदै टोलाउँछे कुमुद आएर कोठामा सुत्छ ढोकाको अवस्थाबारे उसलाई पत्तै हुँदैन अझ राति भएपछि सीमा खोल्न सजिलो पारिएको कुमुदको ढोका उघारी भित्र पस्छे । कुमुद सीमालाई अस्वीकार गर्छ भने सीमा निर्लज्ज बनेर कुमुदलाई अँगाल्न खोज्छे । जसोतसो कुमुद सीमालाई बाहिर निकाल्न सफल हुन्छ । आफू फस्ने सम्झेर भोलिपल्टदेखि ऊ साथी सुरेशकैमा सुत्न थाल्छ । कुमुदको रित्तो कोठामा सीमा

यौनमत्त भएर पसारिन्छे । ढोकाको आबाजले व्युँझिएका बाबुआमाले सीमालाई कुमुदको कोठामा फेला पार्छन् । विस्मित सीमालाई देखेर बाबुआमा छक्क पर्छन् । फुलदानी फुट्नबाट बचे पनि त्यसमा सजाइएका पातहरू झरे भन्ने कथाकारको प्रतीकात्मक कथनका साथ यस कथाको अन्त्य भएको छ ।

प्रस्तुत कथामा सीमाका अतृप्त यौनेच्छालाई उसका व्यवहारका माध्यमबाट प्रकट गरिएको छ । यौन मनोविज्ञानमा आधारित प्रस्तुत कथाको स्रोत नेपाली समाज रहेको छ । मानिसको मनोजगतभित्रका विभिन्न गतिविधिलाई उद्घाटन गर्ने कथालाई नै मनोवैज्ञानिक कथा भनिन्छ । यसको कथानकको आदि भागमा कुमुदप्रति सीमाको आकर्षण बढ्नु, सीमाले बेलौती खेलाउनु, कुमुदलाई पाउन ऊ लालायित बन्नु, ढोकाबाट चियाएर कुमुदलाई हेर्नु, सीमाका आमाबाबु बजार जानुसम्मका घटना रहेका छन् । यसै गरी कुमुदलाई एक्लै पाएर सीमालाई ऊप्रति नजिक हुने इच्छा जाग्नु , सुरेश आएर कुमुदलाई लिएर जानु, सीमाले क्रुद्ध बनेर ढोकाको चुकुल कुच्याउनु, बेलुका सीमाका आमाबाबु आउनु जस्ता घटना यसको मध्य भागमा पर्दछन् । यसरी नै अन्त्य भाग अन्तर्गत कुमुदको आगमन, उसका कोठामा सीमाको प्रवेश, कुमुदको अस्वीकार, कुमुदको गृहत्याग, कुमुदको रिक्त कोठामा सीमाको एकोहोरो आकर्षण जस्ता घटना समाविष्ट रहेका छन् । कथानकलाई आदि मध्य र अन्त्यको संरचनामा आबद्ध बनाई यस कथाको निर्माण भएको छ । यसमा यागनाथ र सीमाबिच, यागनाथ र कुमुदबिच र सत्यवती र सीमाबिच आनतरिक द्वन्द्व रहेको छ भने सीमा र कुमुदका मनभित्र आकर्षण र विकर्षणका अन्तर्द्वन्द्व मडारिएको पाइन्छ । यसमा सीमाको चञ्चल व्यवहारले कस्तो परिणाम ल्याउला, उनीहरूका व्यवहारलाई सीमाका आमाबाबुले कसरी स्विकार्लान् , सीमाले कोठामा प्रवेश गरेर कुमुदसँग कस्तो व्यवहार गर्ली, कमुदको कोठामा सुतेकी सीमालाई देखेर आमाबाबुले ऊप्रति कस्तो प्रतिकृया देखाउलान् जस्ता कौतूहल पनि रहेको पाइन्छ ।

## चरित्र चित्रण

प्रस्तुत कथामा कथावस्तुको गति अनुसार सीमित र आवश्यक पात्र रहेका छन् । पात्रका व्यवहारका कारण यसको कथानकले गति पाएको छ । यसमा आएका पात्रहरूलाई निम्नानुसार चित्रण गरिन्छ :

१७-१८ वर्षकी यौनावेगले लठ्ठ बनेकी सीमा यस कथाकी प्रमुख चरित्र हो । ऊ कुमुदसँग एकोहोरो आकर्षण राख्दछे । कुमुदको विचारलाई बुझ्न नसकेकी ऊ निदाएको कुमुदप्रति मोहित बनेर अवलोकन गर्छे । यौनावेगका कारण उसले राति कुमुदको कोठामा प्रवेश गर्ने ढोकाको चुकुल कुच्याउने, एकोहोरो उसको चिन्तन गर्ने जस्ता असामान्य व्यवहार प्रस्तुत गरेकी छ । कथाको आद्योपन्त भागमा सीमाको चरित्रलाई महत्त्वका साथ लिइएको  छ । यसर्थ सीमा बद्ध, मञ्चीय र बैंसालु नारीको प्रतिनिधि पात्र बनेकी छ । गोर्खामा घर भएको तर काम विशेषले यागनाथको घरमा डेरा बसेको कुमुद उसकी छोरी सीमाका असामान्य चरित्रले आक्रान्त बनेको छ । सीमाको शारीरिक पुष्टतालाई पनि नियाल्ने र उसकी आमा सत्यवतीप्रति पनि आकर्षित बन्ने कुमुद यौनेच्छालाई बाहिर प्रकट गर्न  चाहँदैन । ऊ काल्पनिक रूपमा सीमाको शरीरलाई विचार गर्दछ । तर व्यावहारिक रूपमा उसका असामान्य चरित्रबाट टाढा रहन्छ । यसर्थ अविवाहित युवक भएर पनि ऊ अत्यन्त सचेत देखिन्छ । सीमाका एकोहोरो मौन र प्रेमाकर्षणलाई उसले ठाडै अस्वीकार गरेको छ । भित्र भित्र सीमालाई चाहे जस्तो गरे पनि लोकापवादबाट बच्न खोज्ने कुमुद सामाजिक सभ्यताको ख्याल गर्दछ । अन्त्यमा ऊ सीमाका अशोभनीय व्यवहारका कारण घर छाड्न बाध्य हुन्छ । सीमाको आकर्षणको केन्द्र रहेको कुमुद प्रमुख, बद्ध, अनुकूल, मञ्चीय र सामाजिक सभ्यताको ख्याल गर्ने पुरुष वर्गको प्रतिनिधि पात्र रहेको छ ।

यी बाहेक यस कथामा यागनाथ र सत्यवती रक्सीको कुलतमा लागेका तर छोरीको व्यवहारप्रति केही सचेत बनेका पात्र हुन् । उनीहरू छोरीका व्यवहारलाई सुधार्नभन्दा पनि कुमुदसँग उसको विवाह गरि दिन खोज्नुले एकोहोरो सोचाइले ग्रस्त पात्र देखिन्छन् । उनीहरू यस कथाका सहायक पात्र हुन् । कुमुदलाई घरबाट बाहिर लैजाने सुरेश सीमाको अन्तरिच्छा विपरीत काम गर्ने पात्र हो । कुमुदको साथी रहेको ऊ सहायक पात्रका रूपमा यहाँ आएको छ । यस कथामा आएका निरज, जीवन जस्ता पात्रहरू गौण चरित्रका रूपमा रहेका छन् ।

## संवाद

प्रस्तुत ‘सीमा’ कथामा संवादको त्यति प्रयोग भएको पाइँदैन । वर्णनात्मक शैलीको, प्रयोग भएको यस कथामा पात्रका यौन चाहनाहरूलाई प्रस्तुत गरिएको छ । यस कथामा सीमाको, कुमुदको

र सीमाकी आमाको संवाद छ । सीमाकी आमाको संवादको नमुना यस्तो छ : 'ए पट्टु ! चढ्छेस त्याँ' सीमा र कुमुदबिचको संवाद यस्तो छ :

सीमा-त्यो किन नखाएको नि ?

कुमुद-के खानु यो कट्मिरो !!

सीमा -क्या हो ! कटमिरो भनेको ?

कुमुद -कटमिरो भनेको तिमी...

यस कथामा संवादको यथोचित प्रयोग भएको छ । त्यो संवाद पढ्दा कथा नाटक जस्तो लाग्छ । कथामा प्रयुक्त संवाद स्वाभाविक र पत्यारिलो छ ।

## परिवेश

यस कथामा बाह्य र आन्तरिक दुबै परिवेश आएको छ । बाह्य परिवेशमा पश्चिम तराईको ग्रामीण भूभाग र गर्मीको समय आएको छ । युवा युवतीबिच पारस्परिक प्रेम गर्न कठिनाइ झेल्नु पर्ने कठिन सामाजिक परिवेशलाई यस कथाले झल्काएको छ । नारी पुरुषका यौनाकर्षण र अतृप्त काम वासनाका कारण उत्पन्न मनोदशा नै यस कथाको आन्तरिक परिवेश हो । आन्तरिक रूपमा यौन चाहना र प्रेमको इच्छा भए पनि पुरुषमा पेसा, समाज र इज्जतको ख्याल गर्ने मर्यादित सामाजिक परिवेश छ । खास गरी युवा युवतीका अतृप्त विषय वासनाले पीडित आन्तरिक परिवेशको सशक्त प्रयोग यस कथामा छ ।

## दृष्टिविन्दु

यस कथामा बाह्य अर्थात तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । वर्णनात्मक शैलीमा पात्रका क्रिया कलापहरूलाई कथामा प्रस्ततु गरिएको छ । कुमुद, सीमा, सीमाकी आमा, सीमाको बाबु जस्ता पात्रका क्रिया कलापलाई यस कथामा प्रस्तुत गरिएको छ । यहाँ सीमाका यौन चाहना, कुमुदका क्रिया कलाप र विवशता, बुबाको जँड्याहा वृत्ति र सीमाकी आमाको कर्कसा स्वभावलाई प्रस्तुत गरिएकाले यस कथामा तृतीय पुरुष, सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको छ ।

## उद्देश्य

नारी र पुरुषबिचको प्रेम भावनालाई प्रस्तुत गर्नु यस कथाको उद्देश्य हो । प्रेम र यौनले समयमा निकाश नपाउँदा त्यसले उग्र रूप लिन सक्छ भन्ने कुरालाई उजागर गर्नु यस कथाको उद्देश्य रेहेको देखिन्छ । यौन चाहनाको परिपूर्ति नहुँदा त्यसबाट सृजित मानसिक दशा र विकृत व्यवहार कस्तो हुन्छ भनी चित्रण गर्नु यस कथाको अभिप्राय  देखिन्छ ।

## भाषाशैली

पात्रको मनोदशालाई प्रस्तुत गर्नका निम्ति सरल र सहज भाषाशैलीको प्रयोग यस कथामा गरिएको छ । वर्णनात्मक शैलीको प्रयोग गरिएको यस कथामा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग छ । ती शब्दहरूको उचित संयोजनले कथा स्वाभाविक बन्न पुगेको छ । शीतल, कर्कश, सत्यवती जस्ता तत्सम शब्दको प्रयोग यस कथामा पाइन्छ । त्यसै गरी सास, बत्ती जस्ता तद्भव शब्द र स्वीच, अंकल, रिक्सा जस्ता आगन्तुक शब्दको प्रयोगले पनि यस कथामा स्वाभाविकता थपेको छ । सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग सामान्यार्थक, प्रश्नार्थक र विस्मयाबोधक वाक्यको प्रयोग पनि यस कथामा छ ; जस्तै : 'हाम्रो घरको नास्ता के मीठो लाग्ला र अंकललाई ?' 'ए ! मैले भाइलाई पुग्दैन कि भनेर यहाँ राखिदिएको थिएँ दिनै बिर्सेछु ।'

यसरी शब्दका तहदेखि वाक्य गठन प्रक्रियासम्म बोधगम्यता भएकाले भाषाशैलीका दृष्टिले यो कथा राम्रो छ ।

## ४.२.७ 'संस्कृति' कथाको विश्लेषण

### कथानक

संस्कृति कथामा प्रशासनिक संयन्त्रमा मौलाएको भ्रष्ट र विकृत कार्य शैलीलाई प्रस्तुत गरिएको छ । यसर्थ प्रशासनिक स्रोतबाट ग्रहण गरिएको कथानक रहेको यस कथामा त्यसभित्रका

विकृतिलाई कथात्मक स्वरूप प्रदान गरिएको छ । यसमा 'म' पात्र हरिले अरुणसँग मान्छेलाई दासतामा राख्ने र आफ्ना विरुद्ध बोल्न नदिने प्रशासनिक व्यक्तिबारे बताएको छ । उच्च कर्मचारीका गलत आचरण सुनेर अरुण चकित बनेको छ । हरिले जनताका करको दुरुपयोग गर्ने व्यक्तिलाई खराब भनेकामा अरुण विस्मित बनेको छ । हरि त्यसता विकृतिका विरुद्ध बोल्नु सकारात्मक ठान्दछ भने अरुणले जागिर बचाउन दासतालाई स्विकार्ने मनसाय व्यक्त गरेको छ । जस्तासुकै खराबीका विरुद्ध लागि पर्ने हरिका विचारमा अरुणले आफ्नो बद्नाम हुने भएकाले त्यसो नगर्नु उचित ठानेको छ । संस्था भ्रष्ट नभएर त्यसमा रहेका व्यक्तिका आचरण भ्रष्ट हुने कुरा हरिले बताएको छ । उसले सुन्दरी नारीलाई प्रिय बनाउने सचिवका क्रिया कलापलाई गलत ठान्दै पुतलीको संज्ञा दिएको छ । अरुण भ्रष्ट क्रिया कलापमा संलग्न व्यक्तिको उत्थान भएको देखेर त्यसैप्रति मोहित भएको छ । ऊ सरकारी करलाई छुटमा पारेर कमिसन लिन खोज्ने व्यक्तिका विरुद्ध बोल्ने हरिको कार्यबाट प्रभावित भएको छ । हरिका अन्याय र भ्रष्टाचार नसहने सोच र व्यवहारबाट अरुण प्रभावित भए पनि सचिवको आदेशमा उसलाई असक्षम कर्मचारी भन्दै पदबाट निलम्बन गरेको पत्र पठाएको जानकारी गराउँछ । उसले सफा व्यवहारलाई भन्दा जागिरलाई मान्यता दिएको छ । हरिले जागिरभन्दा आफ्नो क्षमतालाई बलवान ठानी आफ्नो निलम्बनलाई स्वीकार गरेको छ । उसको यो स्वीकारसँगै यसको कथानक समाप्त भएको छ ।

यस कथाको आदि भागमा दासता र भ्रष्टता विरुद्ध हरिको कथन, अरुणका स्वीकारोक्ति, करको हिनामिना, सचिवका गलत निर्णय जस्ता घटना समावेश भएका छन् । यसको मध्य भागमा भ्रष्ट व्यक्तिको उन्नति भएको, उनीहरूको शक्ति निर्णायक रहेको, अरुणले घुमाउरो रूपमा त्यसको समर्थन गरेको र हरिले त्यसका विरुद्ध लागि रहन प्रण गरेको घटना आएका छन् । यसै गरी अन्त्य भागमा हरि पदबाट निलम्बित भएको, अरुणले विकृतियुक्त जागिरलाई स्विकारेको तथा हरिले जागिरभन्दा क्षमता ठुलो हो भन्दै आफ्नो निलम्बनलाई स्वीकार गरेको घटना आएका छन् । यसमा प्रशासनका भ्रष्ट क्रिया कलाप, सचिवका दुराचार र कर हिनामिना गर्ने अधिकारीका क्रिया कलापप्रति हरिका मनमा द्वन्द्वको सिर्जना भएको छ । यसै गरी हरिका सकारात्मक कथनबाट अरुणका मनमा दासता र विकृति विरुद्ध बोल्ने कि जागिर स्विकार्ने भन्ने मानसिक द्वन्द्व रहेको छ ।

बाह्य द्वन्द्व नरहेको यस कथामा यिनै आन्तरिक द्वन्द्व पाइन्छ । यस कथामा कथानक अन्तर्गत पर्ने कौतूहल तत्त्वको प्रयोग भएको पाइँदैन ।

## चरित्र चित्रण

प्रस्तुत कथामा प्रत्यक्ष रूपमा हरि र अरुण दुई पात्रहरू रहेका छन् । उनीहरू एउटै कार्यालयमा काम गर्छन् । हरि दासता र भ्रष्टाचारका विरुद्ध आबाज उठाउँछ । ऊ प्रशासनका विकृतिलाई धज्जी उडाउन तल्लीन रहन्छ । राम्रो काम गर्दागर्दै पनि उसले विकृतिको भन्डाफोर गरेका कारण जागिरबाट निलम्बित हुनु परेको छ । यसको विपरीत अरुण उच्च अधिकारीका आदेशलाई अन्धाधुन्ध पालना गर्दछ । ठुलाबडाको दासता र भ्रष्ट आचरणलई स्वीकार नगरे जागिर नरहने भयले अरुण ग्रस्त देखिन्छ । हाकिमका आदेशमा सकारात्मक चेतना भएको हरिलाई निलम्बन गरिएको पत्र लेख्ने अरुण हाकिमका निर्देशनमा नाचि रहन्छ । यसर्थ यस कथामा आएको हरि पुरुष, प्रमुख, बद्ध, मञ्चीय, अनुकूल र गतिहीन पात्र हो । यसै गरी अरुण पुरुष, प्रमुख, बद्ध, मञ्चीय, प्रतिकूल र गतिशील चरित्रका रूपमा रहेको छ । यसमा आएका सचिव, उनीहरूका प्रिय रहेका सुन्दरी नारी तथा अधिकृत सूच्य पात्रका रूपमा रहेका छन् ।

## संवाद

यस कथाको कथानक संवादका माध्यमले अघि बढेको छ । यसमा कथाकारको वर्णनभन्दा पात्रहरूबिचको संवादले घटनालाई अघि बढाएको छ । यस कथामा हरि र अरुणबिच संवाद भएको छ । हरि र अरुणबिचको संवाद कथामा आदिदेखि अन्त्यसम्म रहेको छ । हरिको संवादबाट ऊ प्रशासनिक विकृतिका विरुद्ध लड्ने देशभक्त हो भन्ने बुझिन्छ ; जस्तैः 'भ्रष्टाचार हुनु, कमिसन खानु र सार्जजनिक कार्य ढिला हुनुमा हामी सचेत हुनुपर्छ कि पर्दैन ?' यसै गरी अरुणको संवादबाट ऊ भ्रष्ट आचरणलाई स्वीकार नगरे पनि जागिरका लागि केही बोल्न सकेको बोध हुन्छ ; जस्तैः- 'हो ! तर जागिर खाएपछि प्रोफेसनल इथिक्स राख्नु पर्ने रहेछ ।' यसरी यस कथामा संवादको प्रशस्त प्रयोग भएको पाइन्छ ।

## परिवेश

परिवेशको झिनो प्रयोग रहेको यस कथामा दुई पात्रका संवादले त्यसको उजागर गरेको छ । यसमा सहरी परिवेश र खास गरी काठमाडौँ कालिमाटीको नाम अङ्कन भएको देखिन्छ । प्रशासनमा हुने भ्रष्चटाचार, त्यसका विरुद्ध बोल्ने व्यक्तिलाई दिइने दण्ड र समर्थनमा बोल्नेलाई गरिने आत्मीय व्यवहार जस्ता पक्षले पञ्चायती अनुशासनहीन परिवेशलाई व्यक्त गरेका छन् । कार्यालयका विकृति विरुद्ध बोल्दा जागिरबाट हात धुनु पर्ने असल कर्मचारीका समस्या तथा लुब्ध कर्मचारीलाई आफ्नो हातमा लिएर फाइदा लुट्ने सचिवका क्रिया कलापबाट पनि यस कुराको पुष्टि हुन्छ ।

## दृष्टिविन्दु

यस कथामा कथाकार 'म' पात्रका रूपमा प्रकट भएका छन् । 'म' पात्र हरिका माध्यमबाट कथाकारले प्रशासनका विकृति, त्यसमा हुने भ्रष्टाचार र विभिन्न प्रलोभनमा कर्मचारीलाई दास बनाउने क्रिया कलापको विरोध गरेका छन् । उनले अरुणका भुक्तभोगी चरित्र, दास मनोवृत्ति र पिछलग्गु कार्यशैलीलाई पनि उजागर गरेका छन् । यसर्थ प्रस्तुत कथामा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दु रहेको पाइन्छ ।

## उद्देश्य

यस कथा मार्फत कथाकारले संस्कृतिका रूपमा मौलाएको प्रशासनिक विकृतिलाई भन्डाफोर गरेका छन् । जनताबाट असुलिएको कर हिनामिना गरेर आफ्नो दुनो सोझ्याउने उच्च स्तरका कर्मचारीका क्रिया कलापलाई नङ्ग्याउनु यस कथाको उद्देश्य रहेको छ । यसै गरी दुराचार र विकृतिका विरुद्ध बोल्ने तथा दासता र भ्रष्टचारप्रति विमति जनाउने असल कर्मचारीका दयनीय अवस्थाको चित्रण गर्नु पनि यस कथाको उद्देश्य रहेको छ । यसमा प्रतिकूल प्रशासनिक स्थिति र त्यसले ग्रस्त बनेको प्रशासनिक संयन्त्र सुध्रनु पर्ने सन्देश पनि सम्प्रेषण गरिएको छ ।

## भाषाशैली

यस कथामा विषय वस्तु सुहाउँदो सामान्य शब्दहरूको सुन्दर ढङ्गबाट प्रयोग भएको पाइन्छ । भाषाशैलीको चमत्कार देखाएर अभिव्यक्तिलाई आलङ्कारिक वनाउने काम कथामा कतै पनि भएको

छैन । भावुकतामा आएर कुनै कुरामा आकृष्ट भएर बिम्ब प्रतीकहरूको प्रयोग गर्ने काम यस कथामा भएको पाइँदैन । कथामा निषेध, अवज्ञा, मौन, क्षितिज जस्ता तत्सम शब्दहरूको प्रयोग भएको छ भने कोठा, छिन, आगो, लामो जस्ता तद्भव शब्दका साथै पुलिस, स्टेसनरी, प्रोफेसनल, अफिस, ड्राफ्ट जस्ता आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । मल्याकमिलिक् र झुलुक्क जस्ता अनुकरणात्मक शब्दको पनि प्रयोग भएको यस कथाको शैली सरल र सुबोध छ ।

## ४.२.८ 'क्यालेन्डर' कथाको विश्लेषण

### कथानक

प्रस्तुत 'क्यालेन्डर' शीर्षकको कथामा एउटी पस्चिमे केटीबाट परित्यक्त 'म' पात्रको मानसिक अन्तर्द्वन्द्वलाई उठाइएको छ । म पात्रले सतहत्तर वर्षको बुढ्यौली उमेरसम्म पनि सो केटीलाई बिर्सन सकेको छैन । भर्खरै यौवनमा प्रवेश गर्दै गएकी विनाले 'म' पात्रको अतीतलाई सम्झाएकी छे । 'म' पात्र विनाको रूपमा त्यही खैरे केटीको प्रतिबिम्ब खोज्न चाहन्छ । विना 'म' पात्रलाई अङ्कलको सम्बोधन गर्छे । अङ्कलको एक्लोपनमा त्यही खैरे केटीले निम्त्याएको परिणाम हो भन्ने ठान्दै विना त्यस केटीप्रति द्वेष भाव देखाउँछे । ऊ 'म' पात्रलाई अतीतका सबै घटना बिर्सन आग्रह गर्छे र क्यालेन्डरमा अङ्कित फोटो च्याति  दिन्छे । 'म' पात्र त्यो खैरे केटीको सम्झनालाई भुल्न चाहन्छ  र त्यस केटीबाट मानसिक रूपमा पर रहन क्यालेन्डर झुन्ड्याएको किलो समेत उखेलेर फ्याँकि दिन्छ । ऊ तितो अनुभव बोकेर बाहिरिन्छ र कथा समाप्त हुन्छ ।

प्रस्तुत कथामा कथाकारले पूर्वदीप्तिको प्रयोग गरी कथानकलाई अगाडि बढाएका छन् । कथा चरित्रकेन्द्री कथानकमा आधारित छ । यसमा 'म' पात्रका चारित्रिक उल्झनहरूलाई देखाइएकाले झिनो कथानकको संयोजन रहेको छ ; तथापि कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा रहेको छ । 'म' पात्रले आफ्नो जीवनका पूर्वस्मृति गरेसँगै कथानकको आदि भाग सुरु भएको छ । विनाको प्रवेश र उसले 'म' पात्रलाई विगतका घटना बिर्सन आग्रह गर्दै क्यालेन्डर च्यातिदिएको घटनासम्म मध्य भाग रहेको छ । यस्तै 'म' पात्रले त्यो खैरे केटीको सम्झना दिने वस्तुहरू फ्याँकि दिने क्रममा क्यालेन्डर झुन्ड्याइएको किलो समेत उखेलेर मिल्काइ दिनु यस कथाको अन्त्य भाग हो ।

यस कथामा 'म' पात्रमा प्रेमको वियोगले निम्त्याएको आन्तरिक द्वन्द्व देखिन्छ । उसले धेरै समयसम्म आफ्नी प्रेयसीलाई भुल्न सकेको छैन । 'म' पात्रमा देखा परेको अन्तर्द्वन्द्वको कारक पस्चिमे केटी हो, जससँग उसले वैवाहिक सूत्र गाँसेको थियो । सतहत्तर वर्षसम्मको समयावधिमा उसभित्र जेजति मानसिक उथलपुथल उत्पन्न हुनु पर्ने हो ; त्यसको प्रशस्त प्रयोग भने कथामा प्राप्त हुन सकेको छैन । अतः चरित्रकेन्द्री कथानक भएर पनि आन्तरिक द्वन्द्वको फितलो प्रयोगले यो कथा स्वाभाविक बन्न सकेको छैन ।

कुतूहलको दृष्टिबाट समेत यो कथा कमजोर नै देखिन्छ । पाठकलाई 'म' पात्रले आफ्नी पत्नीको वियोगमा के कस्ता प्रतिक्रिया देखाउने हो भन्ने उत्सुकता कमै रहन्छ । घटना तीव्र गतिमा बढेकाले कुतूहलको न्यूनता भेटिन्छ ।

## चरित्र चित्रण

प्रस्तुत क्यालेन्डर कथामा 'म' र बिना गरी दुई पात्र मात्र मञ्चीय देखिन्छन् ; जसका कारणले कथाको स्वरूप निर्माण भएको छ । त्यो (खैरे केटी) भने नेपथ्य पात्रका रूपमा वर्णित छ । त्यसैले यहाँ 'म' पात्र र बिनाको चरित्र चित्रण गरिन्छ । 'म' पात्र यस कथाको प्रमुख पुरुष पात्र हो । उसलाई अर्को पात्र बिना अङ्कल भनेर सम्बोधन गर्दछे । ऊ बुढ्यौली उमेरमा आफ्नो जीवन व्यतीत गरि रहेको छ । आफ्नो यौवनावस्थामा खैरे केटीको साथ पाएको उसले अहिले पत्नीपीडा पाएको धेरै समय भइ सकेको छ ; तथापि आफ्नो मनबाट त्यस केटीलाई अलग्याउन सकेको छैन । जसले छोडेको छ ; त्यसलाई सतहत्तर वर्षसम्म सम्झेर जीवनलाई निरुत्साहित पार्नु उसको कमजोरी हो । उसको यस्तो एकोहोरो सम्झनालाई हटाउन बिना सहयोगी बनेकी छे । बिनाले क्यालेन्डरको तस्बिर च्यातेपछि एकैचोटि उसको मनबाट त्यो खैरे केटी अलगिगएकी छे । कथामा यो स्वाभाविक देखिन्न । त्यत्रो समय स्मृतिमा आएकी केटीलाई 'म' पात्रले एक्कासी भुलि दिनु राम्रो होइन । 'म' पात्र एउटै अडानमा रहँदारहँदै पनि अन्त्यमा क्यालेन्डर झुन्ड्याउने किलो फ्याँकेर परिवर्तित गराएको छ । त्यसैले ऊ गतिशील पात्र हो । बिना यस कथाकी सहायक नारी पात्र हो । 'म' पात्रलाई खैरे केटीको संस्मरणबाट अलग्याउन यसको भूमिका रहेको छ । यसको जुन कुराले जीवनमा धेरै समय अल्झाउँछ ; त्यस्तो कुरा मनमा खेलाइ रहनु हुँदैन भन्ने सोचाइ देखिन्छ ।

क्यालेन्डरकी केटी र आफ्नो रूपको तुलना गर्दै आफूलाई सुन्दर युवती भएको प्रशंसा गर्ने ऊ 'म' पात्रको समस्यालाई नजिकैबाट बुझेकी पात्र हो । कथामा देखिएको समस्याको निर्णायक समाधान यही पात्रले गरेकी छे ।

## संवाद

यस कथामा 'म' पात्र र बिनाबिच संवाद देखिन्छ । 'म' पात्रकै आत्म कथनमा कथानक अघि बढेकाले संवादको न्यूनता देखिन्छ । विवाहको प्रसङ्ग झिक्दै बिनाले बोलेको संवाद यस्तो छ ; 'बिहेमा मजा आउँछ हगि अङ्कल?' 'त्यो अन्टीसँग तपाईंले बिहे गरेको हैन ?' संवादका दृष्टिबाट कथा सहज र पात्रानुकूल देखिन्छ ।

## परिवेश

प्रस्तुत कथा एउटा घरको एउटै कोठामा सीमित देखिन्छ । नेपथ्य परिवेशमा भने अमेरिका तथा घर बाहिरका स्थान समेत रहेका छन् । दुई पात्रबिच एउटै कोठामा सुरु भएको कथा त्यहीँ समाप्त भएकाले यसले धेरै समय ओगटेको छैन । सूच्य रूपमा भने कथा सतहत्तर वर्ष अगिदेखिको घटनामा केन्द्रित रहेको छ ।

## दृष्टिविन्दु

प्रस्तुत कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । 'म' पात्रको केन्द्रीयतामा कथा पूर्ण भएकाले प्रथम पुरुष, केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ ।

## उद्देश्य

प्रस्तुत कथामा 'म' पात्रले आफ्नै जीवनमा आइ परेको उल्झनलाई समस्याका रूपमा उतारी यस्ता समस्यालाई धेरै समयसम्म मनमा लिनु नहुने कुरा अभिव्यक्त गरिएको छ । जीवनलाई सार्थक बनाउन गतिशीलता अपनाउनु पर्छ । कुनै कुरालाई धेरै कालसम्म मनमा लिइ रहँदा प्रगति असम्भव

हुन्छ । जुन विषयले मनलाई भड्काएको छ, त्यसलाई समाधान गरिहाल्नु पर्छ भन्ने मूल उद्देश्य यस कथामा रहेको छ ।

## भाषाशैली

प्रस्तुत 'क्यालेन्डर' कथामा पात्रानुकूल भाषाशैलीको प्रयोग भएको देखिन्छ । 'म' पात्र र बिनाबिचको संवादमा स्वाभाविकता देखिन्छ । पात्रहरूबिचमा भएका कुराकानीमा प्रश्नात्मक, विस्मयसूचक अनि सम्बोधनात्मक शैली पाइन्छ । क्यालेन्डर, अङ्कल, आन्टी, फोटो जस्ता आगन्तुक शब्द साँझ, आइमाई जस्ता तद्भव तथा द्वेष, नयन, मन्दिर उच्छ्वास जस्ता तत्सम शब्दहरूको सहज प्रयोग कथामा पाइन्छ । 'म' पात्रको आत्म कथन कथाभित्र बढी रहेको छ । समग्रमा कथा सरल तथा बोधगम्य रहेको छ ।

## ४.२.९ 'जात्रा' कथाको विश्लेषण

### कथानक

'जात्रा' कथामा 'म' पात्र निरजका मानसिक उल्झनहरूलाई कथानकको स्वरूप प्रदान गरिएको छ । 'म' पात्र आफ्नो डेरातर्फ फर्कि रहेको छ । ऊ कतै पैसा भेटिन्छ कि भन्ने आशाले बाटो काट्छ । उसलाई सहरका घरहरूले घोचेको अनुभव हुन्छ । आफ्नो साथी फर्कने समय सोच्दै निरज पत्रिका बेच्ने सिँगाने केटीप्रति भावुक बन्दछ । पत्रिकाका बासी समाचारले उसलाई दिक्क लागेको छ । साथीको आगमनमा चिया खाने कि खुवाउने भन्ने तर्कना उसको मनमा मडारिन्छ । अर्थशास्त्रको डिग्रीले पनि जागिर खान नसकेकामा ऊ पीडित बनेको छ । जन प्रशासनमा डिग्री गर्ने तर्कनाले ऊ मडारिन्छ । भनसुनका माध्यमले कल्पना क्यालिफोर्निया पुगेको सुनेर ऊ चकित बनेको छ । उसले राम्रो बाली लाग्ने पहाडको जमिन बेचेर तराइमा खेत किन्ने सल्लाह दिएकाले बुढा जङ्गिएको प्रसङ्ग पनि सोचेको छ । उसमा कर्मकाण्डीय बनेर विसु बाजेका जजमानसँग साइनो गाँसी नोकरी खान सकिन्छ कि भन्ने झिनो आशा पलाएको छ । ऊ ज्ञानलाई टुँडिखेलमा प्रतियोगिता गराउने कल्पना गर्दै अफिसमा भनसुनका लागि आफू धाएको पूर्व घटना सम्झन्छ । ऊ बाटामा पानीले निथ्रुक्क भिजेको छ । चट्याङ पर्दा उसले निरूको बिहेमा उपहार किन्दा ऋण लगेको

घटना सम्झेको छ । आफू भिज्दा अरूले के भने होला भन्ने शङ्का उसको मनमा उब्जन्छ । आफू निरीह भएपछि उसलाई असन्तुष्टि र कुण्ठाको सिकार भएको जिन्दगी विरुद्ध चिच्याउन मन लागेको छ । कोठा पुग्दा उसका भिजेका प्रमाण पत्र भुइँमा झरेका छन् । घरपतिले कोठा छोड्न गरेको आग्रहबाट उसमा जीवन नै फेर्ने सोच आएको छ । यसै अवस्थामा यसको कथानक अन्त्य भएको छ ।

प्रस्तुत कथामा 'म' पात्र निरजका मानसिक क्रिया प्रतिक्रिया, उल्झन, विगतका घटना, वर्तमानका आंशिक घटना कथानकका रूपमा आएका छन् । बिचबिचमा पूर्वदीप्ति शैली रहेकाले यसको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा बाँधिन सकेको छैन । कौतूहल तत्त्वको समुचित विन्यास नरहेको यस कथानकमा 'म' पात्रका मानसिक द्वन्द्व सशक्त बनेर आएका छन् । जागिरका लागि अरूको पाउ मोल्नु पर्ने, कल्पनाको क्यालिफोर्निया गमन, अरूका अगाडि पानीमा भिज्नु, बिहेमा दिएको उपहारका कारण लागेको ऋण, जागिरको समस्या, डेरा छोड्नु पर्ने बाध्यता जस्ता घटनाले 'म' पात्रमा मानसिक द्वन्द्व मडारिएको छ । उसका अन्तर्द्वन्द्वले नै कथानकले गति पाएको छ ।

### चरित्र चित्रण

प्रस्तुत कथामा एक जना मात्र मञ्चीय पात्र रहेको देखिन्छ । यसमा निरज प्रमुख पात्रका रूपमा आएको छ । उसले अर्थशास्त्रमा डिग्री हासिल गरेको छ तर जागिर पाएको छैन । आफ्ना मान्छे ठाउँमा नभएका कारण उसले जागिर खान सकेको छैन । भनसुनका आधारमा जागिर खुवाउने प्रथाले ऊ आक्रान्त बनेको छ । ऊ यसको विरोध गर्दछ । आफ्नो अत्यन्त गरिबी र योग्यताको कदर नहुने विकृतिका कारण ऊ ज्ञानप्रति नैराश्य भाव प्रकट गर्दछ । ऊ गरिब, शिक्षित तथा बेरोजगार युवाको प्रतिनिधि पात्र बनेको छ । उसका मानसिक अन्तर्घटनामा प्रशस्त उतार चढाउ आएको देखिन्छ । यसर्थ निरज यस कथाको बद्ध, गतिशील, वर्गीय र अनुकूल चरित्रका रूपमा आएको छ । आफ्ना चारित्रिक क्रिया कलापलाई उसले आफैं प्रकट गरेको छ । यसमा आएको घरपति गौण पात्र हो भने कल्पना, निरू, ऊ, बुढा, विसु बाजे जस्ता चरित्रहरू सूच्य पात्रका रूपमा आएका छन् ।

## परिवेश

यसमा विकृति ग्रस्त नेपाली समाज र भनसुनका आधारमा टिकेको सामाजिक दुरवस्था बाह्य परिवेशका रूपमा आएको छ । गरिबी र अभावमा पीडित सहरी जीवन भोगाइ र निरीह व्यक्तिका दुरवस्था आदि पनि यहाँ परिवेशका रूपमा आएका छन् । यस्ता समस्याले 'म' पात्रका मनमा ठुलो हलचल पैदा गरेको देखिन्छ । उसका मानसिक घात प्रतिघात, उल्झन र आंशिक रूपमा प्रकटित विद्रोही भावनाले पात्रको आन्तरिक परिवेशलाई उजागर गरेको देखिन्छ । मूलतः यस कथामा 'म' पात्रका मानसिक क्रिया प्रतिक्रिया नै मुख्य परिवेशका रूपमा आएको पाइन्छ ।

## दृष्टिविन्दु

प्रस्तुत कथामा सामाजिक विकृति र बेथितीका कारण निरजका मनमा उत्पन्न घात प्रतिघातलाई प्रस्तुत गरिएको छ । यसमा कथाकार स्वयम् 'म' पात्रका रूपमा उपस्थित भएका छन् । 'म' पात्रका शैक्षिक बेरोजगार, आर्थिक अभाव, ऋणपान जस्ता घटनाहरू उसका मानस पटलमा मडारिएका छन् । 'म' पात्रकै अन्तर्व्यथालाई अनावरण गरी उसका मानसिक ऊहापोहलाई प्रस्तुत गर्न कथाकार उद्यत रहेका छन् । चाकडीका भरमा जागिर खाने र योग्यताको कदर नहुने विकृतिले ऊ विद्रोही बनेको छ । आफ्ना मानसिक मन्थनलाई 'म' पात्रले प्रमुखताका साथ प्रकट गरेको छ । कथाकारले पनि उसकै दयनीय र अभाव ग्रस्त जीवनप्रति आफ्नो दृष्टिकोण राखेका छन् । यसर्थ यस कथामा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

## उद्देश्य

यस कथामा कथाकारले सामाजिक विकृति र त्यसबाट बौद्धिक मान्छेमा उत्पन्न मानसिक अन्तर्द्वन्द्वलाई प्रकट गर्ने उद्देश्य राखेका छन् । नेपाली समाजमा चाकडी र चाप्लुसीले प्रश्रय पाउँदै गएको अवस्था र योग्य व्यक्तिहरूले निरीह बन्नु परेको दुरवस्थालाई यहाँ सन्देशका रूपमा प्रवाहित गरिएको छ । भनसुनका आधारमा आफ्ना मान्छेलाई जागिर मिलाइ दिने गलत प्रथाले योग्य व्यक्तिहरू समाजमा कसरी निरुत्साहित भएका छन् भन्ने देखाउन यस कथाको सिर्जना गरेको

पाइन्छ । गरिबी, अभाव ग्रस्त सहरी जीवन र बौद्धिक व्यक्तिका बेरोजगार स्थितिलाई प्रकट गर्नु यस कथाको मुख्य उद्देश्य रहेको छ ।

## भाषाशैली

प्रस्तुत कथामा भाषाशैलीको सहज प्रयोग भए पनि कतिपय ठाउँमा त्यो जटिल बन्न पुगेको देखिन्छ । यसमा 'म' पात्रका अन्तर्व्यथालाई हतारिलो तरिकाले प्रस्तुत गर्दा भाषा खजमजिएको देखिन्छ । यसमा रहेका पछाडि ढाडमा घुसारें, खिज्याए पनि खिज्याउन् । आफ्नु जात्रा । पैसा आकांक्षा । सूर्य समेत गायब । जस्ता अपूर्ण वाक्यको प्रयोगले पनि यस कुराको पुष्टि गर्दछ । यसमा सम्भावनार्थक, प्रश्नात्मक वाक्यहरूको प्रयोग पनि पाइन्छ । 'म' पात्रको मानसिक उतार चढाउलाई प्रस्तुत गर्ने सन्दर्भमा शैलीमा विश्लेषण र व्यतिक्रमिकता रहेको पाइन्छ । यसर्थ कथा केही सन्दर्भमा असहज र बुद्धिसाध्य रहेको छ । यसमा तार्किक शैलीको पनि प्रयोग भएको देखिन्छ ।

## ४.२.१० 'शिवलाल' कथाको विश्लेषण

## कथानक

'शिवलाल' कथा व्यक्ति केन्द्रित कथानकमा आधारित छ । शिवलाल नाम गरेको व्यक्तिबारे 'म' पात्रले यसमा प्रकाश पारेको छ । 'म' पात्रले सहरी सडकको व्यस्तता, बजारको भिड र मान्छेका गडबडीलाई नियालि रहेको छ । ऊ साँझपख साँढे बसेको चौतारोतिर अघि बढि रहेको शिवलाललाई देख्दछ । शिवलाल साँझदेखि रातको प्रथम प्रहरसम्म यसै चौतारोमा आफ्ना शत्रुहरूलाई गाली गरि रहेको हुन्छ । शिवलाल 'म' पात्रको बालक कालको साथी भए पनि वर्तमानमा उसको अवस्थाबारे अनभिज्ञ रहेको छ । 'म' पात्र पसलमा पुग्दा शिवलाल ऊसँग चुरोटको

अपेक्षा राख्दछ । ऊ पुलिसबाट पनि डराउँदैन । ऊ यहाँबाट सबैलाई खेद्ने कुरा गर्दै साँढेकै निकट पुग्दछ । पसलेलाई 'म' पात्रले शिवलाल साँढेसँग बोल्दै गरेको कुरा सुनाएको छ । शिवलाल साँढेलाई गीत पनि सुनाउँछ । शिवलाल भित्री छट्पटीले आक्रान्त बनेको कुरा पसलेले गरेको छ । 'म' पात्रले शिवलालसँगका पच्चिस वर्षअघिका घटनालाई पूर्वस्मृतिका रूपमा व्यक्त गरेको छ । यस अनुसार पाँच कक्षामा पढ्दै गरेको शिवलाल बाबु मरेपछि विश्वमानको गाडीमा काम गर्दथ्यो । 'म' पात्रलाई उसले आफू नपढे पनि भाइ रामलाललाई बी.एस्सी.सम्म पढेको कुरा सुनाएको छ । भाइले जागिर पाएको, आफ्नी श्रीमती सोझी भएकीले शिक्षित बुहारीले हेपेको र परिवारबिच मेल मिलाप नभएर ऊ परिवारसँग छुट्टिएको थियो । यसै वेलादेखि शिवलाल रक्सीको कुलतमा परेको 'म' पात्रले बताएको छ । स्थिति बदल्न खोज्ने शिवलालको वर्तमान अवस्था देखेर 'म' पात्र भावुक बनेको छ । शिवलाल साँढेलाई गीत सुनाउँदै आनन्द दिन्छ । चौतारोमा उसले साँढेमाथि चढेर त्यसलाई आफ्नो वशमा लिएको छ । 'म' पात्र यसलाई शिवलालले साँढेमाथि विजय प्राप्त गरेको ठान्दछ । यसै वेला कथानकको अन्त्य भएको छ ।

पूर्वदीप्ति शैलीमा आधारित प्रस्तुत कथामा वृत्ताकारीय ढाँचालाई अवलम्बन गरिएको छ । रैखिक विन्यासको श्रृङ्खला टुटेको यसको कथानक आदि, मध्य र अन्त्यको श्रृङ्खलाबाट मुक्त रहेको छ । यस कथामा शिवलाल र रामलाल, उसकी श्रीमती र बुहारीबिच आन्तरिक द्वन्द्व रहेको देखिन्छ भने साँढे(सामन्तबाद) सँग शिवलालको बाह्य द्वन्द्व प्रकट भएको छ । यसमा शिवलालका क्रिया कलाप के कसरी अगाडि बढ्लान्, साँढेसँग उसको कस्तो सम्बन्ध रहेको छ, 'म' पात्र र शिवलालबिच कस्तो सम्बन्ध रहला जस्ता कौतूहल पाठक मनमा उत्पन्न हुन्छन् ।

## चरित्र चित्रण

शिवलाल यस कथाको प्रमुख चरित्र हो । 'म' पात्रको बाल्यकालीन साथी शिवलाल आफू पढ्न नसके पनि भाइलाई पढाएर सन्तुष्टि लिन्छ । ऊ घुमाउरो रूपले जनताका समस्यालाई गीतमा प्रस्तुत गर्दछ र शोषणका विरुद्ध आबाज उठाउँछ । सामन्तवादको प्रतीक रहेको साँढेलाई आफ्नो वशमा लिएर उसले हट् घोडा हट् गर्दै त्यसको धज्जी उडाएको छ । भाइका परिवारबाट प्रताडित बनेको ऊ यसै कारण रक्सीका कुलतमा परेको छ । रक्सी खाए पनि उसले कुनै अभद्र क्रिया कलाप

गरेको छैन । जनताको गीत गाउँदा प्रहरीबाट पनि नडराउने ऊ निर्भय चरित्रको छ । सोझो इमानदार र सहयोगी भावना भएको शिवलाल यस कथाको प्रमुख, बद्ध, मञ्चीय, गतिहीन चरित्र हो । शिवलालको चरित्रबारे प्रकाश पार्ने पसले र 'म' पात्र यस कथाका सहायक चरित्र हुन् । यसै गरी दाजुको निस्वार्थ चरित्रलाई लात मार्दै सोझो शिवलाललाई एक्लो बनाउने उसको भाइ पनि यस कथाको सहायक चरित्रको रूपमा देखिन्छ । यसमा आएका मानवेतर पात्र साँढे शोषक सामन्त र आततायी शासकको प्रतीक बनेर देखा परेको छ । प्रस्तुत कथामा नाटकीय ढङ्गबाट चरित्र चित्रण गर्ने प्रविधि अँगालिएको छ । मुख्य पात्र शिवलालका क्रिया कलापलाई 'म' पात्र र पसलेले चित्रण गरेको सन्दर्भबाट यसको पुष्टि हुन्छ ।

### संवाद

वर्णनात्मक शैली रहेको प्रस्तुत कथामा संवादको कुनै प्रयोग भएको पाइन्न । पसले र 'म' पात्रबिच भएको संवाद सामान किनबेचभन्दा शिवलालको चरित्रलाई प्रकाश पार्न केन्द्रित छ । उनीहरूबिचको संवादले शिवलालका क्रिया कलाप र उसको निस्वार्थ चरित्रलाई प्रस्तुत गरेकाले संवादको प्रयोग कम रहे पनि प्रभावपूर्ण देखिन्छ ।

### परिवेश

यस कथामा सहरी सामाजिक परिवेशलाई उजागर गरिएको छ । सहरी भिड, कोलाहल, चौतारो र चोक जस्ता स्थानले सहरको व्यस्त परिवेशलाई अनावरण गरेका छन् । शिवलाल सामन्तवादको प्रतीक रहेको साँढे विरुद्ध भिन्न भिन्न तरिकाले प्रस्तुत भएको घटनाले पञ्चायत कालीन परिवेशलाई सङ्केत गरेको छ । त्यसका विरुद्ध जनता लागि परेको, पञ्चायतको कालो रूप खस्कँदै गएको कुरा शिवलालले साँढेमाथि गरेको विजयबाट प्राप्त भएको छ । यसर्थ सामन्ती व्यवस्थाको जर्जरता विरुद्ध जनताले विजय हासिल गर्दै गरेको घटनाले यसै नवीन चेतनालाई खुलस्त गरेको छ ।

### दृष्टिविन्दु

यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यहाँ कथाकार 'म' पात्रका रूपमा कथामा उपस्थित भएका छन् । कथामा 'म' पात्र रहे पनि उसले मूल रूपमा शिवलालका चरित्र, उसको बाल्यकाल, पारिवारिक दुरवस्था, सामन्तका विरुद्ध गरेको लडाइँ र त्यसमा प्राप्त गरेको विजयलाई 'म' पात्रले प्रकाश पारेको छ । यसर्थ प्रस्तुत कथामा प्रथम पुरुष वा आन्तरिक दृष्टिविन्दु अन्तर्गत परिधीय दृष्टिविन्दुको प्रयोग रहेको देखिन्छ ।

**उद्देश्य**

यस कथामा एक सामान्य व्यक्तिका जीवन चरित्र र सामन्तवादको पतनलाई एकै पटक देखाइएको छ । निश्वार्थी मान्छे उन्नति गर्न नसके पनि परिवारका आफ्ना सदस्यलाई योग्य बनाएर कसरी सन्तुष्ट हुन्छन् भन्ने कुरालाई यहाँ उद्देश्यका रुपमा प्रस्तुत गरिएको छ । यसै गरी उपकारलाई तिरस्कार गर्ने व्यक्तिहरू आफू योग्य भएपछि कसरी टाढा हुँदै जान्छन् भन्ने कुरा यहाँ व्यक्त भएको छ । यसबाट मान्छेलाई निश्वार्थ र पूर्वाग्रही नभइकन व्यवहार गर्नु पर्ने सन्देश यहाँ व्यक्त भएको देखिन्छ । एक सामान्य व्यक्ति पनि सामन्तवादी अवस्थाका विरुद्ध कसरी लागि पर्दछ र बिजय हासिल गर्छ भन्ने कुरालाई यहाँ प्रकट गरिएको छ । यसबाट चेतनशील मानिसले अन्यायलाई सहेर बस्नु गतल हो भन्दै त्यसका विरुद्ध सशक्त भएर लाग्नु पर्ने सन्देश यस कथाले दिएको छ ।

**भाषाशैली**

यस कथामा भाषाशैलीको स्वाभाविक प्रयोग पाइन्छ । कथाको उद्देश्यलाई प्रकट गर्न यसको भाषा उपयुक्त बनेर देखा परेको छ । प्रायः सरल र छोटा वाक्य रहेको यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । सम्बोधनात्मक, प्रश्नात्मक वाक्यहरू पनि रहेको यस कथामा सामान्यार्थक वाक्यहरूको अधिकता पाइन्छ । यसमा साँढे, सामन्तवादको प्रतीक बनेको छ भने शिवलालले त्यसमाथि घोडा चढेको सन्दर्भले जनताको विजयलाई प्रतीकात्मक स्वरूप प्रदान गरेको छ । यसर्थ प्रस्तुत कथामा प्रतीकीकरणलाई पनि उद्देश्य प्रकटनको माध्यम

बनाएको देखिन्छ । यस्तो प्रतीक सहज सम्वेद्ध बनेकाले पनि कथाको भाषाशैली सहज र सरल बनेको छ ।

## ४.३ फुटकर रचनाहरूको विश्लेषण

देविका तिमिल्सिनाले उक्त दुई कथा सङ्ग्रहहरू बाहेक विभिन्न पत्र पत्रिकाहरूमा विभिन्न विधाका फुटकर रचनाहरू समेत प्रकाशित गरेका छन् । उनका कविता, कथा, निबन्ध, अन्तर्वार्ता र संस्मरण जस्ता प्रकाशित विभिन्न लेखहरू माथिको विवरणमा प्रस्तुत गरिएको छ । यहाँ खास गरी तिनै फुटकर रचनाहरूको अध्ययन, विश्लेषण गरिन्छ ।

### ४.३.१ फुटकर कविताहरूको विश्लेषण

#### ४.३.१.१ 'मान्छे अर्थात् जनता' कविताको विश्लेषण

**शीर्षक**

यो कविता वि.सं. २०४९ मा "वन्दना" (वर्ष ११, अङ्क ३) पत्रिकामा प्रकाशित भएको छ । तिन शब्दको मेल रहेको यस कविताको शीर्षक वाच्यार्थक रहेको छ । यहाँ सरल तरिकाले जीवन निर्वाह गर्ने व्यक्तिलाई मान्छे अर्थात् जनता भनेर सम्बोधन गरिएकाले शीर्षक सार्थक रहेको पाइन्छ । कविताको केन्द्रीय भावसँग शीर्षकको तादात्म्य रहेको र शीर्षक अनुरूपमै कविता विस्तारित र विकसित भएकाले शीर्षक स्वाभाविक देखिन्छ ।

**विषय/भाव**

प्रस्तुत कवितामा कविले जनताको आवश्यकतालाई कविताको विषय वस्तु बनाएका छन् । जनताले अतिरञ्जित र काल्पनिक कुरालाई वास्ता गर्दैनन् र यथार्थको धरातलमा आफूलाई

उभ्याउँछन् भन्ने विषयको उद्घाटन यस कवितामा भएको छ । कुनै शक्तिको पूजा गर्ने राजनीतिक दलभन्दा स्वविवेकी र साहसी मानिस नै आजको खोजी भएको विचार यस कवितामा व्यक्त भएको छ ।

यस क्रममा उनले भनेका छन् :

मान्छे अर्थात् जनतालाई
आकाश फर्केर कल्पवृक्ष खोज्ने रहर छैन
रहर यस कारण पनि भएन कि
त्यो यथार्थ पनि होइन
मान्छे अर्थात् जनताले
मुसाको सिपाही बोकेर
सिंह सिकार गर्न कसिएको शक्तिहीन संगठन दल होइन
दुब्लो, ख्याउटे तर अदम्य साहस बोकेको मान्छेको दल खोजि रहेको छ ।

समष्टिमा यस कविताका यी माथिका पङ्क्तिहरू नै केन्द्रीय भावभूमिका रूपमा देखा पर्दछन् । जनता काल्पनिक कुराको पछि नलागी यथार्थमा नै रमाउन चाहन्छन्, आफ्नै माटामा ज्ञान र सिप खन्याउन चाहन्छन् भन्ने भाव यस कवितामा व्यक्त भएको छ ।

**लय**

'मान्छे अर्थात् जनता' कविता गद्य लयमा संरचित छ । शान्त रसको परिपाकले युक्त प्रस्तुत कवितामा कविले छन्दको प्रयोग र चमत्कारभन्दा गद्य लय र सरलता अँगालेका छन् ।

**बिम्ब, प्रतीक र अलङ्कार**

बिम्ब, प्रतीक र अलङ्कारले कविता भावमय बन्दछ । यस कवितामा कविले विभिन्न बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरेका छन् ।

मान्छे अर्थात् जनतालाई

आकाश फर्केर कल्पवृक्ष खोज्ने रहर छैन
मान्छे अर्थात् जनतालाई
ठेली, ठेली र ठेलीका वाग्जाल होइन
आफ्नै करेसा बारीमा उत्पादन गर्न सकिने
तीते करेला नै भए पनि तरकारी चाहिन्छ
मान्छे अर्थात् जनताले
सोझो सरल रेखाभित्र लुरुलुरु जीवन यापन गर्ने
आफ्नै अस्मिताको खोजी गरि रहेको छ ।
मान्छे अर्थात् जनताले
दुब्लो, ख्याउटे तर अदम्य साहस बोकेको मान्छेको दल खोजि रहेको छ ।

माथि कविताको पङ्क्तिमा सोझो र सरल रेखाभित्र निम्न वर्गीय जनताका सरल व्यवहारलाई बिम्बात्मक कथन गरिएको छ । त्यस्तै करेसा बारीलाई कविले सिर्जनात्मक मुहानको प्रतीकका रूपमा प्रयोग गरेका छन् ।

अलङ्कार पनि कविताको सशक्त कलापक्ष मानिन्छ । विभिन्न शब्दालङ्कार र अर्थालङ्कारको प्रयोगले कविता चमत्कारपूर्ण बन्दछ । कवि तिमिल्सिनाले पनि आफ्ना कवितामा अलङ्कारको आयोजना गरका छन् । कविताको दोस्रो परिच्छेदमा 'ल' वर्णको पटक पटकको आवृत्तिले 'वृत्त्यनुप्रास' शब्दालङ्कारको सिर्जना भएको छ । त्यस्तै जनतालाई कल्पवृक्ष खोज्ने रहर किन भएन भन्नेबारे कारण नभएकाले 'विभावना' अर्थालङ्कार छ । त्यसै गरी दुब्लो, ख्याउटे तर अदम्य साहस बोकेका मान्छेको दल भन्ने वाक्यमा 'विरोधाभास' अर्थालङ्कार छ । सङ्गठन नै साहस भनेपछि यस विरोधको परिहार भएको छ ।

यसरी कवि तिमिल्सिनाको यस कवितामा बिम्ब, प्रतीक तथा अलङ्कारको योजना गरिएको पाइन्छ ।

## संरचना तथा भाषाशैली

प्रस्तुत कविता असमान पङ्क्तिहरूका ६ अनुच्छेदमा संरचित छ । अनुच्छेदमा चार पङ्क्तिदेखि बढीमा पाँच पङ्क्ति योजनामा कविताको बाह्य संरचना निर्मित छ । प्रत्येक अनुच्छेद आआफैं पूर्ण हुँदै केन्द्रीय भावसँग एकाकार भएको छ । प्रस्तुत कवितामा प्रयुक्त भाषाशैली सरल, सरस र सुबोध देखिन्छ । सरल भाषा प्रयोग र स्पष्ट अभिव्यक्तिका कारण यस कविताको भाषाशैली सामान्य पाठकका पहुँचमा छ ।

### ४.३.१.२ 'अझै रात असुरक्षित छ' कविताको विश्लेषण

#### शीर्षक

देविका तिमिल्सिनाको यो कविता "सगरदीप" (वर्ष ६, अङ्क ३, २०५०) पत्रिकामा प्रकाशित भएको छ । चार शब्दको मेल रहेको यस कविताको शीर्षक वाच्यार्थक रहेको छ । सर्व साधारण जनता रातको समयमा पनि ढुक्कसँग निदाउँन नसकेको तितो यथार्थलाई कवितामा प्रस्तुत गरेर शीर्षकको सार्थकता देखाउन खोजिएको छ । कविताको मूल भावलाई शीर्षकले वहन गरेकाले यस कविताको शीर्षक सार्थक देखिन्छ ।

#### विषय/भाव

यस कवितामा वर्गीय द्वन्द्व प्रस्तुत भएको छ । हुँदा खानेहरू हुने खानेहरूबाट शोषित हुनु परेको कुरा यस कविताको विषय वस्तु बनेर आएको छ । सर्व साधारण जनता सामन्तहरूबाट बलात्कृत भएको, गरिबले दुई छाक खान नपाउँदा शोषक वर्ग रक्सीको प्यालासँगै मात्तिएको र स्वाभिमानी नेपालीले सामन्तीको बुटको सिकार हुनु पर्ने घटना यस कविताको विषय वस्तु बनेर आएको छ । मानिसहरू स्वतन्त्रता खोजि रहेका छन्, रातको समयमा ढुक्कसँग निदाउन सकिने व्यवस्थाको स्थापना गर्न चाहि रहेका छन् भन्ने कुरा यस कविता मार्फत व्यक्त भएको छ ।

#### लय

'अझै रात असुरक्षित छ' कविता मुक्त लयमा संरचित छ । तिमिल्सिनाले आफ्ना कुनै पनि कवितामा शास्त्रीय वा लोक छन्दको प्रयोग गरेको पाईदैन । मुक्त लयमा संरचित यो कविता भावको गहिराइभन्दा सरलतातर्फ अघि बढेको छ ।

### बिम्ब, प्रतीक र अलङ्कार

कवि तिमिल्सिनाले यस कवितामा विभिन्न बिम्ब, प्रतीक तथा अलङ्कारको प्रयोग गरेर कवितालाई प्रभावकारी, सुन्दर र भावमय बनाउने प्रयास गरेका छन् :

कयौं नव यौवना सदा झैं
यस रातमा पनि बलात्कृत भएकी हुनुपर्छ

निमा फेरि हिमाल चढ्न आतुर छ

आज फेरि कैयौं लाख थोपा पसिनाहरू बग्ने छन्
मजदुरका कति हातहरूमा घाऊ लाग्न सक्ने छन्

मान्छेहरू नयाँ दिनको खोजी गरि रहेका छन्
जहाँ रात पनि डरलाग्दो र असुरक्षित हुनेछैन

माथि कविताको पङ्क्तिमा मजदुर र श्रमिकको सम्भावित पीडालाई बिम्ब प्रदान गरिएको छ । त्यस्तै रात विध्वंश, पीडा, विनाश र खतराको प्रतीक भएर आएको छ भने हिमाल चढ्न भन्ने वाक्य उन्नतिको प्रतीक बनेर आएको छ । कविताको पहिलो अनुच्छेदमा 'अ' वर्णको पटक पटकको आवृत्तिले 'वृत्त्यनुप्रास' शब्दालङ्कारको सिर्जना भएको छ । त्यसै गरी रात डरलाग्दो र असुरक्षित नहुनामा कारण नआएकाले 'विभावना' अर्थालङ्कार छ ।

### संरचना तथा भाषाशैली

यो कविता असमान पङ्क्तिहरूका चार अनुच्छेदमा संरचित छ । एउटा अनुच्छेदमा कम्तीमा आठ पङ्क्तिदेखि बढीमा बाह्र पङ्क्ति योजनामा काविताको बाह्य संरचना निर्मित छ । प्रत्येक अनुच्छेद आफैंमा पूर्ण हुँदै मुख्य भावसँग समन्वित भएका छन् । यस कवितामा सरल र बुझिने खालका शब्दहरूको चयन भएको छ भने बिम्ब र प्रतीक पनि सामान्य पाठकले बुझ्ने प्रकारको छ । यसरी समग्रमा प्रस्तुत कविताको भाषाशैली सरल रहेको छ ।

### ४.३.१.३ 'कसको कविता सुनाऊँ ?' कविताको विश्लेषण

#### शीर्षक

प्रस्तुत कविता "वेदना" (वर्ष २१, अङ्क २, पूर्णाङ्क ५२, २०५१) पत्रिकामा प्रकाशित छ । तिन शब्दको मेल रहेको प्रस्तुत कविताको शीर्षक वाच्यार्थक रहेको छ । सम्पूर्ण मानिसहरूका आआफ्नै पीडाहरू छन् ; ती तमाम पीडाहरूमध्ये कसको पीडालाई सुनाऊँ भनेर कविले कविता मार्फत प्रश्न गरेका छन् । यस कारण शीर्षक सार्थक देखिन्छ ।

#### विषय/भाव

प्रस्तुत कवितामा सर्व साधारण जनता र देशले भोगेको पीडालाई उद्घाटन गरिएको छ । आफ्नो भूमिमा आफैं अनागरिक भएर बस्नु परको तितो यथार्थलाई यस कविताले व्यक्त गरेको छ । नागरिकको स्वतन्त्रता हनन भएको, शक्तिको पछि लागेर न्यायालयले पनि स्वतन्त्र फैसला गर्न नसकेको कुरा यस कवितामा प्रकट भएको छ ।

#### लय

'कसको कविता सुनाऊँ' शीर्षकको कविता मुक्त लयमा संरचित छ । करुण रसको परिपाक रहेको प्रस्तुत कविता गद्य लयको रहे पनि गेयात्मक छ ।

#### बिम्ब, प्रतीक र अलङ्कार

यस कवितामा कविले विभिन्न प्रकारका बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरेर कवितालाई प्रभावकारी बनाउने प्रयास गरेका छन् ; जस्तै :

आमा अरूबाट लुटिएको व्यथा सुनाउनु हुन्छ
दाजु विदेशीको बुटमुनि थिचिएको पत्र लेख्नु हुन्छ
बहिनीहरू वलात्कृत पीडा भनि रहेका छन्

बल मिचाइसाथ साँढे कुर्लि रहेको छ
केटाकेटीहरू पटाका पड्काएर
चीलहरूलाई लखेटि रहेका छन् ।

बल मिचाइसाथ साँढे कुर्लि रहेको छ भन्ने वाक्यमा सामन्ती शासकका मिचाहा वृत्तिलाई बिम्बात्मक कथन गरिएको छ । कवितामा 'चील' हत्या, हिंसा र शोषण कार्यमा रमाउने मान्छेको प्रतीक बनेर आएको छ । कविताको पहिलो अनुच्छेदमा 'क' वर्णको पटक पटक प्रयोग भएकाले 'वृत्त्यनुप्रास' शब्दालङ्कारको सिर्जना भएको छ । यसै गरी कवितामा आमा, दाजु र बहिनीहरूका एउटै पीडालाई भिन्न भिन्न रूपमा प्रकट गरिएकाले 'उल्लेख' अर्थालङ्कार छ ।

## संरचना तथा भाषाशैली

यो कविता असमान पङ्क्तिहरूका चार अनुच्छेदमा संरचित छ । एउटा अनुच्छेदमा कम्तीमा पाँच पङ्क्तिदेखि बढीमा नौ पङ्क्ति रहेका छन् । कविताको केन्द्रीय भावसँग प्रत्येक अनुच्छेद समन्वित भएका छन् । सामान्य बिम्ब, प्रतीकको प्रयोग भएको प्रस्तुत कविताको भाषाशैली सामान्य पाठकले बुझ्ने प्रकारको रहेको छ ।

## ४.३.१.४ 'दोहन जारी छ' कविताको विश्लेषण

## शीर्षक

प्रस्तुत कविता वि.सं.२०५१ मा "नौलो कोसेली" पत्रिकामा प्रकाशित भएको छ । तिन शब्दको मेल रहेको यस कविताले सर्व साधारण जनतामाथिको शोषणको अन्त्य नभएको कुरालाई विषय बनाएकाले कविताको शीर्षक सार्थक देखिन्छ ।

## विषय/भाव

यस कवितामा सहरिया ढोँगी चरित्रका व्यक्तिहरूको अनैतिक क्रिया कलाप र सर्व साधारण ग्रामीण जनताको श्रमप्रतिको स्नेहलाई प्रकट गरिएको छ । महिलाहरूमाथि हुने यौन शोषण र श्रमिकहरूको श्रम शोषणलाई पनि यस कविताले प्रकट गरेको छ । सर्व साधारण गरिब जनताले रातदिन कडा परिश्रम गर्दा पनि पेटभरि खान नपाउने तर सहरका धनीमानी व्यक्तिहरू भने विना परिश्रम सुख सयल गर्ने कुरा यस कवितामा व्यक्त भएको छ ।

## लय

यो कविता मुक्त लयमा संरचित छ । करुण रसको परिपाक रहेको यस कवितामा कविले छन्दको प्रयोगभन्दा गद्यको सरलतालाई अँगालेका छन् ।

## बिम्ब, प्रतीक र अलङ्कार

यस कवितामा विभिन्न प्रकारका बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएको पाइन्छ । कविता सरल किसिमको भए पनि कविले बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरेका छन् :

म काला पहाडहरू फट्कँदैछु
नीला खोलाहरूमाथि तुइनमा झुन्डिएर पार लाग्दैछु

पसिनाको गन्ध मन पर्दैन सहरमा
त्यसको गन्ध पखाल्न धोइन्छ शरीर

मान्छेको पहिचान नै पसिना हो
पसिना तप्केर माथदेखि चिउँदासम्म
छाती पिठ्युँ र पुठासम्म तरतर बग्छ
र शरीरमा एउटा महकता आउँछ ।

यस कावितामा पसिनाले शरीरमा महकता थप्छ भन्दै परिश्रमी जनताका श्रम र परिश्रमलाई बिम्ब प्रदान गरिएको छ । सहर श्रमको प्रतिकूल रहेको र श्रमिकका विरुद्ध जडवत् रहेको प्रतीकका रूपमा आएको छ । यसै गरी कविताको पहिलो अनुच्छेदमा 'ल' वर्णको पटक पटक आवृत्तिले 'वृत्त्यनुप्रास' शब्दालङ्कारको सिर्जना भएको छ भने तुइनबाट निला खोला पार गर्नु भन्ने कथनले समस्यालाई दुःखपूर्ण तरिकाले पार लगाउनु भन्ने अप्रस्तुत सन्दर्भ आएकाले 'अप्रस्तुत प्रशंसा' अलङ्कार छ ।

**संरचना तथा भाषाशैली**

प्रस्तुत कविता असमान पङ्क्तिहरूका चार अनुच्छेदमा संरचित छ । एउटा अनुच्छेदमा कम्तीमा सात पङ्क्तिदेखि बढीमा दस पङ्क्ति रहेका छन् । प्रत्येक अनुच्छेद आफैँ पूर्ण हुँदै केन्द्रीय भावसँग मिल्न गएका छन् । कवितामा केही बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भए पनि यो सामान्य पाठकका पहुँचमा देखिन्छ ।

### ४.३.१.५ 'काम र कर्तुतहरू' कविताको विश्लेषण

**शीर्षक**

तिमिल्सिनाको प्रस्तुत कविता वि.सं. २०५४ मा "जन एकता" साप्ताहिकमा प्रकाशित भएको छ । संस्मरणको रूपमा लेखिएको यस कविताको पहिलो खण्डमा विभिन्न किसिमका उत्साहजनक कार्य र दोस्रो खण्डमा जन विरोधी काम गरिएको कुरा व्यक्त भएकाले काम र कर्तुतहरू शीर्षक सार्थक देखिन्छ ।

**विषय/भाव**

प्रस्तुत कवितामा दुई खण्डहरू रहेका छन् । कविताको पहिलो खण्डमा गरिब श्रमजीवी जनताका पक्षमा निरङ्कुश शासनका विरुद्ध लडेको कुरा संस्मरणका रूपमा प्रकट भएको छ । यसै गरी दोस्रो खण्डमा शासन व्यवस्थामा परिवर्तन नआइकन आफूले लिएको बाटो छाडी निरङ्कुश व्यवस्थामै समर्पित भएको कुरा संस्मरणका रूपमा प्रकट भएको छ ।

**लय**

'काम र कर्तुतहरू' शीर्षकको कविता मुक्त लयमा संरचित छ । प्रस्तुत कवितामा कविले छन्दको प्रयोग नगरेर गद्य लयलाई अँगालेका छन् ।

**बिम्ब, प्रतीक र अलङ्कार**

कवि तिमिल्सिनाले यस कवितामा बिम्ब, प्रतीक तथा अलङ्कारको प्रयोग गरेर कवितालाई प्रभावकारी, सुन्दर र भावमय बनाउने प्रयास गरका छन् ।

उनले यसमा भनेका छन् :

काला रातहरू जङ्गली जनावरसँगै बिताइए
भोक र तिर्खालाई आस्थाको दृढताले थिचियो
जंगी मिचाहाहरूको सातो उडाउँदै

झम्टि रहेको बाघका नङ्ग्रा र दाह्रासँग
अटुट विश्वाससाथ नझुकी संग्राम गरियो

गोकर्णको खोचमा उभिएर
चोभारका गल्छीमा पुगेको बाहाना गरियो

शकुनी चालमा मुस्काउँदै स्वागत भजाएर खान थालियो

कविताको झम्टि रहेको बाघका नङ्ग्रा र दाह्रासँग अटुट विश्वाससाथ नझुकी सङ्ग्राम गरियो भन्ने कथनमा दमनकारी शासकका विरुद्ध निडर भएर लड्ने जनताका साहसलाई बिम्बमय वर्णन गरिएको छ । यसै गरी 'काला रातहरू' दमनको प्रतीकको रूपमा आएको छ भने 'गोकर्णको खोच' भगुवाको लुक्ने ठाउँको प्रतीकका रूपमा आएको छ ।

कविताको पहिलो खण्डमा सामाजका मिचाहा व्यक्तिमा जङ्गली जनावरको आरोप भएकाले 'रूपक' अर्थालङ्कार रहेको छ । यसै गरी महाभारतको पात्र शकुनी यस कवितामा मिथकको रूपमा आएको देखिन्छ ।

### संरचना तथा भाषाशैली

प्रस्तुत कविता एक एक अनुच्छेदका दुई खण्डमा संरचित छ । पहिलो खण्डमा अठार पङ्क्ति र दोस्रो खण्डमा तेइस पङ्क्ति योजनामा कविताको बाह्य संरचना निर्मित छ । केही विम्ब, प्रतीक, अलङ्कार र मिथकको प्रयोग भए पनि यसको भाषा सरल प्रकारको छ । यस कवितामा संस्मरणात्क/आत्मकथात्मक शैलीको प्रयोग भएको छ ।

## ४.३.२ फुटकर कथाहरूको अध्ययन

### ४.३.२.१ 'आगो' कथाको विश्लेषण

### कथानक

देविका तिमिल्सिनाको यो कथा "विपुल" (२०५२) पत्रिकामा प्रकाशित भएको छ । 'आगो' कथाको कथानक 'म' पात्र र 'म' पात्रकी श्रीमती मुना आफ्नो घर सुर्खेतको दुर्लुङ जान हिँडेको प्रसङ्गबाट सुरु भएको छ । 'म' पात्रले बिहे गरेका कारणले 'म' पात्रकी श्रीमती मुनाले घरको काम गर्न सक्ने हो कि होइन भन्ने भावनाहरू उसका मनमा उठ्छन् । 'म' पात्र र मुना उकाली ओराली

गर्दै बास बस्दै सुर्खेतबाट हिँडेको पर्सि पल्ट घर पुग्छन् । अन्तरजातीय विवाह गरेका कारणले गर्दा घर परिवारमा 'म' पात्रले आमाबाका साथै गाउँलेहरूबाट अपहेलित हुनु पर्छ । 'म' पात्र र 'म' पात्रकी श्रीमती मुनाले जन आन्दोलनमा लागेर पञ्चायती व्यवस्थालाई ध्वस्त पारेको तर आफ्नो घर परिवारमा रहेको अन्ध विश्वासी चेतनालाई 'म' पात्रले हटाउन नसकेकाले मुना 'म' पात्र विजयप्रति असन्तुष्ट छे । घर परिवार र गाउँमा अपहेलित हुनु पर्दा मुनाले हातमा बलि रहेको दाउराको अगुल्टो लिएर आफ्नो घरमा भाँजो हाल्न आउने गाउँलेहरूलाई लखेट्छे र घरपरिवार र गाउँलेहरूसँग विद्रोह गरेर घरमा प्रवेश गर्छे । यसरी यो कथाको अन्त्य हुन्छ ।

रैखिक कथानक ढाँचा रहेको यस कथामा 'म' पात्र विजयले मुनासँगै विवाह गरी आफ्नो जन्मथलो प्रस्थान गर्नु कथाको आदि भाग हो । कथाको आदि भाग विजय र मुना सुर्खेतको दुर्लुङ बस्तीतर्फ हिँडेको क्रममा विजयले मुनालाई गाउँमा मलाई नाम काढेर नबोलाउनु भनेसम्म फैलिएको छ । कथानको मध्य भाग 'म' विजय र मुनाबिच पञ्चायत कालको युग अन्त्य गरेको विषयमा भलाकुसारी हुन्छ । सहरमा हुर्किएकी मुना पहाडको उकाली ओराली गर्न नसकेकाले समयमै आफ्नो गन्तव्य स्थलमा विजय र मुना पुग्न सक्दैनन् । उनीहरू निकै रात परेपछि गुराँसे भन्ने ठाउँमा पुग्छन् त्यहाँ बास बसी भोलिपल्ट आफ्नो घरतर्फ लाग्छन् । कथाको मध्य भाग विजयको घरसम्म पुगेसम्म छ । विजयको घर पुगेपछि कथानकको अन्तिम भाग प्रारम्भ हुन्छ । यस खण्डमा विजयका बाआमाले विजयले अन्तरजातीय विवाह गरेकाले मुनालाई स्विकार्दैनन् । गाउँघरका मान्छेहरूले पनि विजय र मुनाका कुरा काट्छन् । आफूप्रति यस्तो व्यवहार भएकाले मुना आफ्नो पति विजयसँग रिसाउँछे । देश परिवर्तन गर्ने आफ्नो परिवारको सङ्कीर्ण सोच परिवर्तन गर्न नसकेकाले मुना विजयसँग रिसाउँछे । आफूलाई बुहारी नस्विकार्ने आफ्ना सासू ससुरा र अर्काको घरमा भाँजो हाल्ने गाउँलेहरूलाई हातमा अगुल्टो लिँदै खेद्न सफल हुन्छे । आफ्नो घरको समस्या आफैँ समाधान गर्न मुना सफल हुन्छे र घरभित्र पस्छे । यसरी आदि, मध्य र अन्त्यको शृङ्खला क्रमबद्ध रूपमा यस कथामा मिलेको छ । नयाँ पुस्ता र पुरानो पुस्ताबिचको द्वन्द्व कथाको अन्त्य भागमा छ । कथाको अन्त्य भागमा नयाँ पुस्ताको विजय भएको देखाइएको छ ।

## चरित्र चित्रण

यस कथामा प्रमुख पात्रका रूपमा विजय र मुना छन् । यी दुई पात्रहरूको केन्द्रीयतामा यो कथा केन्द्रित छ । यी दुई बाहेक यस कथामा विजयका आमा, बा, भाउजू र बहिनी पनि छन् । यी पात्रहरू यस कथामा सहायक र गौण पात्रका रूपमा मात्र प्रस्तुत छन् । कथाको प्रारम्भदेखि अन्त्यसम्म रहने पात्र विजय यस कथाको प्रमुख, पुरुष र बद्ध पात्र हो । उसलाई यस कथाबाट झिकि दिने हो भने कथाको संरचना भत्कन्छ । ऊ क्रान्तिकारी युवक हो । उसको बलबुताले गर्दा देशमा बहुदलीय व्यवस्थाको सूत्रपात भएको छ । देश परिवर्तन गर्न सके पनि आफ्नो परिवार र गाउँको बासिन्दाको चेतना फेर्न ऊ असक्षम छ ।

त्यसै गरी यस कथाको अर्को प्रमुख पात्र मुना हो । ऊ विजयकी श्रीमती र देशमा बहुदलीय व्यवस्था ल्याउन लड्ने क्रान्तिकारी योद्धा हो । उसको विचार जे छ व्यवहार पनि त्यही गर्छे । फल स्वरूप ऊ क्रान्ति र विद्रोह गरी सासू ससुराले घरमा पस्न नदिए पनि जबरजस्ती पस्छे । उसमा साहस अत्यधिक छ । ऊ नारी भए पनि उसमा पुरुषमा जस्तो आँट छ । मुना यस कथाकी प्रमुख, बद्ध, केन्द्रीय पात्र हो ।

त्यसै गरी यस कथामा उपस्थित अन्य पात्ररू विजयका बा, आमा, भाउजू, बहिनी र छिमेकीहरू गौण पात्रका रूपमा छन् । यी सबै पात्रहरू पुरातन सोच र विचारले ग्रस्त छन् । देशमा बहुदलीय व्यवस्था र नयाँ विचारको सूत्रपात भए पनि यी पुरातनवादी सोचले ग्रस्त व्यक्तिहरूमा नयाँ चेतना पलाउन सकेको छैन ।

## संवाद

यस कथामा त्यति धेरै संवादहरू प्रयुक्त छैनन् । जति ठाउँमा संवादको प्रयोग गरिएको छ ; ती संवादहरू स्वाभाविक र प्रभावकारी भने अवश्य छन् । यस कथामा विजय र मुनाबिच, विजयका बाआमा र गाउँलेहरूबिचमा संवाद रहेको छ । यस कथामा प्रयुक्त विजय र मुनाबिचको संवादको नमुना यस्तो छ ;

मुना – विजय ! जंगली जनावर लाग्छ यहाँ ?

विजय– लाग्दैन !

मुना– मलाई त खुब प्यास लाग्यो । पानी पिउन पाए पनि हुने ।

विजय र विजयकी आमाबिच भएको संवादको नमुना यस्तो छ :

विजयकी आमा– 'भो नढाँट मलाई ! कसाइनीसँग बिहे गरेर कुलधर्म सबै नष्ट गरिन्छ । ' यसरी यस कथामा पात्रहरूबिच स्वाभाविक संवाद रहेको पाइन्छ ।

## परिवेश

परिवेशले देश, काल र वातावरणलाई जनाउँछ । यसमा आएको ठाउँ भनेको नेपाल देशको सुर्खेतको भौगोलिक स्थान हो । कथाले पञ्चायत कालीन समय समाप्त भएर भर्खरै बहुदलीय व्यवस्थाको सूत्रपात भएको समयलाई टिपेको छ । त्यसै गरी यस कथाले पहाडी वातावरणलाई टिपेको छ । देशमा आमूल परिवर्तन आए पनि सुर्खेतको दुर्लुङ गाउँको उकाली ओराली र त्यहाँको प्राकृतिक स्थल यहाँ छ । यस कथामा बाह्‌य परिवेशले आन्तरिक परिवेशलाई उद्दीप्त गरेको छ । गाउँलेहरूमा रहेको अज्ञानता र चेतना अभावका कारणले गर्दा उनीहरू पुरातन संस्कारमा ढल्केका छन् र मानन्धर थरकी मुनालाई घरमा पस्न दिदैनन् । यही कारणले गर्दा क्रान्तिकारी मुना घर परिवार र सिङ्गो राष्ट्र विरुद्ध हातमा बलेको आगो लिएर घरमा छिर्छे ।

## दृष्टिविन्दु

यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथाकार स्वयम् यस कथामा उपस्थित छन् । 'म' पात्र विजय स्वयम् कथामा उपस्थित भएर आएको छ । 'म' पात्रले आफ्नी पत्नी मुनासँग गरेको भलाकुसारी, त्यसै गरी बाबुआमासँग भएको वाद प्रतिवादलाई यहाँ  प्रस्तुत गरेको छ । 'म' पात्र विजयका वरिपरि घटनाक्रमहरू घुमेका छन् । विजयले ती घटनाहरू प्रत्यक्ष भोगेको र देखेकाले यहाँ प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग छ ।

## उद्देश्य

आधुनिक कथाको उद्देश्य यथार्थको बोध गराउनु हो । यस कथामा पनि बहुदलीय व्यवस्थाको सूत्रपात भए पनि नेपालका कतिपय गाउँहरूमा चेतनाको लहर पुग्न सकेको छैन । किताबका पानामा छुवाछुत अन्त्य गरौं भन्ने लेखिए पनि व्यवहारमा त्यो लागू हुन सकेको छैन । देश परिवर्तन गर्न चाहनेले सर्व प्रथम आफ्नो परिवार र छिमेकीको मन परिवर्तन गरेर चेतनाको दियो बाल्न सक्नुपर्छ भन्ने सन्देश दिनु यस कथाको उद्देश्य देखिन्छ । एकाइसौं शताब्दीमा आएर मानवले मानवसँग छुवाछुत सम्बन्धी अमानवीय व्यवहार गर्नु राम्रो होइन ; यस्तो व्यवहारले मानवलाई उन्नतिको मार्गमा नभई विनाशको मार्गमा धकेल्छ भन्ने भाव प्रवाह गर्नु यस कथाको उद्देश्य रहेको छ ।

**भाषाशैली**

यस कथामा सामान्य पाठकले समेत सजिलै बुझ्ने खालको भाषाको प्रयोग पाइन्छ । कथामा तत्सम, तद्भव शब्दहरूका साथै कुर्था, टर्च, जङ्गल, ब्याग, मिनेट जस्ता आगन्तुक शब्दहरूको पनि प्रयोग भएको छ । सरल र संयुक्त वाक्यहरूको प्रयोग भएको यस कथामा प्रश्नार्थक र विस्मयबोधक वाक्यको पनि प्रयोग भएको छ ; जस्तैः

प्रश्नार्थक वाक्य – बिहे गरेको खवरसम्म उनीहरूले पाएका छन् तर कोसँग ? के जातसँग ?

विस्मयबोधक वाक्य : छ्या ! माकुरोले त छेर्छ रे ।

यस कथामा कथाकारले घटनाहरूका बारेमा सरसर्ती वर्णन गरेकाले वर्णनात्मक शैली रहेको पाइन्छ ।

## ४.३.२.२ 'बुद्धि' कथाको विश्लेषण

**कथानक**

देविका तिमिल्सिनाको यो कथा "जन घोषणा" (२०५५) पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथा पण्डित बाबुलाल शास्त्रीको परिचयबाट सुरु भएको छ । उनी कर्मकाण्डी पुरोहित हुन् ।

बाबु आमा उनी सानै छँदा परलोक भएकाले उनी फुपूको रेखदेखमा हुर्केका हुन् । शास्त्रीसम्म पढेका उनको पच्चिस वर्षको उमेरमा पाँच वर्षकी कन्यासँग बिहे भएको र त्यसको तिन वर्षपछि छोरो जन्मिएको छ । छोरो जन्मेकामा खुसी भएका पण्डित पण्डित्नीले आफ्नो छोराको नाम तेज प्रसाद राखेका छन् । छोरो पाँच वर्षको भएपछि पण्डितले पञ्चमीका दिन सरस्वतीको मन्दिरमा लगी अक्षरारम्भ गराउँदा उसले अक्षर उच्चारण नगरेकाले उसलाई मन्द बुद्धि भनेर पण्डितले गाली गरेका छन् । तेज प्रसादको औँला चुस्ने बानीले गर्दा सबैले उसलाई लठेब्रो भनी जिस्क्याउँछन् । पढाइमा कमजोर तेज प्रसादलाई उत्तीर्ण गराउन शिक्षकहरूसँग हात जोड्दै उसका बाबुले दश कक्षासम्म पुऱ्याएर पनि एस.एल.सी. कसै गरी पनि पास हुन नसकेको उसले आफ्नो समस्या साथी बलरामलाई सुनाएको छ । बलरामले सान्त्वना दिँदै असल मान्छेको सङ्गत गर्न सुझाव दिएको छ भने असल मान्छेमा विद्वान् प्राज्ञ, साहित्यकार, राजनीतिज्ञ, पत्रकार, मजदुरलाई गणना गरेको छ । साथीको सिफारिस अनुसार तेज प्रसाद सबभन्दा पहिले विद्वान् प्राज्ञको घरमा गएको छ र उसले प्राज्ञलाई आडम्बरी व्यक्तिका रूपमा पाएको छ । साहित्यकार र पत्रकार पनि विद्वत्ताकै पाटा भएकाले उनीहरूलाई नभेट्ने अठोट गरेको तेज प्रसाद वकिललाई भेट्न पुगेको छ । वकिलका क्रिया कलापबाट आजित भएको ऊ त्यहाँबाट एउटा कारखानामा पुगेको र मजदुरसँग आफ्ना समस्या राखी त्यहीँ काम गर्न थालेको छ । काम सिकेपछि उसलाई मन्द बुद्धि नभनेर आजभोलि बुद्धि भनिन्छ भनेर कथाको अन्त्य भएको छ ।

प्रस्तुत कथा आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा संरचित छ । कथामा पण्डित बाबुलाल शास्त्रीले फुपूका घरमा बसेर शास्त्री पास गर्नु, फुपूको मृत्युपछि उसले बिहे गर्नु र छोरो जन्मनुसम्मका घटना आदि भाग अन्तर्गत पर्दछन् । त्यसै गरी पण्डितको छोरो तेज प्रसादले स्पष्ट उच्चारण गर्न नसक्नु, उसको नाम तेज प्रसादबाट मन्द बुद्धिमा रूपान्तरण हुनु, ऊ पढाइमा पटक पटक अनुत्तीर्ण हुनु, उसले साथी बलरामलाई भेट्नु आदि घटना मध्य भाग अन्तर्गत पर्दछन् । त्यस्तै बलरामको सल्लाह अनुसार तेज प्रसादले विभिन्न व्यक्तिहरूलाई भेट्नु, ती व्यक्तिहरूको चरित्र तेज प्रसादलाई घृणित लाग्नु, मजदुरबाट उसले सहयोग पाउनु र सिप सिक्नु जस्ता घटना अन्त्य भाग अन्तर्गत पर्दछन् ।

यस कथामा तेज प्रसाद पटक पटक परीक्षा दिँदा पनि अनुत्तीर्ण भएकाले उसमा के गरौं र कसो गरौं भनी आन्तरिक द्वन्द्व पाइन्छ । यसै गरी यस कथामा आठ वर्षकी कन्याले कसरी बच्चा जन्माइ होलिन्, तेज प्रसादका भावी दिनहरू कसरी बिते होलान् जस्ता कुतूहल उत्पन्न भएका छन् ।

## चरित्र चित्रण

प्रस्तुत कथामा तेज प्रसाद बाबुलाल शास्त्री, फुपू, पण्डितनी, बलराम, प्राज्ञ, साहित्यकार, पत्रकार, वकिल, मजदुर जस्ता पात्र आएका छन् । तेज प्रसाद यस कथामा प्रमुख पात्रका रूपमा आएको छ । कम उमेरकी आमाबाट जन्मेको तेज प्रसाद मन्द बुद्धिको छ । शुद्धसँग उच्चारण पनि गर्न नसक्ने ऊ पढाइ लेखाइमा पनि अति कमजोर छ । पढाइमा पटक पटक अनुत्तीर्ण हुने ऊ एस.एल.सी. परीक्षा अनुत्तीर्ण भएपछि साह्रै लज्जित बनेको छ । साथी बलरामको सल्लाह अनुसार चलेको ऊ मिलनसार प्रकृतिको छ । बलरामको सल्लाह अनुसार विद्वान्, वकिल, मजदुर आदिलाई भेटेर ज्ञान सिक्न निस्केको उसले विद्वान्, वकिल, साहित्यकार भनाउँदाहरू आडम्बरी भएको निष्कर्ष निकाल्छ र मजदुरसँग ज्ञान सिक्छ । यस कथामा तेज प्रसाद पुरुष, प्रमुख, वर्गीय, गतिशील र मञ्चीय पात्रका रूपमा आएको छ ।

तेज प्रसाद बाहेक यस कथामा उसको बाबु बाबुलाल शास्त्री, फुपू, बलराम, मजदुर जस्ता व्यक्तिहरू सहायक पात्रका रूपमा देखिन्छन् । फुपू बाहेक अरू पात्र अनुकूल र मञ्चीय हुन् भने साहित्यकार, प्राज्ञ, वकिल जस्ता प्रतिकूल चरित्रका व्यक्तिहरू पनि यस कथामा आएका छन् ।

## संवाद

यो कथा वर्णनात्मक भए पनि यसमा संवादको प्रशस्त प्रयोग भएको पाइन्छ । यस कथामा तेज प्रसाद र उसको साथी बलरामबिच, तेज प्रसाद र प्राज्ञबिच र तेज प्रसाद र वकिलबिच संवाद पाइन्छ । तेज प्रसाद र वकिलबिचको संवादको नमुना यस्तो छ :

वकिल : हेर्नुस् न आजकल धेरै क्लाइन्ट छैनन् । 'म' अहिले फुर्सद मै छु , के सेवा गरूँ ?

तेज प्रसाद : 'म' मन्दबुद्धि हुँ, तपाईंकहाँ ज्ञान सिक्न आएको । यसरी यस कथामा पात्र अनुसारको संवाद रहेको छ ।

## परिवेश

यस कथाले लामो कालखण्डलाई लिएको छ । कालगत परिवेशका रूपमा प्रजातन्त्र पूर्वको समय यस कथामा आएको छ । पाँच बर्से कन्याको बिहे भएको घटनाले यस कुरालाई पुष्टि गर्दछ । यसै गरी स्थानगत परिवेशका रूपमा नाम नतोकिएको कुनै एउटा सहर आएको छ । प्राज्ञ, राजनीतिज्ञ, वकिल बसोबास गरेको प्रसङ्गले यो सहर नै हो भन्ने बुझिन्छ । कल कारखाना र मजदुरको प्रसङ्गले अझ यसको पुष्टि गर्दछ ।

## दृष्टिविन्दु

यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कथामा कथाकारले कथाभन्दा बाहिर रहेर कथामा प्रयुक्त पात्र र घटनाका बारेमा वर्णन गरेका छन् । कथाकारले कथामा तेज प्रसादको चरित्रलाई मात्र उजागर नगरी प्राज्ञ, वकिल जस्ता व्यक्तिहरूको चरित्रलाई पनि प्रकाश पारेकाले तृतीय पुरुष, सर्वदर्शी दृष्टिविन्दुको प्रयोग रहेको पाइन्छ ।

## उद्देश्य

प्रस्तुत कथा नेपाली सामाजिक अवस्थालाई उजागर गर्न संरचित भएको छ । कलिलो उमेरमा बिहे गरेर बच्चा जन्माउँदा बच्चा शारीरिक एवम् मानसिक रूपमा कमाजोर हुन्छ भन्ने कुरालाई प्रस्तुत गर्नु यस कथाको उद्देश्य देखिन्छ । समाजमा रहेका वौद्धिक व्यक्तिहरूको आडम्बरी चरित्र र मजदुरहरूको सहयोगी भावनालाई उजागर गर्नु यस कथाको अभिप्राय देखिन्छ ।

## भाषाशैली

तत्सम र तद्भव शब्दहरूको उल्लेख्य प्रयोग भएको यस कथाको भाषा सरल छ । ट्युसन, पास, क्लाइन्ट, फिराद, उजुर, दरखास्त, एङ्गल, बोल्ट जस्ता आगन्तुक शब्दको प्रयोग यसमा पाइन्छ । सरसर्ती वर्णनमा अघि वढेको यो कथामा संवादको पनि प्रयोग भएको पाइन्छ । यस कथामा तार्किक कुराहरू पनि आएका छन् ; जस्तै :

'विद्वत्ता एउटा आडम्बर हो । शब्दहरूको जाल हो । यसले श्रमलाई बलात्कार गर्छ ।'

यसरी यस कथामा वर्णनात्मक, संवादात्मक र तार्किक शैलीको प्रयोग पाइन्छ ।

### ४.३.२.३ 'सम्बन्ध' कथाको विश्लेषण

देविका तिमिल्सिनाको यो कथा "परिमार्जन" (वर्ष ६, अङ्क १०, २०५६) पत्रिकामा प्रकाशित भएको छ । नेपालको राजनीतिक अवस्थालाई यस कथाले आफ्नो विषय बनाएको छ । 'म' पात्रको पूर्वस्मृतिमा संरचित यो कथा आदि मध्य र अन्त्यको रैखिक ढाँचामा आबद्ध छ । कथामा 'म' पात्र आनन्दले साथी गोविन्दसँगको बिस बर्से सहयात्रामा आएका मोडहरूका बारेमा चर्चा गरेको छ । उनीहरू छत्तिस सालको परिवर्तनका निम्ति सँगै हिँडेका, ४६ सालको आन्दोलनमा होमिएर सँगै जेल परेका र बहुदल घोषणा भएपछि छुटेका हुन् । कथामा 'म' पात्रले बिहे गरेको, त्यसपछि गोविन्दले 'म' पात्रबाट टाढिन खोजेको र दाह्री पालेर हिँडेको घटना आएका छन् ।

म पात्रले बिहे गरेपछि उसलाई भेट्न पहिलो पटक गोविन्द उसको कोठामा पुगेको छ र उनीहरू चिया खाँदै कम्युनिस्ट आन्दोलनले बाटो बिराएको र त्यसलाई अघि बढाउन अभियान सञ्चालन गर्नु पर्ने कुरा हुन्छ । काठमाडौँको वातावरण र विकृत राजनीतिका कारण केही समय पोखरा बस्ने निर्णय गरेको गोविन्द 'म' पात्रसँग केही खर्च मागेर बाहिरिएको छ । क्रान्तिकारी विचार बोकेको गोविन्द भारतीय विस्तारवादको विरोध गर्दै, राजनीतिक विकृतिबारे लेख लख्दै र मेचीकाली जागरण अभियान सञ्चालन गरेर हिँडेको छ । ऊ असल विचार राख्दा राख्दै खराबहरूको मण्डलीमा फँसेको छ । उसका क्रान्तिकारी हाउभाउलाई सबैले नक्कली भनेका छन् । यत्तिकैमा कथाको अन्त्य भएको छ ।

यस कथामा 'म' पात्रको गोविन्दसँग भेट भएर छत्तिस सालको आन्दोलनमा सँगै हिँड्नु, बयालिस सालको सत्याग्रहलाई नजिकबाट हेर्नु, छयालिस सालको आन्दोलनमा सँगै होमिनु र जेल पर्नु, बहुदल आएपछि जेलबाट छुट्नु जस्ता घटना आदि भाग अन्तर्गत पर्दछन् । त्यस्तै 'म' पात्रले बिहे गर्नु गोविन्दले बिहे नगरेर दाह्री पालेर हिँड्नु, गोविन्द 'म' पात्रको कोठामा गएर विकृत राजनीतिका बारेमा चिन्ता प्रकट गर्नु, मेचीकाली अभियान सञ्चालन गर्ने कुरा गोविन्दले बताउनु, 'म' पात्रसँग खर्च मागेर गोविन्द बाहिरिनु गोविन्दले मेचीकाली अभियान सञ्चालन गर्नु मध्य भाग अन्तर्गतका घटना हुन् । यसै गरी क्रन्तिकारी सोच भएको गोविन्द जन विरोधीहरूको प्रवक्ता हुनु, उसका क्रान्तिकारी हाउभाउ नक्कली भएको प्रमाणित हुनु, गोविन्द 'म' पात्रसँग टाढिनु जस्ता घटना कथाको अन्त्य भाग अन्तर्गत पर्दछन् ।

यस कथामा तत्कालीन निरङ्कुश सरकार र जनताबिच बाह्य द्वन्द्व प्रकट भएको पाइन्छ । यसै गरी क्रान्तिकारी गोविन्द एक्कासी कसरी जन विरोधी भयो होला, गोविन्दका भावी दिनहरू कसरी बिते होलान् जस्ता कुतूहल पाठकका मनमा उत्पन्न हुन्छन् ।

## चरित्र चित्रण

यस कथामा 'म' पात्र, उसकी श्रीमती, गोविन्द र हरि जस्ता पात्रहरू आएका छन् । कथामा गोविन्द र 'म' पात्रको भूमिका प्रमुख देखिन्छ । गोविन्द 'म' पात्रको सबैभन्दा नजिकको मित्र हो । ऊ नेपाली कम्युनिस्ट आन्दोलनमा देखिएका विकृतिलाई सुधार गर्न हिँडेको क्रान्तिकारी चरित्रको रूपमा देखिए पनि पछि जन विरोधीहरूको मण्डलीमा सामेल भएको छ । ऊ यस कथाको प्रमुख, बद्ध, मञ्चीय, गतिशील र प्रतिकूल चरित्रको देखिन्छ । 'म' पात्र यस कथाको अर्को प्रमुख पात्र हो । ऊ विभिन्न आन्दोलनहरूमा गोविन्दसँगै हिँडेको छ । बिग्रँदो राजनीतिक अवस्थाप्रति चिन्तित ऊ गोविन्द जस्ता व्यक्तिहरू खराब बाटातिर लागेकामा चिन्तित छ । ऊ यस कथाको प्रमुख, बद्ध, मञ्चीय, गतिहीन र अनुकूल पात्रको रूपमा देखिन्छ । यी बाहेक यस कथामा आएका 'म' पात्रकी श्रीमती, हरि जस्ता गौण पात्रहरू पनि रहेका छन् ।

## संवाद

यो कथा संस्मरणात्मक भए पनि यसमा प्रशस्त संवादको प्रयोग भएको छ । कथामा 'म' पात्र र उसको साथी गोविन्दबिच र 'म' पात्र र हरिबिच संवाद रहेको छ ; जस्तैः

'म' पात्र र गोविन्दबिचको संवादको नमुना यस प्रकार छ :

'म' पात्र – अँ गोविन्द गाँठी कुरा के हो ?

गोविन्द – मलाई यो सहरमा बस्न मन लागेन ।

'म' पात्र - किन ?

गोविन्द – परिवेश नै ठिक छैन ।

यसरी यस कथामा पात्रहरूबिच संवाद रहेको पाइन्छ ।

**परिवेश**

यस कथाले बिस वर्ष लामो समयलाई लिएको छ । कालगत परिवेशका रूपमा ३६,४२ र ४६ सालका राजनीतिक घटनाहरू यसमा आएका छन् । आन्दोलनमा हिँडेको, जेल परेको घटनाले यसलाई पुष्टि गर्दछ । यसै गरी स्थानगत परिवेशका रूपमा काठमाडौँ सहर आएको छ । आन्दोलनमा जन सागर उर्लनु, गोविन्दले पशुपतिको जङ्गलमा गएर अध्ययन गर्नु जस्ता घटनाले यो सहर काठमाडौँ नै हो भन्ने बुझिन्छ ।

**दृष्टिविन्दु**

यस कथामा प्रथम पुरुष अर्थात् आन्तरिक दृष्टिविन्दुको प्रयोग रहेको छ । यसमा कथाकार कथाभित्र 'म' पात्रका रूपमा रहेर गोविन्दसँगको लामो समयसम्मको सहयात्रा र उसका क्रिया कलाप आदिका बारेमा वर्णन गरेकाले प्रथम पुरुष दृष्टिविन्दु रहेको छ ।

**उद्देश्य**

प्रस्तुत कथा नेपालको राजनीतिक अवस्थालाई प्रस्तुत गर्न संरचित रहेको देखिन्छ । नेपालको कम्युनिस्ट आन्दोलनमा देखा परेको विकृतिलाई उजागर गर्नु यस कथाको मुख्य उद्देश्य रहेको छ ।

कम्युनिस्टहरू जतिसुकै क्रान्तिकारी भए पनि उनीहरू सत्ता र शक्तिको पछाडि लाग्छन् र आफ्नो विचारलाई छाड्न सक्छन् भन्ने कुरालाई उजागर गर्नु यस कथाको ध्येय देखिन्छ ।

**भाषाशैली**

यस कथामा विषय वस्तु सुहाउँदो सामान्य भाषाको प्रयोग भएको छ । भाषाशैलीको चमत्कार, बिम्ब प्रतीकको प्रयोगभन्दा सोझो अभिव्यक्ति यस कथामा पाइन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग भएको यस कथामा सामान्यार्थक, प्रश्नार्थक र विस्मयबोधक वाक्यको प्रयोग पाइन्छ । प्रस्तुत कथाको शैली सरल र सबैले बुझ्ने प्रकारको छ ।

### ४.३.२.४ 'उमा' कथाको विश्लेषण

**कथानक**

प्रस्तुत कथा "मुक्ति मोर्चा" (अङ्क १६, वर्ष २७, २०५७) पत्रिकामा प्रकाशित भएको छ । यस कथामा उमा नाम गरेकी शिक्षित नारीका परिवर्तित घटनाहरूलाई प्रस्तुत गरिएको छ । यसको कथानक भरतले 'म' पात्र किस्नेलाई उमाका चरित्रबारे बताएको प्रसङ्गबाट सुरु हुन्छ । उमा प्रारम्भमा भयङ्कर क्रान्तिकारी महिला थिई । बुटवलको स्कुलमा पढेकी उसले गुरुहरूबाट मुक्तिको पाठ पढ्ने अवसर पाएकी थिई । जन आन्दोलन बढ्दै जाँदा स्वास्थ्यकर्मीका तर्फबाट ऊ अनिवार्य योद्धा मानिदै गई । उसको दृढ विचार र सौन्दर्यको सबैले तारिफ गर्न थाले । भरतले उसलाई कामका सिलसिलामा भेटेको र उसभित्र मडारिएका षड्यन्त्रका रेखाहरूबारे किस्नेलाई वृत्तान्त लगाएको छ । वीर हस्पिटलको काम छाडेर उमा महिला अधिकारका लागि आन्दोलनमा होमिएकी छ । आन्दोलन सफल हुँदै जाँदा उमा सदन र ठुला पदको आकाङ्क्षा राख्दै जान्छे । उसका इच्छाहरू पुरा नभएपछि कसैको स्वास्नी नबन्ने दृढ घोषणा उसले गरेकी छ । तर्कमा हार्दा महिला भएकाले आफू परास्त भएको ठान्ने उमा हरेक पुरुषभन्दा बलियो बन्ने प्रतिज्ञा गर्छे । आफू घायल बनेपछि उमाले एउटा बेलायती पुरुषसँग सम्पर्क बढाएकी छ । यसै मार्फत ऊ बेलायती संस्थामा आबद्ध भएकी छ । यस संस्थामा उसले महिला अधिकारको कुरा उठाए पनि शारदा, मुना, शान्ति र उर्मिलाहरूको विरोध गरेकी छ । उमा बिस्तारै डलरको खेलमा लागेर नेपाली धर्तीको आबाजबाट

टाढिएकी छ । आफ्नो शरीरमा आफ्नै अधिकार रहने ठान्दै उसले आन्दोलनलाई भुल्दै गएकी छ । खुला देह व्यापार गर्न पाउनु पर्छ भन्ने उमाका विचारले कथयिता भरतलाई ऊप्रति घृणा जागेर आउँछ । यत्तिकैमा केही महिलाको भिडमा उमा किस्ने र भरत भएतिर आउँछे । भरत र किस्ने निश्चल बन्दछन् । महिलाहरूको नाच देखेर भरत टोलाउन थाल्दछ 'म' पात्र किस्नेले भरतलाई सचेत गराएको छ । त्यो महिला समूहले किस्नेले कति रोक्दा पनि भरतलाई खोसेर लगेका छन् । किस्ने यस विजयले महिलाहरूमा उन्माद बढेको अनुभव गर्छ । उमा जस्ता महिलाहरूलाई कुन संस्कृतिले परास्त गर्न सक्छ ? भन्ने किस्नेका प्रश्नात्मक कथनबाट यसको कथानक समाप्त भएको छ ।

उमाको आन्दोलनप्रतिको दृढ सङ्कल्प, महिला मुक्तिको चाहना, आन्दोलनमा निश्वार्थ सहभागिता, र उसको सदन र पदप्रतिको आकाङ्क्षा जस्ता घटना यस कथाका आदि भाग अन्तर्गत पर्दछन् । यसमा आएका उमाले निरुत्साहित बन्नु परेको अवस्था, पुरुषसँगको उसको वैरभाव, बेलायती नागरिकसँगको सम्पर्क, बेलायती संस्थासँगको सम्बद्धता जस्ता घटनाहरू मध्य भाग अन्तर्गत पर्दछन् । यसै गरी खुला देह व्यापार गर्ने उमाको चाहना, उसले मुक्ति चाहने महिला विरुद्ध रचेको षड्यन्त्र, केही महिलासँग मिलेर निरीह भरतलाई आफ्नो वलमा लगारेर विजय अनुभव गरेको जस्ता घटनाहरू यसको अन्त्य भाग अन्तर्गत पर्दछन् ।

यसमा आन्दोलनको परिणाम के होला, उमाले कसरी नेतृत्व सम्हाल्ली, उमामा आएको गलत परिवर्तनले कस्तो परिणाम ल्याउला, निरीह भरतमाथि उमा सहितको महिला समूहले प्रहार गर्नुको आशय के होला जस्ता कुतूहलको पनि प्रयोग रहेको पाइन्छ । यसै गरी यस कथामा भरत र उमाबिच, उमा र आन्दोलन विरोधीबिच, उमा र पुरुषबिच, उमा र मुक्तिकामी महिलाबिच आन्तरिक द्वन्द्व रहेको देखिन्छ भने उमा सहितको महिला समूहले भरतमाथि गरेको प्रहारले बाह्य द्वन्द्वलाई उजागर गरेको छ ।

## चरित्र चित्रण

यस कथामा उमा, भरत, किस्ने, शारदा, मुना, शान्ति, उर्मिला जस्ता पात्रहरू रहेका छन् । उमा यस कथाकी प्रमुख नारी पात्र हो । उसमा नारीमा हुनु पर्ने सुलभ गुणहरू नभएर कठोर बोली वचन छ । अत्यन्त विद्रोही स्वभाव भएकी ऊ परिवर्तनका लागि मरि मेटेर लागेकी पात्र हो । महिला अधिकारका लागि विभिन्न सङ्घसंस्थामा आबद्ध भएर काम गरेकी ऊ बेलायती संस्थामा आबद्ध भएर डलरको पछि लागेकी छ । यसरी उमाको चरित्र यस कथामा प्रमुख, बद्ध, मञ्चीय, गतिशील, प्रतिकूल चरित्रका रूपमा देखिन्छ । भरत र किस्ने यस कथाका सहायक पात्र हुन् । उमाको चरित्रलाई उजागर गर्न आएका उनीहरू अनुकूल चरित्रका देखिन्छन् । यी बाहेक कथामा शारदा, मुना, शान्ति र उर्मिला जस्ता गौण पात्रहरू पनि आएका छन् ।

### संवाद

यस कथामा कथाकारले उमाको चरित्र र क्रिया कलापलाई उजागर गर्न भरत र किस्नेबिच संवादको प्रयोग गरेका छन् । उनीहरू बिचको संवाद उमाका क्रिया कलापमा केन्द्रित छ । आदिदेखि अन्त्यसम्म संवाद रहेको प्रस्तुत कथामा लामा लामा संवाद रहेका छन् ।

### परिवेश

यस कथाले स्थानगत परिवेशका रूपमा राजधानी काठमाडौँलाई लिएको छ भने कालगत परिवेशका रूपमा पञ्चायतको अस्तकालीन समय र प्रजातान्त्रिक कालको उदय भएपश्चात्को समयलाई लिएको छ । उमाले जन आन्दोलनमा भाग लिएर आन्दोलनको नेतृत्व गर्नु जस्ता घटनाले त्यो सहर राजधानी काठमाडौँ हो भन्ने बुझिन्छ भने जन आन्दोलन हुनु, बहुदलीय व्यवस्थाको अन्त हुनु जस्ता घटनाले यस कथाको कालगत परिवेश पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातान्त्रिक व्यवस्थाको उदय भएको समय हो भन्ने बुझिन्छ ।

### दृष्टिविन्दु

यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । कथाकार कथामा ‘म’ पात्रका रूपमा आएका छन् । कथामा कथाकार ‘म’ पात्रका रूपमा रहँदारहँदै पनि उमाको चरित्र र क्रिया कलापलाई कथाकारले उजागर गरेकाले यस कथामा प्रथम पुरुष, परिधीय दृष्टिविन्दु रहेको छ ।

**उद्देश्य**

उमाका चरित्र र क्रिया कलापलाई उजागर गर्नका लागि संरचित यस कथाले उच्च महत्त्वाकाङ्क्षाको परिणति कस्तो हुन्छ भन्ने कुरालाई उमा मार्फत व्यक्त गरेको छ । स्वतन्त्रताका नाममा महिलाहरूमा आएको विकृति र त्यस विकृतिका कारण निम्तिएको समस्यालाई उजागर गर्नु यस कथाको उद्देश्य देखिन्छ । मान्छे जतिसुकै क्रान्तिकारी देखिए पनि पैसाका पछाडि दगुरेर आफ्नो बाटो छाड्न सक्छ भन्ने कुरालाई उजागर गर्नु पनि यस कथाको उद्देश्य रहेको छ ।

**भाषाशैली**

यस कथामा समान्य पाठकले समेत सजिलै बुझ्ने किसिमको भाषाशैलीको प्रयोग भएको छ । सरल संयुक्त, प्रश्नार्थक र विस्मयबोधक वाक्यको प्रयोग भएको प्रस्तुत कथामा तत्सम शब्दहरूका साथै आगन्तुक शब्दको पनि प्रयोग भएको छ । पात्रहरूबिचको संवादमा पूर्ण भएको यस कथामा सरल र सुवोध शैली रहेको छ ।

## ४.३.२.५ ‘मूल्यहीन अस्मिता’ कथाको विश्लेषण

यो कथा “शब्द संयोजन” (२०६१, कार्तिक) पत्रिकामा प्रकाशित भएको छ । यस कथामा राज्य र विद्रोहीबिचको सङ्घर्षमा सर्व साधारण जनताले भोग्नु परेका पीडालाई उत्तम मार्फत व्यक्त गरिएको छ । यसको कथानक लामो समय विदेश बसेर आएको उत्तमले आफ्नो घरको आँगन टेकेको प्रसङ्गबाट सुरु भएको छ । उत्तमले घर आइ पुग्ने बित्तिकै आफ्ना बारीमा रहेका फलफुल र तरकारीहरू हेरेको र आफू सानो छँदा गर्मीमा इन्द्रावतीमा पौडी खेलेको सम्झँदै गोठतिर गएको छ । उसले गोठमा पुगेर बाच्छीको किर्ना टिप्दै किर्नाको अनुहारलाई नेपालका नेताहरूको अनुहारसँग तुलना गरेको छ भने दुब्लो टट्टीटाट परेको बाच्छीलाई नेपाली जनतासँग तुलना गरेको छ । घरमा

श्रीमती गौरी र छोराछोरी कोही पनि नभएकाले उनीहरूको प्रतीक्षा गर्दै पिँढीमा ढल्केको उत्तमले अनौठो सपना देखेको छ । सपनामा उसको छोरो किरणले हावामा तैरिँदै सारा ब्रह्माण्ड घुम्दै सूर्यलाई निलेको, पृथ्वीमा अन्धकार छाएको, मान्छे रुन कराउन थालेका, सिंह दरबारको झन्डावाल सिंह दक्षिणतिर उडेर अलप भएको, नारायण हिटीको नारायणको मूर्ति फुटेको, मन्दिर ढलेको, केही युवा आएर उसको कपाल तानेका र गर्धन छिनाएका, यत्तिकैमा गौरी चिच्याएको आबाज उसले सुनेको र गौरी भनेर चिच्याउँदा ऊ ब्युँझिएको छ । उठेर यताउति हेर्दा मास्टर काका आउँदै गरेका देखेपछि उत्तमलाई केही हलुका भएको महसुस हुन्छ । उनीहरूबिच केही बेर कुराकानी हुन्छ । मास्टर काकाले सरकारी सेना र माओवादी सेनाले दुःख दिएको कुरा उत्तमलाई बताएका छन् । यत्तिकैमा घाँसको भारी बोकेर आएकी गौरी छोराछोरी सहित देखा पर्दछे । मास्टर काका गौरीसँग सबै हाल खबर बुझ्न भन्दै आफ्नो घरतिर लाग्छन् । गौरीले पिँढीको डिलमा घाँस बिसाएपछि उनीहरू जोइपोइबिच कुराकानी भएको छ । उनीहरूबिच एक अर्काको अनुपस्थितिमा घटेका घटनाहरू आदान प्रदान भएका छन् । गौरीले आफूलाई माओवादी र सरकारी सेनाले दुःख दिएको कुरा आफ्नो पतिलाई बताएकी छ । उनीहरू रातिसम्म घरायसी र मायाप्रीतिका कुराहरू गर्दै सुतेका छन् । सुत्ने बित्तिकै केही सरकारी सेनाले उनीहरूको घरभित्र पसी उत्तमलाई आतङ्ककारी भन्दै पिटेका छन् । गौरीले आफ्नो श्रीमान् हो भन्दा उनीहरूले गौरीलाई समेत पिटेका छन् । उत्तमलाई घिसार्दै सेनाले बुटले हिर्काउँछन् । यत्तिकैमा उत्तमले दिउँसो देखेको सपना मानस पटलमा पुनः देख्छ । टाउको फुटेर ढलेको उत्तमलाई सिपाहीहरूले घिसार्दै लग्दछन् । उत्तमको यस्तो हाल देखेर उसका छोराछोरी रोएका छन् भने छोरो किरणले सम्हालिँदै आफ्नी आमा गौरीसँग आफूलाई दुःख दिनेलाई ठुलो भएपछि बन्दुकले हानेर मारि दिने कुरा गरेको प्रसङ्गबाट यस कथाको अन्त्य भएको छ ।

यस कथामा उत्तमले आँगन टेकेदेखि उसले फलफुलका बोटहरू हेरेको, गोठमा बाच्छीको किर्ना टिपेको र किर्नालाई नेतासँग तुलना गरेको, पिँढीमा ढल्केको र सपना देखेको जस्ता घटना आदि भाग अन्तर्गत पर्दछन् । उत्तमको मास्टर काकासँग भेट हुनु, मास्टर काकाले गाउँको हाल खबर बताउनु, उत्तमको गौरी र छोराछोरीसँग भेट हुनु, गौरीसँग घरायसी र मायाप्रीतिका गफ गर्दै उत्तम सुत्नु जस्ता घटना कथाको मध्य भाग अन्तर्गत पर्दछन् । त्यस्तै रातको समयमा सरकारी सेना उत्तमको घरमा पस्नु, उत्तमलाई सेनाले पिट्नु, गौरी छेक्न जाँदा उसले पनि पिटाइ खानु, सेनाको

पिटाइले उत्तम ढल्नु र उत्तमको मानस पटलमा दिउँसोको सपना आउनु, उत्तमको छोरो किरणले यस घटनाको बदला लिने कुरा बताउनु यस कथाको अन्त्य भागका घटना हुन् ।

## चरित्र चित्रण

यस कथामा मानवीय र मानवेतर दुबै किसिमका पात्रहरू रहेका छन् । उत्तम यस कथाको प्रमुख पात्र हो । देशमा हत्या, हिंसा, आतङ्क बढ्दै गएपछि रोजगारीको सिलसिलामा विदेश गएको ऊ लामो समयपछि घर फर्केको छ । घर फर्केकै रात सरकारी सेनाको पिटाइबाट मृत्यु वरण गरेको ऊ यस कथाको प्रमुख, बद्ध, मञ्चीय, वर्गीय र अनुकूल पात्रका रूपमा देखिन्छ । गौरी यस कथाकी सहायक पात्र हो । लामो समयसम्म श्रीमान्‌को अनुपस्थितिमा घर व्यवहार सञ्चालन गर्दै आएकी ऊ पटक पटक सेनाको निशानामा परेकी छ । सेनाको पिटाइबाट श्रीमान् मारिएकी ऊ पीडित नारीहरूको प्रतिनिधि पात्र हो । ऊ यस कथाकी बद्ध, मञ्चीय, अनुकूल पात्र हो । यसै गरी सेनाको चरित्र यस कथामा सहायक देखिन्छ । उत्तमको जीवनलाई समाप्त पार्नमा सेनाको भूमिका रहेकाले उनीहरू यस कथामा सहायक पात्रका रूपमा देखिन्छन् । उनीहरू यस कथामा बद्ध, मञ्चीय र प्रतिकूल चरित्रका रूपमा आएका छन् । यसै गरी कथामा मास्टर काका र कृष्ण घिमिरे गौण पात्रका रूपमा रहेका छन् । उषा र किरण जस्ता बाल पात्रहरूको प्रयोग रहेको यस कथामा बाच्छी र किर्ना जस्ता मानवेतर चरित्रहरू पनि आएका छन् । किर्नालाई कथाकारले प्रतीकात्मक रूपमा प्रयोग गरेका छन् ।

## संवाद

यस कथामा संवादको न्यून मात्रामा प्रयोग भएको पाइन्छ । कथामा उत्तम र मास्टर काकाबिच, गौरी र उत्तमबिच, गौरी र सैनिकबिच संवाद रहेको छ । गौरी र उमत्तबिचको संवाद घरायसी र मायाप्रीतिका कुराहरूमा केन्द्रित छ भने उत्तर र मास्टर काकाबिचको संवादले सरकारी सेना र विद्रोही सेनाका क्रिया कलापलाई प्रस्तुत गरेको छ । सेना र गौरीबिचको संवादमा सेनाको संवादबाट उनीहरूको क्रूरता झल्किन्छ भने गौरीको संवादबाट आफ्नो श्रीमान् निर्दोष रहेकाले केही नगर्न आग्रह गरिएको बोध हुन्छ ; जस्तैः-

सेना – भन् आज कति जना आतङ्ककारी आएका छन् ?

गौरी– कोही आएको छैन । यहाँ मेरो श्रीमान् आजैमात्र मलेसियाबाट आउनु भएको ।

यसरी यसकथामा पात्रहरूबिच संवाद रहेको पाइन्छ ।

## परिवेश

परिवेशका दृष्टिकोणले यो कथा सशक्त रहेको छ । कालगत परिवेशका रूपमा यसमा माओवादी सशस्त्र युद्धको समय आएको छ भने स्थानगत परिवेशका रूपमा राजधानी काठमाडौं नजिकैको ग्रामीण समाज आएको छ । माओवादीले शिक्षक, विद्यार्थीहरूलाई अपहरण गरेर लगी श्रम सिबिरमा राखेको, प्रशिक्षण दिएको, माओवादीलाई भात खुवाइएको निहुँमा सर्व साधारणलाई सेनाले पिटेको, उत्तमलाई आतङ्ककारीको आरोपमा सेनाले पिटेर मारेको जस्ता घटनाले यो कथाले सशस्त्र युद्धको समयलाई लिएको कुरा बुझ्न सकिन्छ । यसै गरी गाईगोठ भएको, घाँस काट्न गएको, इन्द्रावतीमा पौडी खेलेको आदि प्रसङ्गले यो कथाको स्थानगत परिवेश इन्द्रावती नदीको किनारको कुनै गाउँ देखिन्छ ।

## दृष्टिविन्दु

यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग रहेको छ । कथाकार कथा बाहिर बसी कथामा प्रयुक्त पात्र उत्तमका जीवन भोगाइलाई कथामा प्रस्तुत गरेकाले तृतीय पुरुष, सीमित दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## उद्देश्य

यस कथाको प्रमुख उद्देश्य सशस्त्र युद्धको समयमा सर्व साधारण जनताले भोगेका पीडालाई व्यक्त गर्नु रहेको छ । तत्कालीन समयमा सरकारी सेना र विद्रोही सेनाको दोहोरो चेपुवामा परेर कैयौं सर्व साधारणले आफ्नो जीवन समाप्त पार्नु परेको यथार्थलाई उजागर गर्नु यस कथाको उद्देश्य देखिन्छ । एकतन्त्री शासनमा जनताका कुरा सुनुवाइ हुँदैन र बन्दुकले सर्व साधारणका पीडालाई बुझ्न सक्दैन भन्ने कुरालाई स्पस्ट्याउनु पनि यस कथाको उद्देश्य देखिन्छ ।

**भाषाशैली**

प्रस्तुत कथामा सरल किसिमको भाषाशैली रहेको छ । सरल , संयुक्त र प्रश्नार्थक वाक्यको प्रयोग भएको यस कथामा तत्सम, तद्भवका साथै मिनेट, मास्टर, ब्याग, एस.एल.सी. जस्ता आगन्तुक शब्दको प्रयोग रहेको छ । कथामा गोठ, सिकुवा, गुन्द्री, डेउडी, डोको, पिँढी, ताल जस्ता ग्रामीण शब्दहरूको प्रयोग पनि पाइन्छ । लख काट्नु जस्तो टुक्काको पनि प्रयोग भएको यस कथामा किरण, उषा, किर्ना जस्ता प्रतीकको पनि प्रयोग भएको छ । सरल र सुबोध भाषाशैली रहेको यो कथा वर्णनात्मक छ ।

## ४.३.३ फुटकर संस्मरणहरूको अध्ययन

### ४.३.३.१ 'पारिजात दिदीसँगका क्षणहरू' संस्मरणको अध्ययन

प्रस्तुत संस्मरण पारिजातको निधनपश्चात् प्रकाशित **पारिजात स्मृति ग्रन्थ** (२०५१) मा सङ्कलित छ । यस लेखमा तिमिल्सिनाले  नेपाली साहित्य आकाशकी एक विशिष्ट नारी प्रतिभा पारिजातसँग आफ्नो भेटघाट र चिनजान भएको, पारिजातले लेख्नका लागि प्रेरणा र हौसला दिएको, "हल्कारा" पत्रिका चलाउन अनुरोध गरेको र आफूले स्वीकार गरेको, पत्रिका चलाउने क्रममा

पारिजातसँग सम्पर्क बढ्दै गएको कुरा उल्लेख गरेका छन् । पारिजातका सल्लाहलाई अनुसरण गरेर आफू साहित्य लेखनमा अगाडि बढ्न सफल भएको कुरा पनि तिमिल्सिनाले यसमा उल्लेख गरेका छन् । आफूलाई मन नपर्ने कुरामा सम्झौता गर्न नचाहने स्वभाव भएकी पारिजात जीवनको अन्तिम अवस्थामा वीर अस्पतालको शय्यामा छट्पटाइ रहँदा आफूलाई असह्य पीडा भएको कुरा स्मरण गर्दै लेखकले पारिजातको अन्त्येष्टि आफूले हेर्न नसकेको कुरा यहाँ व्यक्त गरेका छन् ।

### ४.३.३.२ 'बूढो हुने रहर नपुग्दै' संस्मरणको अध्ययन

प्रस्तुत संस्मरण “शब्द संयोजन” (वर्ष ५ अङ्क १०, २०६५) पत्रिकामा प्रकाशित छ । यो संस्मरण अग्निशिखाको मृत्युपश्चात् उनका जीवनका घटनाहरू र उनका विचारहरूलाई संस्मरण गर्दै लेखिएको छ । वामपन्थी राजनीति गरेका अग्निशिखाका साहित्यिक राजनैतिक र वैचारिक दृढतालाई तिमिल्सिनाले यहाँ प्रस्तुत गरेका छन् । अन्याय र अत्याचारप्रति अत्यन्तै विद्रोही बनेका अग्निशिखालाई इमानदार, सोझा र मिलनसार भन्दै तिमिल्सिनाले उनको कलमी योगदानको चर्चा गरेका छन् । उनको अभावलाई परिपूर्ति गर्नका निम्ति नेपाली साहित्य र राजनीतिले उनी जस्ता कलमी योद्धा पाउन धेरै समय पर्खनु पर्ने कुरा तिमिल्सिनाले यहाँ व्यक्त गरेका छन् । जीवनमा मृत्यु अनिवार्य भएकाले अग्निशिखाको मृत्युप्रति शोकभाव मात्र प्रकट नगरेर अग्निशिखाका बानी व्यवहार र साहित्यिक राजनैतिक योगदानको परिचर्चा गर्नु प्रस्तुत संस्मरणको मुख्य वैशिष्ट्य हो ।

### ४.३.४ फुटकर निबन्धको अध्ययन

### ४.३.४.१ 'कुन दर्जाको मान्छे हो' निबन्धको अध्ययन

#### विषय वस्तु

प्रस्तुत निबन्ध “उत्साह” (वर्ष २०, पूर्णाङ्क ५३, २०५४) पत्रिकामा प्रकाशित भएको हो । यस निबन्धमा नेपाली राजनीतिमा अड्डा जमाएर बसेका नेता र सांसदका गलत आचरणलाई मुख्य विषय वस्तु बनाइएको छ । राजनीतिमा प्रवेश गर्नासाथ सम्पत्ति कमाउने दाउमा लागेका यस्ता मान्छेहरूको दर्जा पत्ता लगाउन निबन्धकार तिमिल्सिनाले यसमा उनीहरूका घृणित सोचाइ र

कलुषित काम गराइलाई मुख्य रूपमा प्रकट गरेका छन् । सुत्केरी नभई सुत्केरी भत्ता खाने, वन विनाश गरी देशलाई नाङ्गोभ्कार बनाउने , पजेरो र डलरमा रमाउने आजका नेताहरूका गलत काम गराइले समाजका सोभ्का र निम्न वर्गीय मानिसहरू उठ्नै नसक्ने गरी थिचिएको विषयलाई उनले यहाँ प्रकट गरेका छन् । खास गरी निन्दित आचरण भएका यस्ता भ्रष्टाचारी नेता र सरल व्यवहार भएका सर्व साधारणलाई मध्य नजर गर्दै उनले मान्छेका दुई दर्जा हुन्छन् भन्दै त्यसैलाई यस निबन्धमा व्यक्त गरेका छन् ।

## उद्देश्य

यस निबन्धमा तिमिल्सिनाले कलुषित आचरण गरेर भ्रष्टाचारी वृत्तिमा रमाउने नेता र सांसदका क्रिया कलापलाई व्यङ्ग्य गर्ने उद्देश्य प्रकट गरेका छन् । नेता हुनासाथ सर्व शक्तिमान भइन्छ र प्रशस्त सम्पत्ति कमाउन पाइन्छ भन्ने नेताको भ्रष्ट आचरणलाई यस निबन्धले छेडपेच गरेको छ । वैचारिक रूपमा र व्यावहारिक रूपमा भ्रष्ट बनेका मान्छेलाई स्निग्ध कपडाले बेरिएका सुँगुर भन्दै उनले तिनीहरूप्रति यसमा सुधारात्मक सन्देश प्रकट गरेका छन् । यसका अतिरिक्त सरल, निम्न वर्गीय र निस्वार्थ आचरण भएका व्यक्तिलाई असली मान्छेका रूपमा परिभाषित गर्नु पनि यस निबन्धको उद्देश्य रहेको छ । खास गरी मान्छेलाई उसको स्वरूपको आधारमा नभई चरित्र र व्यवहारका आधारमा छुट्याउनु पर्छ भन्ने सन्देश यस निबन्धमा व्यक्त भएको छ ।

## भाषाशैली

यस निबन्धमा प्रौढ र परिष्कृत भाषाको प्रयोग भएको पाइन्छ । प्रायः सरल वाक्यको प्रयोग रहेको यस निबन्धमा तिमिल्सिनाले बिच बिचमा तार्किक शैलीको प्रयोग गरेका छन् । यसमा नेपाली राजनीति र समाजको विकृति बनेका नेतालाई व्यङ्ग्य गर्ने उद्देश्य राखिएकाले व्यङ्ग्यात्मक शैलीको आवरणमा यसको रचना भएको छ । यसर्थ प्रस्तुत निबन्धमा तिमिल्सिनाले व्यङ्ग्यात्मक शैलीको प्रयोग गरेको देखिन्छ । यसरी प्रस्तुत निबन्ध व्यङ्ग्यात्मक शैलीमा संरचित विचार प्रधान निबन्धका रूपमा रहेको छ । वस्तुपरक ढाँचामा रचिएको यस निबन्धमा तर्क र तुलनाको पुट पनि पाइन्छ ।

## ४.३.५ फुटकर अन्तर्वार्ताहरूको अध्ययन

### ४.३.५.१ 'रमेश विकलसँग' अन्तर्वार्ताको अध्ययन

देविका तिमिल्सिनाले वरिष्ठ साहित्यकारहरूसँग अन्तर्वार्ता लिएर पत्र पत्रिका मार्फत पाठकसामु प्रस्तुत गरेका छन् । यस क्रममा उनले 'उत्साह' को पूर्णाङ्क ५५ मा रमेश विकलसँग लिइएको अन्तर्वार्ता प्रस्ततु गरेका छन् । यस अन्तर्वार्ता मार्फत विकलका साहित्यिक र व्यक्तिगत जीवनसँग सम्बन्धित कुराहरू आएका देखिन्छन् । ३१ वटा प्रश्नहरू सोधिएको भए पनि त्यसमा विकलका जीवन र साहित्यसँग सम्बद्ध सम्पूर्ण कुराहरू आउन सकेका छैनन् । त्यस अन्तर्वार्तामा रमेश विकलले मन पर्ने विदेशी साहित्यकारहरूमा गोर्की, चेखब, अस्त्रोब्स्की, टल्सटाय आदिको नाम उल्लेख गरेका छन् भने मन पर्ने नेपाली साहित्यकारहरूमा देवकोटा, हृदय चन्द्र सिंह प्रधान, गुरु प्रसाद मैनाली, गोपाल प्रसाद रिमाल, पारिजात, गोविन्द गोठाले आदिको नाम लिएका छन् । यी साहित्यकारहरूलाई पढ्न सके जीवन उत्तम हुने विचार विकलले अन्तर्वार्तामा व्यक्त गरेका छन् ।

### ४.३.५.२ 'आनन्द देव भट्टसँग' अन्तर्वार्ताको अध्ययन

देविका तिमिल्सिनाले 'उत्साह' पत्रिकाको पूर्णाङ्क ५६ मा आनन्द देव भट्टसँग लिइएको अन्तर्वार्ता प्रस्तुत गरेका छन् । यस अन्तर्वार्तामा तिमिल्सिनाले भट्ट समक्ष जीवन जगत् र साहित्य सम्बन्धी १९ वटा प्रश्नहरू राखेका छन् । अन्तर्वार्तामा २००६ सालदेखि लेखन क्षेत्रमा प्रवेश गरेको बताएका भट्टले लेखनको उद्देश्य राष्ट्र, जनता र प्रजातन्त्रको विकास निर्माणमा सहयोग पुग्ने गरी जनता र पाठकको चेतनाको विकास गर्नु रहेको कुरा बताएका छन् ।

पाँचौ परिच्छेद

# उपसंहार

## ५.१ सारांश

देविका तिमिल्सिनाको जन्म वि.सं. २०११ भाद्र २ गते बुधवारका दिन मध्य नेपालको बाग्मती अञ्चल अन्तर्गत काठमाडौँ जिल्लाको काठमाडौँ महानगर पालिका वडा नं. ७, मैजु बहाल चाबहिलमा भएको हो । पिता रघु नन्दन तिमिल्सिना र माता सुभद्रा तिमिल्सिनाका तेस्रो सन्तानका रूपमा यिनको जन्म भएको हो । बाल्यावस्थामा देविका रोगी थिए । रोगी भएका कारण यिनलाई सानामा परिवारका सदस्यले विद्यालय पठाएनन् । जेठा दाजु कालिका तिमिल्सिनाले यिनलाई घरमै शिक्षारम्भ गराएका थिए । बाबुको कर्मकाण्डी पेसामा आश्रित यिनको परिवार अत्यन्त अभाव र कष्टपूर्ण अवस्थामा रहन थाल्यो । यिनको बाल्यकाल चाबहिलमै साथीभाइसँग गुलेली, गुच्चा जस्ता सामान्य खेल खेल्दै बितेको देखिन्छ । आफ्नै दाजुको सान्निध्यबाट अक्षरारम्भ गरेका यिनी कक्षा १ र २ नपढी एकै चोटि २०२१ सालमा श्रम प्राथमिक विद्यालयमा कक्षा तिनमा भर्ना भएका थिए । यिनका पिताको इच्छा अनुसार यिनी २०२२ सालमा संस्कृत पाठशाला रानी पोखरीमा भर्ना भएर वेद पढ्न थाले । एक वर्ष संस्कृत पढेपछि संस्कृत पढ्न मन नलागी यिनी २०२४ सालमा पशुपति मा.वि. चाबहिलमा कक्षा ६ मा भर्ना भए भने सोही विद्यालयबाट २०३१ सालमा द्वितीय श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरेका यिनले २०३८ सालमा त्रिचन्द्र वहुमुखी क्याम्पसबाट स्नातक तह उत्तीर्ण गरेको देखिन्छ । यिनले अर्थशास्त्र मूल विषय लिएर त्रि.वि. कीर्तिपुरबाट २०४५ सालमा स्नातकोत्तर तह उत्तीर्ण गरेका हुन् ।

देविका तिमिल्सिनाले एस.एल.सी. पास गरेर आई. ए. पढ्दादेखि नै जागिर खान थालेका हुन् । यिनले २०३२ सालमा गोस्वारा हुलाकमा खरिदार पदमा रहेर जागिर खाएको देखिन्छ । स्नातकोत्तर उत्तीर्ण गरेपछि २०४५ सालमा नेपाल रेडक्रस सोसाइटीको प्रोग्राम अफिसर भएर जागिर खाएका तिमिल्सिनाले त्यसभन्दा पछि विभिन्न सङ्घसंस्थामा आबद्ध भएर काम गरेको पाइन्छ । यिनको २०३८ सालमा जोरपाटी निवासी कृष्ण प्रसाद ढुङ्गानाकी जेठी छोरी मन कुमारी ढुङ्गानासित

परम्परागत मागी विवाह भएको हो । यिनको विवाह गराउनमा वरिष्ठ साहित्यकार रमेश विकलले लमीको भूमिका निर्वाह गरेका थिए । तिमिल्सिनाका दुई सन्तान दिवस र मनीष रहेका छन् । देविकाका पिताको देहावसान २०४० सालमा भएको हो भने आमाको मृत्यु २०५७ सालमा भएको हो । यिनी आफ्ना परिवारका साथ चार जनाका सङ्ख्यामा निजी वासस्थान जोरपाटी नयाँ बस्तीमा बसोबास गर्दै आएका छन् ।

देविका तिमिल्सिनाको प्रारम्भिक कालको आर्थिक अवस्था कमजोर देखिन्छ । ठुलो परिवार चलाउन यिनका पितालाई कर्मकाण्डी पेसाले धौंधौ परेको देखिन्छ । निम्न वर्गीय परिवारका तिमिल्सिनालाई बाल्यकालमा ठुलो आर्थिक समस्या परेको देखिन्छ । माध्यमिक तहको अध्ययन पार गर्ने बित्तिकै यिनले जागिर खानु पर्ने बाध्यता रह्यो । यिनले २०३२ सालदेखि २०४५ सालसम्म गोस्वारा हुलाकमा खरिदार रहेर काम गरेको पाइन्छ । यसै गरी २०४५ सालमा नेपाल रेडक्रस सोसाइटीको प्रोग्राम अफिसर भएका देखिन्छन् । विभिन्न मानव अधिकारवादी सङ्घसंस्थामा आबद्ध भएर काम गरेका तिमिल्सिनाले "उत्साह", "हल्कारा" जस्ता पत्रिकाको पनि सम्पादन गरेका छन् । पत्रकारिता, साहित्य र मानव अधिकारको क्षेत्रमा काम गर्ने तिमिल्सिना हाल मानव अधिकार सञ्चार प्रतिष्ठानका कार्यकारी निर्देशक छन् । यिनकी पत्नी मन कुमारी अरुणोदय मा.वि., जोरपाटीमा शिक्षण गर्दछिन् । कार्य क्षेत्रमा देखिएको सङ्घर्षका कारण उनको आर्थिक अवस्था हाल आएर मध्यम स्तरको रहेको देखिन्छ ।

देविका तिमिल्सिना काठमाडौँको साहित्यिक वातावरणमा हुर्किएकाले उनी साहित्यप्रति सानै उमेरदेखि आकर्षित भएका देखिन्छन् । प्रायः पुस्तक र पत्र पत्रिकाको अध्ययन गर्न, नयाँ ठाउँ भ्रमण गर्न र समाज सेवा गर्न रुचाउने तिमिल्सिना गरिब दुःखीहरूप्रति अत्यन्त सहानुभूति राख्दछन् । खास गरी कथा र कविता लेखनमा उनको सिर्जनात्मक रुचि रहेको पाइन्छ । बाल्यकालीन अभाव र पीडा, तत्कालीन सामाजिक राजनीतिक परिवेश तथा गुरु कृष्ण प्रसाद सर्वहाराको प्रेरणाबाट सिर्जनात्मक लेखनमा लागेका तिमिल्सिना रमेश विकल, पारिजात, मञ्जुल आदिका प्रेरणा र हौसलाबाट अघि बढेका देखिन्छन् । वर्गीय असमानता तथा राजनीतिक खिचातानीबाट प्रेरणा ग्रहण गरेका तिमिल्सिना प्रगतिवादी वैचारिक मान्यतामा आधारित भएर लेख्न रुचाउँछन् । यसर्थ यिनको साहित्यिक लेखन यथार्थवादी धरातलबाट अभिप्रेरित देखिन्छ । तिमिल्सिनाले २०३० सालदेखि साहित्यक लेखन प्रारम्भ

गरेका हुन् । उनको पहिलो प्रकाशित रचना 'खियाउ हातका नङ्ग्रा' (२०३०) कविता हो । उनी मूलतः कथाकार हुन् । उनका **मृत्यु दोस्रो पुस्ताको** (२०४४) र **सीमाहीन सीमा** (२०५१) कथा सङ्ग्रह प्रकाशित छन् । यस बाहेक उनका फुटकर रूपमा कथा, कविता, निबन्ध आदि प्रकाशित छन् भने विभिन्न पत्र पत्रिका सम्पादनका साथै मानव अधिकारसँग सम्बन्धित थुप्रै कृतिहरूको सम्पादन र लेखन उनले गरेका छन् । निरन्तर रूपमा साहित्य सिर्जना गरि रहेका तिमिल्सिनाले हालसम्म साहित्य सिर्जना बापत कुनै पनि पुरस्कार पाएका छैनन् ।

देविका तिमिल्सिना न मोटा न त दुब्ला, ठिक्क जिउका छन् । गहुँगोरो वर्ण र पाँच फिट तिन इन्च उचाइ भएका तिमिल्सिना आकर्षित व्यक्तित्वका रूपमा देखिन्छन् । यिनी हँसिलो र गम्भीर चेहरा भएका देखिन्छन् । तिमिल्सिना आन्तरिक रूपमा संवेदनशील रहेका छन् । सबैसँग सहानुभूतिपूर्वक व्यवहार गर्ने यिनी कसैलाई दबाउन र कसैबाट अपहेलित हुन चाहँदैनन् । कसैको हृदयमा चोट नपुऱ्याई मिजासिलो व्यवहार गर्नु यिनको सरल बानी देखिन्छ ।

देविका तिमिल्सिनाको साहित्यिक व्यक्तित्व बहुमुखी देखिन्छ । यिनले नेपाली साहित्यका कथा, कविता, निबन्ध आदि विधामा कलम चलाएका छन् । राजनैतिक, सामाजिक, आर्थिक विषयलाई टिपेर सिर्जना गर्ने तिमिल्सिनाका रचनामा राजनैतिक, सामाजिक, आर्थिक आदि क्षेत्रका विकृतिको चिरफार गरिएको छ ।

त्रिचन्द्र कलेजमा बी.ए. पढ्दा २०३५/३६ सालतिर नेकपा चौमको विद्यार्थी सङ्गठनसँग आबद्ध तिमिल्सिना हाल नेकपा (एमाले), पेसागत उपत्यका बुद्धिजीवी कमिटी अन्तर्गत गैर सरकारी शाखा कार्य समिति सदस्य रहेका छन् । यिनले एमालेको सङ्गठित सदस्यता २०५३ सालमा लिएका हुन् । टुटफुटको राजनीतिबाट वाक्क भएका तिमिल्सिना नेकपा एमाले समर्थक प्रखर वामपन्थी व्यक्तित्वका रूपमा रहेका छन् ।

## ५.२ निष्कर्ष

देविका तिमिल्सिना साहित्य सिर्जनामा तिसको दशकदेखि उदाएका भए तापनि चालिसको दशकदेखि सशक्त भएर देखा परेका हुन् । उनका **मृत्यु दोस्रो पुस्ताको** (२०४४) र **सीमाहीन सीमा** (२०५१) गरी दुई वटा कथा सङ्ग्रह प्रकाशित छन् भने विभिन्न पत्र पत्रिकाहरूमा फुटकर रूपमा कथा, कविता, निवन्ध आदि पनि प्रकाशित छन् । साहित्यकारहरू कृष्ण प्रसाद सर्वहारा, रमेश विकल, पारिजात, मञ्जुल आदिबाट प्रभाव र प्रेरणा लिँदै साहित्य सिर्जना गरेका तिमिल्सिनाको साहित्य लेखनमा प्रगतिवादी चेत पाइन्छ । विशेषतः तिमिल्सिनाले नेपाली समाजको यथार्थ स्थितिलाई आफ्ना रचनामा उतारेका छन् । आफूले भोगेको र अनुभव गरेको सामाजिक पक्ष नै उनका रचनामा पाइन्छ । नेपाली समाजको गतिहीन अवस्थालाई उनले आफ्ना सिर्जनामा व्यक्त गरेका छन् । समाजमा पछि परेका र पारिएका पात्रप्रति उनी सहानुभूति प्रकट गर्दछन् । तिमिल्सिनाले समाजको असङ्गतिमाथि कडा प्रहार गर्दै स्वस्थ समाज निर्माण गर्न आफ्नो रचनात्मक सन्देश सम्प्रेषित गरेका छन् । उनले आफ्ना रचनामा राजनीतिक, आर्थिक र सामाजिक विकृतिलाई उदाङ्गो पारेका छन् । पञ्चायती निरङ्कुश शासनले जनतामा थपेको त्रासलाई प्रत्यक्ष भोगेका तिमिल्सिनाले आफ्ना रचनामा यसलाई प्रकट गरेका छन् ।

देविका तिमिल्सिनाले आफ्ना रचनामा प्रगतिवादी चिन्तनको प्रयोग गरेका छन् । उनले राज्य र समाजको उच्च संयन्त्रमा संस्कृतिका रूपमा रहेको भ्रष्टाचार दुर्वृत्तिले निम्त्याएको समस्यालाई उल्लेख गरेका छन् । आफ्ना कतिपय रचनामा उनले निम्न वर्गीय विद्रोहलाई पनि प्रकट गरेका छन् । तिमिल्सिनाले आफ्ना रचनामा सरल र स्वाभाविक भाषाशैलीको प्रयोग गरेका छन् । उनका रचनामा प्रयुक्त भाषाशैली स्पष्ट र बोधगम्य रहेको छ । तत्सम, तद्भव र आगन्तुक तिन वटै स्रोतका शब्दको प्रयोग उनका सिर्जनामा पाइन्छ । समग्रमा भन्नु पर्दा देविका तिमिल्सिना नेपाली साहित्यको विकासमा हालसम्म पनि साधनारत प्रतिभा हुन् । उनले कथा, कविता, निबन्ध जस्ता विविध विधाहरू नेपाली साहित्यलाई दिएर नेपाली साहित्यको भण्डार भर्ने काम गरेका छन् । आधुनिक नेपाली साहित्यको श्रीवृद्धिमा लागि रहेका तिमिल्सिनाको साधना निरन्तर रूपमा अघि बढि रहेको छ ।

### ५.३ भावी अध्ययनका लागि शीर्षक

देविका तिमिल्सिनाका बारेमा भविष्यमा विभिन्न आधारमा अध्ययन गर्न सकिने देखिन्छ । खास गरी निम्न लिखित शीर्षकहरू सम्भावित देखिन्छन् :-

क) देविका तिमिल्सिनाको कथाकारिता

ख) देविका तिमिल्सिनाका कथामा वर्गीय चेतना

ग) उनका विभिन्न कथा सङ्ग्रहहरूको कृतिपरक अध्ययन

## परिशिष्ट क

## शोध नायकसँग लिइएको मौखिक अन्तर्वार्ताको प्रश्नावली

१) तपाईंको जन्म कहिले र कहाँ भएको थियो ?

२) तपाईंको न्वारानको नाम के हो ?

३) तपाईंका बाबुआमाको नाम के हो ?

४) तपाईं कुन छोरा हो ?

५) पारिवारिक पृष्ठभूमि कस्तो थियो ?

६) दाजुभाइ र दिदीबहिनी कति जना छन् ?

७) बाल्य स्वभाव कस्तो थियो र कहाँ बित्यो ?

८) शिक्षाको प्रारम्भ कहाँ र कसरी भयो ?

९) औपचारिक शिक्षाको प्रारम्भ कहिले र कहाँबाट भयो ?

१०) एस. एल.सी. कति सालमा कुन विद्यालयबाट पास गर्नु भयो ?

११) औपचारिक रूपमा कुन तहसम्मको शिक्षा आर्जन गर्नु भएको छ ?

१२) आई. ए. कति सालमा र कुन क्याम्पसबाट पास गर्नु भयो ?

१३) बि. ए. कति सालमा र कुन क्याम्पसबाट पास गर्नु भयो ?

१४) अध्ययनकालीन कठिनाइ र सुविधाहरू केही छन् ?

१५) विवाह कति सालमा , कति वर्षको उमेरमा र कोसँग गर्नु भयो ?

१६) वैवाहिक बन्धनपछिको जीवन कस्तो रह्यो ?

१७) तपाईंका छोराछोरी कति जना छन् ?

१८) तपाईंका छोराछोरी कहाँ कहाँ के के गर्दैछन् ?

१९)	के कस्ता पारिवारिक वियोग र व्यावहारिक समस्याहरू आइ परे ?

२०)	पारिवारिक कार्यका लागि कति लगनशील हुनु हुन्छ ?

२१)	हालको पारिवारिक स्थिति कस्तो छ ?

२२)	जीवनमा आफूलाई कति व्यस्त सम्भिmनु हुन्छ ?

२३)	जोरपाटीमा कति सालदेखि बसोबास गर्दै आउनु भएको हो ?

२४)	यहाँका लागि सामाजिक वातावरण कस्तो रह्यो ?

२५)	तपाईंले प्रशासनिक जागिर पनि खानु भयो ?

२६)	साहित्य लेखनमा कसरी प्रवेश गर्नु भयो ?

२७)	साहित्य लेखनमा को कोबाट प्रेरणा प्राप्त गर्नु भयो ?

२८)	तपाईं साहित्य लेखनको कुन विधामा विशेष रुचि राख्नु हुन्छ ?

२८)	हालसम्म कुन कुन विधामा कलम चलाउनु भएको छ ?

२९)	आफूलाई कुन विधामा सन्तुष्टि भए जस्तो लाग्छ ?

३०)	कुन विधाबाट साहित्य लेखनको प्रारम्भ गर्नु भयो ?

३१)	सर्व प्रथम प्रकाशित रचना कुन विधाको थियो र त्यो कति सालमा प्रकाशित भयो ?

३२)	तपाईंको प्रथम प्रकाशित पुस्तकाकार कृति कुन हो र त्यो कुन विधाको थियो ?

३३)	हालसम्म प्रकाशित भएका पुस्तकाकार कृतिहरू के के हुन् ?

३४)	तपाईंका प्रकाशित कृतिहरू कुन कुन विधामा आधारित छन् ?

३५)	पत्र पत्रिकामा प्रकाशित लेख रचनाहरू छन् ?

३६)	तपाईंको आर्थिक अवस्था के कस्तो रह्यो ?

३७)	तपाईंको जीवन दर्शन के कस्तो छ ?

३८) हालसम्म प्राप्त गर्नु भएको पुरस्कार तथा सम्मान ?

३९) पुरस्कार पाउँदा कस्तो अनुभव भयो ?

४०) आफूलाई कुन कुन व्यक्तित्वका रूपमा चिनाउन चाहनु हुन्छ ?

४१) तपाईंले कुन कुन देशको भ्रमण गर्नु भएको छ ?

४२) तपाईंलाई कुन कुन भाषाको ज्ञान छ ?

उक्त प्रश्नहरूको उत्तर प्रस्तुत शोधपत्रको मध्य भाग अन्तर्गत सन्दर्भ अनुसार यथा स्थानमा समावेश गरिएको छ ।

**परिशिष्ट ख**

# शोध नायक

# देविका तिमिल्सिना

# सन्दर्भ ग्रन्थ सूची


चापागाईं, निनु र खगेन्द्र सङ्ग्रौला, (सम्पा.), **पारिजात स्मृति ग्रन्थ**, पारिजात स्मृति प्रतिष्ठानः काठमाडौं, २०५१ ।

तिमिल्सिना, देविका, **मृत्यु दोस्रो पुस्ताको** , काठमाडौंः सृष्टि प्रकाशन, २०४४ ।

_______________ , **सीमाहीन सीमा,** काठमाडौंः सृष्टि प्रकाशन, २०५१ ।

न्यौपाने, टंक, **साहित्यको रूपरेखा,** ललितपुरः साझा प्रकाशन, २०३८ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ते.सं., ललितपुरः साझा प्रकाशन , २०६६ ।

शर्मा, मोहन राज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौंः ने.रा.प्र.प्र., २०५५ ।

शर्मा, हरि प्रसाद, **कथाको सिद्धान्त र विवेचन**, काठमाडौंः ने.रा.प्र.प्र., २०५९ ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग -४**, ते.सं., ललितपुरः साझा प्रकाशन, २०६६ ।


## पत्र पत्रिका सूची


तिमिल्सिना, देविका, “मान्छे अर्थात् जनता”, **वन्दना**, वर्ष ११, अङ्क ३, २०४९, पृ. ४९ ।

_______________ , “अझै रात असुरक्षित छ”, **सगरदीप**, वर्ष ६, अङ्क ३, २०५०, पृ. २-३ ।

तिमिल्सिना, देविका,, “दोहन जारी छ”, **नौलो कोसेली**, २०५१, पृ. ६ ।

_______________ , “कसको कविता सुनाऊँ”, **वेदना**, वर्ष २१, अङ्क २, २०५१, पृ. ७ ।

_______________ , “आगो”, **विपुल**, पूर्णाङ्क ५, २०५२, पृ. ६१-६६ ।

_______________ , “बुद्धि”, **जनघोषणा**, वर्ष १, अङ्क १, २०५२, पृ. ३२-३३ ।

________________ , “काम र कर्तुतहरू”, **जनएकता**, २०५४ कार्तिक, पृ.४ ।

________________ , “कुन दर्जाको मान्छे हो”, **उत्साह**, वर्ष २०, २०५४, पृ. ३४-३५ ।

________________ , “सम्बन्ध”, **परिमार्जन**, वर्ष ६, अङ्क १०, २०५६, पृ. ३९-४१ ।

________________ , “रमेश विकलसँग”, **उत्साह**, वर्ष २२, पूर्णाङ्क ५५, २०५६, पृ. ३९ ।

________________ , “आनन्द देव भट्टसँग”, **उत्साह**, वर्ष २२, पूर्णाङ्क ५६, २०५६, पृ.४२ ।

________________ , “उमा”, **मुक्ति मोर्चा**, वर्ष २७, अङ्क १६, २०५७, पृ. ५०-५२ ।

________________ , “मूल्यहीन अस्मिता”, **शब्द संयोजन**, वर्ष १, अङ्क ७, २०६१, पृ. १७-२० ।

________________ , “बुढो हुने रहर नपुग्दै”, **शब्द संयोजन**, वर्ष ५, अङ्क १०, पूर्णाङ्क ५७, २०६५, पृ.६७-६८ ।

विशाल, “सीमाहीन सीमाको सीमा” **कलम,** वर्ष ३, अङ्क १, पूर्णाङ्क ७, २०५१, पृ. ३५ ।